

# सेवागर्नलाई जागृति



रुही संस्थान





पुस्तक २

# सेवागर्नलाई जागृति

रुही संस्थान

पुस्तकका श्रृङ्खलाहरू

रुही संस्थानद्वारा विकसित यस श्रृङ्खलाका वर्तमान पुस्तकहरूको सूची तल दिइएको छ। यी पुस्तकहरूको उद्देश्य युवाहरू र प्रौढहरूद्वारा आफ्नो समुदायहरूमा सेवा गर्ने क्षमता वृद्धिगर्नको लागि क्रमबद्ध प्रयासहरूमा पाठचक्रमको मुख्य श्रेणीमा उपयोग गर्नुपर्दछ। रुही संस्थान यस श्रृङ्खलाको तेस्रो पुस्तक जो बहाई बच्चाहरूको कक्षाको शिक्षकलाई प्रशिक्षण गर्नसँग सम्बन्धित छ र यसका शाखाहरूको रूपमा अन्य पाठचक्रमहरूको पनि विकास भइरहेको छ र यस सूचीमा पनि राखिएको छ। यो तथ्यलाई ध्यानमा राख्नु पर्दछ कि कार्य क्षेत्रमा भएको विकासका अनुभवहरूको आधारमा परिवर्तन गर्न पनि सकिन्छ। यसमा थप पुस्तकहरूलाई सम्मिलित गरिने छ जब पाठचक्रम सम्बन्धी तत्वहरू विकसित भएर यस्तो स्तरसम्म पुग्ने छ जब उनीहरूलाई वृहत स्तरमा उपलब्ध गराउन सकियोस्।

पुस्तक १ आत्माको जीवनबारेमा चिन्तन

पुस्तक २ सेवा गर्नलाई जागृति

पुस्तक ३ बाल-बालिकाहरूलाई पढाउने कक्षाहरू, कक्षा १ बाल-बालिकाहरूलाई पढाउने कक्षाहरू, कक्षा २ (शाखा पाठचक्रम) बाल-बालिकाहरूलाई पढाउने कक्षाहरू, कक्षा ३ (शाखा पाठचक्रम) बाल-बालिकाहरूलाई पढाउने कक्षाहरू, कक्षा ४(शाखा पाठचक्रम)

पुस्तक ४ युगल अवतारहरू पुस्तक ५ किशोर-किशोरीहरूको शक्तिको प्रस्फुटत प्रारम्भिक संवेग पुस्तक ५ को शाखा पाठचक्रम व्यापक दायरा पुस्तक ५ को शाखा पाठचक्रम

पुस्तक ६ धर्मको शिक्षण

पुस्तक ७ सेवाको मार्गमा सँगसँगै हिंड्ने

पुस्तक ८ बहाउल्लाहको संविदा

पुस्तक ९ एक ऐतिहासिक परिदृष्य प्राप्त गर्नु पुस्तक

१०जीवन्त समुदायको निर्माण पुस्तक

११ भौतिक साधन

पुस्तक १२(तयार हुँदै)

पुस्तक १३ सामाजिक कार्यमा शामिल हुनु

पुस्तक १४ (तयार हुँदै)

Copyright © 1987, 1994, 1999, 2007, 2020 by the Ruhi Foundation, Colombia All rights reserved. Edition 1.1.1.PE published September 1995 Edition 2.1.1.PE September 2020 ISBN 978-958- 59880-9-5 Ruhi Institute Cali, Colombia Email: instituto@ruhi.org Website: www.ruhi.org lj

विषय सूचि

टच्युटरको लागि केही विचारहरू

शिक्षणबाट आनन्द

आध्यात्मिक रूपले उत्थानदायी वार्तालापहरू

गहन अध्ययनका विषयहरू

## टच्युटरको लागि केही विचारहरू

रुही संस्थानद्वारा प्रश्तुत गरिएका पाठचक्रमहरूमध्ये मुख्य श्रृङ्खलामा यो दोस्रो पुस्कत हो, ती सामर्थ्यहरूसँग सम्बन्धित छ जसले हामीलाई सार्थक र उल्लासित वार्तालापहरूमा योगदान दिनको लागि सक्षम बनाउँदछ। सेवाको विशिष्ट कार्यको लागि यो पुस्तक केन्द्रित छ, जसलाई तेस्रो इकाईमा केन्द्रित गरिएको छ। एक यस्तो संसार जसमा शक्तिशाली ताकतहरू साम्प्रदायिक बन्धनहरूलाई तोडिरहेको छ, समाजको जीवनको लागि केन्द्रिय विषयहरूको अन्वेषण गर्नलाई मित्रहरू एवं छिमेकीहरूमा यहाँ गृह भ्रमण, अझ संस्कृतिको एक प्रमुख विशेषता बनेरजान्छ, तब अलगाबको कारण बढिरहेका केही बिमारीहरूलाई टाढा टाढा लैजान सकिन्छ। इकाईले सुझाउँदछ कि यसरी बनाइएको मित्रताको सम्बन्धले, जीवन्त र सामञ्जस्यतापूर्ण समुदायहरूको निर्माणको प्रकृयालाई मजबुत बनाइदिन्छ।

एक छिमेकी वा गाउँमा गृह भ्रमणमो एक सतत कार्यक्रमको लागि अलिधेरै व्यवस्थित हुनुपर्ने आवश्यकता छ, र जसमा अपेक्षित प्रशासनिक संस्थान र एजेन्सिहरूद्वारा समर्थित र समर्पित मित्रहरूको नाभिक शामिल हुन्छ। पुस्तक मार्फत समूहलाई मार्गदर्शन गर्दा, टच्युटरले दिमागमा राख्नु पर्दछ कि सहभागीहरू यस्तो निरन्तर प्रयासमा समेल हुन तयार छन्। अध्ययनको एक भागको रूपमा उनिहरूको लागि आयोजित भइरहेका गृहभ्रमणहरूलाई सेवाको जीवनमा एक महत्वपूर्ण पहलको रूपमा यस प्रयासमा वर्षेनी भागलिनलाई उनीहरूको प्रतिवद्धतालाई नेतृत्व गर्नुपर्छ।

आध्यात्मिक र सामाजिक महत्वका विषयहरूमा अन्वेषणको स्पष्ट उद्देश्यको लागि गृहभ्रमण गर्ने अभ्यासले निश्चय नै एक समुदायको संस्कृतिलाई समृद्ध गराउँछ। यस विषयमा अनौपचारिक चर्चाहरू जो घर र कार्यास्थलमा, स्कुल र बजारमा हुन्छन्, ती त्यत्तिकै नै महत्वपूर्ण हुन्छन्। समय समयमा प्रतिदिन गरिने वार्तालापहरूमा आध्यात्मिक सिद्धान्तहरूलाई परिचय गराउनु, एक यस्तो योग्यता

हो जलाई ध्यानदिनु योग्य हुन्छ । यसको विकास दोस्रो इकाईको केन्द्रविन्दुमा, यस तरहले, यसरी तेस्रो इकाईमा गरिने अध्ययनको लागि एउटा आधार तयार गरिदिन्छ ।

यदि मित्रहरू र छिमेकीहरूसँग हाम्रो वार्तालाप उल्लासित हुनुपर्दछ, तब हामीले उनीहरूसित आफ्ना कुराकानीहरू आनन्ददायक बनाउनमा सक्षम हुनुपर्दछ । यो पहिलो इकाई, 'शिक्षणमा आनन्द' मा सम्बोधन गरिएको वस्तु हो । रुही संस्थानद्वारा सिफारिस सेवाका सबै कार्य, वास्तवमा, दिव्य ज्ञानका मोती हुन् जसलाई हामीले बहाउल्लाहको प्रकटीकरणको महासागरमा खोज्दछौं, जसले अरूहरूसँग साझा गर्दछन् । पहिलो इकाईको अध्ययनको उद्देश्य यस कार्यमा निहित आनन्दप्रति जागरुकता बढाउनु हो । सहभागीहरूले ईश्वरका शब्दहरूको बारेमा अझ यसलाई अरूहरूसँग साझा गर्दा यत्ति धेरै आशीर्वाद प्राप्त हुन्छ कि यसको बारेमा सोंच्नलाई धेरै खण्डहरूको दौरानमा भन्न सकिन्छ । यस इकाईले बताउन चाहन्छ कि यस कार्यबाट आनन्दको उदय हुन्छ र जब जब हामीहरू सेवाको मार्गमा हिंड्दछौं यसले हाम्रा पाइलाहरूलाई छिटो छिटो गरिदिन्छ । फेरि पनि, यो गहन आध्यात्मिक सत्यको बारेमा पूर्णतया आश्वस्त हुँदाहुँदै पनि, यदि हामी ती गुणहरू र अभिवृत्तिहरूको बारेमा विचार गर्नुमा असफल हुन्छौं भने जो सेवाले नै निश्चित रूपमा विशिष्ट बनाउँछ, तब हामीले शिक्षणबाट आनन्दलाई गुमाउन सक्छौं । यो श्रृङ्खलामा पछि आउने धेरै पुस्तकहरू चर्चाको विषय बन्ने छन् र खण्ड ७ अनाशक्ति सँगसँगै प्रारम्भ गरेर यहाँ केहिको मात्र जाँच गरिन्छ । बहाई लेखनीहरूबाट केही उद्धरणहरूले यी गुणहरूमाथि चिन्तन गर्नलाई आधार बनाउँदछ र बाह्य कारकहरूको सेवाको खुशीलाई कमगर्न दिनुहुँदैन भने तब ती गुणहरू अपरिहार्य हुन्छन् । यो महत्वपूर्ण हुन्छ कि सहभागीहरू त्यसको अध्ययनबाट यो गलत धारणा बन्नु हुँदैन कि अनाशक्तिको मतलव उदासिनता वा ध्यान नदिनु भने होइन । हामीले राम्रोभन्दा राम्रो परिणाम प्राप्त गर्ने प्रयासको समयमा लगातार आफ्नो परिश्रमलाई सघन बनाउन र आफ्नो सेवाको प्रभावकारितालाई बढाउने प्रयास गर्नुपर्दछ । यसको लागि प्रयासको चरित्रलाई पर्याप्त मात्रमा सम्झनुपर्ने आवश्यकता पर्दछ, एक विषय जसलाई खण्ड ८ मा विचार गरिएको छ । शायद अझ धेरै कृतज्ञता, सेवाको मार्गको लागि आधारभूत दुई अभिवृत्तिहरू छन् जसमा अर्को र अन्तिम खण्डमा संक्षेपमा चर्चा गरिएको छ ।

पुस्तकको दोस्रो इकाईमा 'उल्लासित वार्तालापको' अवसर प्राप्त हुनेमा आध्यात्मिक सिद्धान्तहरूलाई संकेतगर्दै अनौपचारिक कुराकानीको स्तरलाई उच्चागर्ने क्षमतामा केन्द्रित छ। यसमा विभिन्न विषयहरूमा स-साना कथनहरू शामिल छन्, जो सटिक उद्धरणहरू नभएता पनि अब्दुल-बहाका वक्तव्यहरूमा आधारित छन् र त्यसमा उहाँद्वारा उपयोग गर्नुभएका धरै शब्दहरू र वाक्यांशहरू शामिल छन्। सार्वभौमिक अपिलगर्दै, यो कथन सबै पृष्ठभूमिका मानिसहरूका आकांक्षाहरू र विचारहरूको बारेमा कुरागर्दछ। यो आशा गरिन्छ कि अब्दुल-बहाका कथनहरूलाई अध्ययन गर्नाले सहभागीहरू बहाउल्लाहको प्रकटीकरणको महासागरमा भएका मोतीहरूलाई खोजीगर्न, उहाँका पिताका शिक्षाहरूको अर्थ र निहितार्थलाई बुझ्ने, र उनीहरूले अरूहरूसँग उदारतापूर्वक साझागर्ने प्रयासको समयमा अब्दुल-बहाका आध्यात्मिक सिद्धान्तहरूलाई व्याख्यागर्ने तरिकाबाट प्रेरणा प्राप्त गर्नेछन् र उहाँलाई हेर्ने आदतको विकास गर्नेछन्।

यस इकाईको उद्देश्य प्राप्त गर्नलाई, सहभागीहरूले प्रत्येक कथनमा धेरै पटक जानुपर्दछ, विचारको अनुक्रमलाई पहिचान गर्ने अवसर दिनुपर्दछ, र यसलाई भन्दै यत्ति अभ्यास गर्नुपर्छ कि विचारहरूलाई आत्मसाथ गरुन् कि उनीहरूले यसलाई स्वभाविक रूपबाट व्यक्तगर्न सकून्। केही व्यक्तिहरूले त कथनहरूलाई कण्ठस्थ पनि गर्दछन् जस्तो इकाईमा दिइएको छ, लगभग त्यसरी नै दोहोराउनु पर्दछ। यस्तो अपेक्षा पनि गरिएको छ। जब धर्ममा उनीहरूका् ज्ञान गहिरिएर जान्छ र अनुभव बढ्दछ, उनीहरूको पहुँच अधिक व्यापक सामग्रीहरूमा र समृद्ध शब्दावलीसम्म हुनेछ, जसले अरूसँग उनीहरूको अन्तर्कृयामा परिलक्षित हुनेछ। टयुटरले यो पहिचान गर्नुपर्छ कि, यो स्तरमा, जो खोजी भइरहेको छ त्यो दोहोरो हो: शिक्षालाई स्पष्ट गर्नुमा सहजताको मापन र अब्दुल-बहाको विचारसँग सम्बन्ध।

समूहका सदस्यहरूसँग प्रत्येक कथनको सामग्रीलाई प्रस्तुत गर्ने बारेमा जानिसकेपछि, उनीहरू एक अर्को गतिबिधिमा जान्छन् जसमा उनीहरूले अध्ययन गरेका विचारहरूलाई आफ्नो परिवारमा, मित्रहरू र सहकर्मिहरूसँग उनीहरूका चिन्ताका विषयहरूसँग सहसंबन्धित गर्नलाई प्रोत्साहित गरिन्छ। यो प्राप्त गर्नलाई, उनीहरूले कुराकानीमा उठाएका केही विषयहरू र प्रश्नहरूबारेमा सोंच्न र यो तय

गर्नलाई भन्न सकिन्छ कि कुन विषय हो जो चर्चामा उनका विचारहरूसँग परिचय गराउनको लागि सम्भावना प्रदान गर्दछ । केही कथनहरूको लागि एक वा दुई उदाहरणहरूमा वर्णन गरिएको छ कि कसरी अब्दुल-बहाद्वारा व्यक्त गरिएका आध्यात्मिक सिद्धान्तलाई हर स्थानमा मानिसहरूको लागि चिन्ताका विषयहरूमा प्रकाश पारिएका छन् । यस प्रयासबाट राम्रो फल मिल्दछ, यदि, जबकि पुस्तक अध्ययनको दौरानमा नै टचुटरले प्रत्येक सदस्यलाई एक कथन र केही व्यक्तिहरूलाई चुन्नको लागि मद्दत पाउन सकेमा जसकोसाथ कथनमा भएका विचारबारे चर्चागर्न सकियोस् । यसरी, सहभागीहरूसँग एकसाथ मिल्ने, जुन कुराकानीमा उनीहरू संलग्नछन्, उनको गतिशीलतालाई एकअर्कोसँग वर्णन गर्नको लागि एक समयलाई छुट्टै राख्न सकिन्छ ।

यस इकाईको प्रत्येक कथनको लागि, बहाउल्लाहका लेखनीहरूबाट केही अंशहरू कण्ठस्थ गर्नलाई शामिल गरिएको छ । रुही संस्थानमा कण्ठस्थता गर्नको लागि जोड दिइएको छ, जो पहिलेदेखि नै श्रृङ्खलाको पहिलो पुस्तकमा स्पष्ट छ, पुस्तक २ मा अझ स्पष्ट गरिएको छ । यो मानिन्छ कि अहिलेसम्म, सहभागी पवित्र लेखनीहरूका अंशहरूलाई बारंबार मनमा राख्ने प्राप्त आध्यात्मिक पोषण प्रति सजग भएका छन् । यस पुस्तकमा तब, उनीहरूले मानव हृदयमा ईश्वरको शब्दको प्रभावहरूबारे अगाडि चिंतन गर्नेछन्, र तेस्रो इकाईमा, दोस्रो इकाईमा जस्तै, उनीहरूले आफ्ना वार्तालापहरूमा पवित्र लेखनीहरूमा प्राप्त भएका सिद्धान्त र विचारहरूलाई प्रस्तुतगर्न सिक्नेछन्, र जब, उचित हुन्छ, उद्धरणहरूलाई सिधै पनि । शिक्षणहरूलाई सही तरिकाले सम्झाउनलाई, उनीहरूले आफ्नो शुद्ध रूपमा अरूहरूलाई दिन, हाम्रा ती सामर्थ्यहरूमध्ये हुन् र जसलाई हामीले सेवाको मार्गमा हिंड्दै विकसित गर्न चाहन्छौं । शुरु गर्नको लागि सही स्थान छ, अब्दुल-बहाका व्याख्याहरूलाई अध्ययन गर्नु र उहाँद्वारा अपनाइएका तरिकाबाट व्यक्त गर्न कोशिश गर्नु, यहीं दोस्रो इकाईको संरचनाको आधार हो ।

जस्तो कि माथि संकेत गरेअनुसार, तस्रो इकाई जसको शीर्षक 'सुदृढीकरण विषयवस्तु', यस पुस्तकमा सम्बोधित सेवा कार्यमा बदलिन्छ-सामुदायिक जीवनको लागि महत्वपूर्ण चर्चाहरूमा संलग्न हुनुको स्पष्ट उद्देश्यबाट मित्र र छिमेकीहरूले यहाँ भ्रमण गर्नु । इकाईमा तीन प्रकारका कुराकानीको कल्पना गरिएको छ र

प्रत्येकलाई, विशिष्ट सामग्रीको सुझाव दिइएको छ। पहिलो प्रकार व्यवस्थित भ्रमण कार्यक्रममा एक गाउँ वा छिमेकीका निवासिहरूको साथ परीक्षणको लागि विषय-वस्तुहरूको एक श्रृङ्खलाको चारैतिर घुम्दछ। यद्यपि, उल्लेखित सामग्रीलाई मनपराउने मानिसहरूसँग विभिन्न प्रकारले साझा गर्न सकिन्छ, तर विषयवस्तुको मुख्य उद्देश्य-घरका सदस्यहरूलाई आफ्नो धर्मको ज्ञानलाई प्रगाढगर्ने अवसर प्रदान गर्नु-सबभन्दा अधिक प्रासङ्गिक भएरजान्छ। इकाईको धेरैजसो हिस्सा यस प्रकारका वार्तालापहरूलाई दिइएको छ।

तथापि, गृहभ्रमण गर्ने चलन हालका वर्षहरूमा नयाँ आयामहरूमा लगिएको छ, विशेष गरेर साना साना भौगोलिक इकाईहरूमा, जो गाउँ र शहरी छिमेकी स्तरसम्म रहेको छ, ती व्यक्तिहरूको संख्यामा बृद्धि देखिएको छ जो टच्युटरहरू, किशोर समूहहरूका अनुप्रेरकहरू र बाल कक्षाहरूका शिक्षकहरूको रूपमा कार्यगर्न सक्दछन्। विशेष रूपले, यो तरिका नकेवल धर्मको ज्ञानको प्रचार गर्ने उद्देश्यको लागि आवश्यक सिद्ध भएको छ, किशोरहरूको आध्यात्मिक सशक्तिकरण र बच्चाहरूको आध्यात्मिक शिक्षाका कार्यक्रमहरूको सफल अनावृत्त हुनको लागि पनि आवश्यक छ। यसमा स्पष्ट भएको छ कि दुवै कार्यक्रमहरूमा किशोरहरू र बच्चाहरूका माता-पितालाई अनुप्रेरक र शिक्षकहरूद्वारा नियमित रूपमा भ्रमणगर्ने आवश्यकता हुन्छ ताकि ती अवधारणाहरू र दृष्टिकोणहरूमा छलफल हुन सकोस् जसले उनीहरूलाई आकार दिन्छ। यस तरिकाको चर्चाले अर्कै प्रकारको कुराकानीलाई निर्माण गर्दछ, जसलाई खण्ड १४ र १५ मा जाँच गरिएको छ। यी खण्डहरूमा शामिल सामग्री व्यापक छैनन्, सहभागीले भविष्यमा पाठ्यक्रमहरूमा दुवै शैक्षिक कार्यक्रमहरूबाट धेरै परिचित भएर जानेछन्। तर उनीहरूको लागि यस प्रकारको वार्तालापको महत्वको बारेमा जान्न र माता-पिताकोमा भ्रमण गर्दा किशोर समूहहरूका अनुप्रेरकहरू र बच्चाहरूका शिक्षकहरू सँगसँगै हिंड्नु यस प्रारम्भिक चरणमा अत्यधिक उपयोगी साबित हुनसक्दछ।

यस इकाईमा परिकल्पना गरिएको एक तेस्रो प्रकारको वार्तालापले एउटा धेरै नै विशेष उद्देश्यलाई पूरा गर्दछ। किनभने, धेरै युवक र युवतिहरूले यस्तो मार्ग खोजिरहेका छन् जसको माध्यमबाट संसारको उन्नतिमा योगदान गर्नलाई उनीहरूले आफ्नो प्रवल इच्छालाई अभिव्यक्ति गर्नसकून्। उनीहरूले समाज

परिवर्तनको लागि क्षमताको एक प्रचुर भण्डारको प्रतिनिधित्व गर्दछन् जसलाई उपयोग गरिने प्रतिक्षा गरिरहेका छन्, तर, लालायित पनि छन् । साथीहरू बीच एक वार्तालाप जसमा त्यो युवावस्थाको ऊर्जा र असाधारण क्षमताकोसाथ प्राप्त विशिष्ट अद्वितीय अवसरहरू र जिम्मेवारिबारे चिन्तन गर्दछन्, जसले सेवाको वरिपरि चर्चाको प्रारम्भ गर्न र संसारभरि छिमेकी र गाउँहरूमा हुनेवाला कार्यहरूमा रुचि जगाउन सक्दछ । यसको फलस्वरूप, धेरै, बच्चाका शिक्षक र किशोर समूहका अनुप्रेरकहरूको रूपमा बढ्दै गइरहेका पीढिहरूको आध्यात्मिक शिक्षा प्रदान गर्ने क्षमता प्राप्तगर्ने साधानको रूपमा संस्थान पाठचक्रमहरूमा शामिल हुनलाई आमन्त्रणको लागि स्वागत गरिन्छ । खण्ड ९ र १० मा केही यस्ता विचारहरू दिइएका छन् जसमा यस प्रकारका वार्तालापलाई खोजीगर्न सकिन्छ ।

यी सामर्थ्यहरूलाई मजबूत गर्नको लागि जो व्यक्तिहरू सार्थक वार्तालाप शुरुगर्न र यसलाई दिगो राख्नमा सक्षम हुन्छन्, इकाईलाई निश्चित रूपबाट, व्यापक विषयवस्तु र सम्बन्धित सामग्रीलाई सुझाव दिनुभन्दा पर जानुपर्छ । स्पष्टतासँग विचारहरूलाई स्पष्ट गर्ने योग्यताको अलवा, सहभागीहरूलाई अपेक्षित अभिवृत्तिहरू र आध्यात्मिक गुणहरूलाई विकसित गर्ने आवश्यकता पर्दछ । यी ती धेरैजसो वृत्तान्तको आधारमा हुन्छन् जो यस इकाईमा अनावृत्त हुन्छन्, विचार भइरहेका सामर्थ्यताहरूको लागि यसको महत्व खण्ड ४ मा स्पष्ट गरिएको छ, जहाँ सहभागीहरूले सोंच्दछन् कि एउटा भ्रमणको तयारीको लागि के कस्ता भावनाहरू र विचारहरू हाम्रो मन र मस्तिष्कमा हुनुपर्दछ । खण्ड ५ मा, उनीहरूले विनम्रताको गुणबारे चिन्तन गर्दछन् । टचुटरले यो सुनिस्चित गर्नुपर्छ कि यी खण्डहरूमा सहभागीहरूको पर्याप्त ध्यान जाओस्, चाहे हामीले जत्तिसुकै पनि ज्ञान प्राप्तगरौं, चाहे हामीले विचारहरूलाई कत्तिनै स्पष्ट गरौं, हाम्रा वार्तालापहरूको प्रभावशालीता ती गुणहरू र दृष्टिकोणहरूमा निर्भर गर्दछन् जसलाई हामीले त्यसमा जोड्दछौं ।

यो कुरामा ध्यान दिनुपर्दछ कि पुस्तकहरूको यो श्रृङ्खलामा वर्णन गरिएको सेवा कार्य, यद्यपि एक समुदायको विकास र वृद्धिको लागि केन्द्रित छ, एक प्रकृया जो अध्ययन र कार्यको माध्यमबाट व्यक्तिगत क्षमता बढाउने प्रयास गर्दछ, जो सबै तत्वहरूभन्दा माथि छ । प्रत्येक टचुटरले यो महसुस गर्नुपर्दछ कि यो कार्यले

एक-अर्कोमा निर्माण गर्दछ, जो पुस्तकबाट पुस्तक जटिलहुँदै जान्छ। सेवाको प्रत्येक कार्यलाई प्रभावकारी ढङ्गले संचालनगर्नको लागि सिक्न, पछि आउने कार्यहरूलाई पूरागर्न आवश्यक क्षमता हेतु, महत्वपूर्ण सावित हुन्छ। एउटा घरमा धेरै भ्रमणहरूको दौरानमा चलिरहेको कुराकानीलाई दिगो राख्नलाई, जस्तो कि यस पुस्तकमा प्रस्तावित, पुस्तक १ मा प्रोत्साहित गरिएका गतिबिधिहरू, एक नियमित भक्तिपरक बैठकको आयोजना गर्नु, चाहे त्यो आफैले होओस् वा कोही अन्यसँग मिलेर कि, यसको तुलनामा स्पष्टरूपबाट अधिक माग गर्दछ। र यो हेर्न त्यति गाह्रो छैन कि अगाडि सेवाको अधिक जटिल कार्यहरू प्रारम्भ गर्नलाई, यो आवश्यक हुन्छ कि सहभागीले यहाँ बताइएका सामर्थ्यहरूमा अगाडि बढुन्।

जस्तो कि पुस्तक १ को परिचयात्मक टिप्पणीमा उल्लेखित विश्वभरिबाट संस्थान प्रकृयाहरूमा भागलिने विभिन्न प्रकारका पृष्ठभूमिबाट आउँछन् र शुरुमा, बहाई शिक्षाको बारेमा भिन्न स्तरबाट परिचित हुन्छन्। जब उनीहरूले यो दोस्रो पुस्तक शुरु गर्छन्, तबसम्म, उनीहरू सबै, वास्तवमा पाठचक्रमहरूद्वारा खोलिएका सेवाको मार्गमा हिंड्दछन्। तर केही अन्तर भने परेको हुन्छ। युवाहरूको मामिलामा, उदाहरणको लागि जबसम्म, ती बच्चाहरू किशोरहरूको लागि शैक्षिक कार्यक्रमहरूबाट पार हुँदैनन्, पुस्तकमा प्रस्तुत गरिएका धेरै कथन र विषय उनीहरूका लागि नयाँ हुन्छ, र यिनको अध्ययन धर्मबारे उनीहरूको ज्ञानलाई गहिऱ्याउने एक साधनको रूपमा काम गर्दछ। टयुटरको यस सम्बन्धमा समूहका प्रत्येक सदस्यमा बुझाइलाई पोषण गर्न आवश्यक लचिलोपन र रचनात्मकता प्रदर्शित गर्नलाई तयार रहनु पर्दछ, यो सुनिश्चित गर्दै कि पाठचक्रमको मुख्य उद्देश्य सहभागीहरूको सार्थक र उल्लासित वार्तालापमा संलग्न बनाउनु पर्दछ। र यो जान्नु पर्दछ कि हज्जारौं स्थानीय सभाहरूमा जहाँ पुस्तकहरूको प्रयोग भइरहेको छ, सामुदायिक निर्माण प्रकृया जसमा तीनवटै इकाईहरू, योगदान गर्न चाहन्छन्, त्यो विकासको एउटै बिन्दुमा भने होइन। जे केही सिकिरहिएको छ, त्यसलाई कार्यमा ल्याउन, एक स्थानीय समुदायबाट अर्कोसम्म, केही फरक आकार ग्रहणगर्न सक्दछन्, र यो पनि कि, रेखदेख र पूर्णताको एक संकेत प्रदान गर्दछ जसकोसाथ एक टयुटर यी पृष्ठहरूबाट पारहुने हर सदस्यका आवश्यकताहरूको जवाफ भने दिनुपर्दछ।



शिक्षण बाट आनन्द

उद्देश्य

सिकाउने आनन्दको प्रशंसा गर्नु भनेको ईश्वरको शब्द अरूहरूलाई बाँडचुँड गर्नुमा निहित हुन्छ ।

खण्ड १

सेवा गर्नलाई जागृति रूही संस्थानद्वारा प्रस्तावित पुस्तकहरूको क्रममा दोस्रो हो जसले अध्ययन र कार्यलाई जोड्ने काम गर्दछ । यसको लक्ष्य भनेको तपाईंले प्रवेश गर्नुभएको सेवाको बाटोमा अगाडि बढ्न मद्दत गर्नु हो किनकि तपाईंले दोहोरो उद्देश्य पूरा गर्न प्रयास गर्नुहुन्छः तपाईंको आफ्नै आध्यात्मिक र बौद्धिक विकासलाई अगाडि बढाउन र समाजको रूपान्तरणमा योगदान दिनको लागि । पहिलो पुस्तकमा तपाईंको सहभागीताबाट, तपाईंले पहिलेदेखि नै बुझ्नु पर्दछ कि जुन मार्गलाई हामीले संकेत गरिरहेका छौं, त्यसबाट सेवा कार्यहरूको एक श्रृङ्खलाद्वारा परिभाषित गरिएको छ र ती कार्यहरू जुन बहाउल्लाहका पवित्र लेखनीहरूमा परिकल्पना गरिएको एक नयाँ विश्व सभ्यताको लक्ष्यमा आफ्नो दृष्टि लगाउँदै हामी अगाडि बढ्नु परेको छ । यसप्रकार जसरी हामीलाई, “सेवाको मार्गमा हिंड्न” भनिन्छ

ती धेरैजसो स्वयंको जीवन र मानवताको जीवनमा उहाँका शिक्षाहरू लागू गर्नमा हाम्रो प्रयास रहन्छ । बहाउल्लाह स्वयं यी सन्दर्भहरूमा आफ्नो प्रकटीकरण बारे बताउनु हुन्छः

**"हे मेरा सेवकहरू हो ! मेरो पवित्र एवं दिव्यताले विधान गरेको प्रकटीकरण एउटा महासागर जस्तै छ जसको गहिराइमा बडो चमकदार एवं असंख्य अनमोल मोतीहरू छिपेका छन् । आफैलाई झक्झक्याएर उठाउनु र यो महासागरको किनाराहरूमा पुग्ने प्रयास गर्नु प्रत्येक जिज्ञासुको कर्तव्य हो, जसले गर्दा आफ्नो जिज्ञासाको खोजी र प्रयत्नहरूकै अनुरूप उसले ईश्वरको अकाटच र गोप्य आज्ञापत्रमा पूर्वनिर्धारित लाभहरू प्राप्त गर्न सक्छ ।"[१]**

यो पहिलो इकाईमा, हाम्रा विचारहरू त्यो आनन्दतिर अभिमुख हुन्छन्, जसले हाम्रा हृदयहरू भरिन्छन्, हामी बहाउल्लाहको प्रकटीकरणको महासागरमा रहेका ज्ञानका मोतीहरू खोज्छौं र अरूहरूसँग साझा गर्छौं । पुस्तक १ को अध्ययनबाट तपाईंले पहिलेदेखि नै देख्नुभएको छ कि उनका पवित्र लेखनीहरूमा पाइने दिव्य मार्गदर्शनका मोतीहरू कत्ति उत्कृष्ट छन् । अब केही अंशहरूमा विचार गरौं:

**"ईश्वरको वाणी एउटा बत्ती हो र यसका प्रकाश हुन् यी शब्दहरू: तिमीहरू एउटै वृक्षका फलहरू र एउटै हाँगाका पातहरू हौ ।"[२]**

**"मेरो दृष्टिमा सबभन्दा प्रिय वस्तु न्याय हो; यदि तिमी मलाई चाहन्छौ भने न्यायबाट विमुख नहोऊ र त्यसको कदापि उपेक्षा नगर ताकि म तिमीमा विश्वास गर्न सकूँ ।"[३]**

**"आफू बाँचेको युगका आवश्यकताहरूको मात्र चासो राख र आफ्नो विचारलाई यो युगका समस्या र आवश्यकतामाथि केन्द्रित गर ।"[४]**

**"सधैं अघि बढिरहने सभ्यतालाई अझ अघि बढाउनको निम्ति नै सारा मानिसहरूलाइ सृष्टि गरिएको हो ।"[५]**

**"संसार बितेर जान्छ, र जो अनन्त छ त्यो परमेश्वरको प्रेम हो ।"[६]**

**"तिमी मेरो दीपक हौ र मेरो ज्योति तिमीमा नै छ। त्यसैबाट तिमी आफ्नो प्रकाश प्राप्त गर र म बाहेक अरूको चाहना नगर किनभने मैले तिमी स्वयंलाई सम्पन्न रूपमा सृष्टि गरेको छु र तिमी माथि मेरो प्रशस्त अनुग्रह बहाएको छु।"[७]**

तपाईंले यी छोटा अंशहरूलाई समयको साथ कण्ठस्थ गर्न सक्नुहुन्छ।

**खण्ड २**

यस इकाईको मुख्य विषय वस्तुमा आफ्नो विचार-विमर्श सुरु गर्नको लागि गएको खण्डमा उद्धृत पहिलो अंशलाई फेरि दोहोऱ्याएर पढ्नुहोस् र निम्न लिखित अभ्यासहरू गर्नुहोस्:

१. तलका वाक्यहरू पूरा गर्नुहोस्:

क. मेरो पवित्र एवं ____________________गरेको ________________ एउटा महासागर जस्तै छ जसको गहिराइमा बडो __________एवं असंख्य अनमोल _________छिपेका छन्।

ख. आफैलाई ____________________र यो _____________ किनाराहरूमा पुग्ने प्रयास गर्नु प्रत्येक ____________कर्तव्य हो।

ग. जसले गर्दा आफ्नो ____________ खोजी र ____________कअनुरूप उसले ईश्वरको _________ र गोप्य _________________________ लाभहरू प्राप्त गर्न सक्छ।"१

२. आफैलाई झक्झक्याएर उठाउनु भनेको के हो ? ________________________________

________________________________________________________________

३. भेट्ने प्रयास गर्नु भनेको अर्थ के हो ? _____________________________

________________________________________________________________

४. हरेक अनुयायीले के प्राप्त गर्ने प्रयास गर्नुपर्छ ? ________________________________

५. आफ्नै जिज्ञासाको खोजी र प्रयत्नहरूकै अनुरू भनेको अर्थ के हो ? ________________

________________________________________________________________

६. बहाउल्लाहले हामीलाई भन्नु हुन्छ कि हामीले उनको प्रकटीकरणको महासागरबाट आफ्ना कोसिसहरूको अनुपातमा नै लाभ प्राप्त गर्न सकिन्छ।

क. यी लाभहरू प्राप्त गर्न हामीले कोसिस गरिएका केही उदाहरणहरू दिनुहोस् ।

______________________________________________________________

______________________________________________________________

______________________________________________________________

______________________________________________________________

______________________________________________________________

______________________________________________________________

ख. हामीलाई प्राप्त हुने लाभहरूका केही उदाहरणहरू दिनुहोस् ।

______________________________________________________________

______________________________________________________________

______________________________________________________________

______________________________________________________________

______________________________________________________________

______________________________________________________________

**खण्ड ३**

यो जान्दछौं कि बहाउल्लाहको प्रकटीकरण एक महासागर जस्तै हो जसका गहिराइहरूमा अनमोल मोतीहरू छन्, हामी प्रत्येकले यसबाट लाभ उठाउन र अरूहरूलाई पनि यस महासागरको किनारसम्म पुग्नको लागि सहायता गर्न अत्याधिक प्रयास गर्नुपर्छ । तर यस महासागरको किनारसम्म पुग्नको लागि यात्रा कति टाढा छ ? बहाउल्लाहले भन्नु हुन्छः

**"हे मेरा सेवकहरू हो ! ती साँचो र एकमात्र ईश्वर मेरा साक्षी छन् ! यो अति विशाल, अति गहन र उत्ताल महासागर तिमीहरूको ज्यादै नजिक छ । हेर त ! यो तिमीहरूको आफ्नै जीवन-नाडीभन्दा पनि नजिक छ । तिमीले चाहना मात्र गऱ्यौ भने ती अविनाशी अनुकम्पा, यो ईश्वर प्रदत्त कृपा, यो अक्षय उपहार, यो अत्यन्त शक्तिशाली एवं अवर्णनीय र गौरवशाली उदारतालाई एकै निमेषमा प्राप्त गर्न सक्छौ ।"**[८]

१. यो वाक्यांश "अति विशाल, अति गहन र उत्ताल महासागरले" केलाई जनाउँछ ?

________________________________________

२. यो महासागर हामीभन्दा कति नजिक छ ?

________________________________________

३. यो महासागरमा हामी कति छिट्टै पुग्न सक्छौं ?

________________________________________

४. निम्न वाक्यहरू पूरा गर्नुहोस्:

क. बहाउल्लाहको प्रकटीकरणको अति विशाल महासागर हाम्रो ___________छ ।

ख. बहाउल्लाहको प्रकटीकरणको महासागर हाम्रो ___________ ____ भन्दा पनि ___________छ ।

ग. चाहना मात्र गऱ्यौं भने हामी यस महासागरलाई ___________सक्छौं र उहाँको प्रकटीकरणको महासागरबाट ___________प्राप्त गर्न सक्छौं ।

घ. यदि हामीले चाह्यौं भने एकै निमेषमा, यस ______________________________प्राप्त गर्न सक्छौं ।

**खण्ड ४**

बहाउल्लाहको प्रकटीकरणको महासागरको किनारहरूसम्म पुगेपछि, हामीले यहाँ भएका खजनाहरूबाट भाग प्राप्त गर्छौं र उदारतापूर्वक र निःशर्त रूपमा दिव्य मार्गदर्शनका मोतीहरू अरूहरूसँग साझा गर्दछौं जुन हामी निरन्तर हाम्रो आफ्नै अध्ययन, प्रार्थना र ध्यान, उनको धर्म र मानवताको सेवागर्ने हाम्रो प्रयासबाट पत्ता लगाउँछौं । निम्नलिखित अंश जसले यस कर्तव्यको पवित्रताको एक निरन्तर स्मरण गराउँछ, लाई कण्ठस्थ गर्न केही समय लिन सक्नुहुन्छ:

**"हे ईश्वरका मार्गका पथिक ! उनको कृपाको महासागरबाट तिमीले आफ्नो भाग ग्रहण गर, र यसका गहिराइमा लुकेका कुराहरूबाट आफूलाई वञ्चित नपार । आफू पनि त्यस्तामध्ये एक बन जसले यसका खजनाहरूबाट भाग लिएका छन् । यस महासागरको एउटा शीतथोपालाई स्वर्ग र धरतीभरिका सबैमाथि छर्किदिने हो भने, सर्वशक्तिमान, सर्वज्ञ, सर्वविद ईश्वरका अनुकम्पाले ती सबैलाई समृद्ध बनाउन यत्ति नै पर्याप्त हुनेछ । आफ्ना**

**श्रद्धालु हातहरूले यसको जीवनदायिनी जल ग्रहण गर, र सबै सृष्ट वस्तुहरू माथि त्यसको सिन्चन गर, जसको फलस्वरूप मानवकृत सीमाहरूबाट उनीहरू मुक्त हुन सकुन् र ईश्वरको भव्य आसनका, उनको पावन एवं झल्झलाकार धामका नजिकै पुगुन् ।"[९]**

**खण्ड ५**

जब हामी संस्थानका पाठ्यक्रमहरूको माध्यमबाट अगाडि बढ्छौं, तिनीहरूको लागि आवश्यक अध्ययन र कार्य गर्दछौं, हाम्रो सेवागर्ने क्षमता बढ्ने छ, र हामी सेवा कार्य गर्नको लागि योग्य हुनेछौं जसले हाम्रा हृदयहरूमा अपार खुशी ल्याउँदछ र हाम्रो दोहोरो उद्देश्य पूरा गर्नमा हामीलाई सहयोग मिल्दछ-कार्यहरू जस्तै बाल-बालिकाहरूको लागि आध्यात्मिक कक्षाहरूको लागि कक्षाहरू संचालन, किशोर-किशोरीलाई उनीहरूको आध्यात्मिक सशक्तिकरणको एउटा कार्यक्रममा संलग्न गराउनु, र एउटा समूहका मित्रहरूलाई मुख्य श्रृङ्खलाका पुस्तकहरू अध्ययन गर्न मद्दत गर्नु । यो पूरा यात्राभरि, ईश्वरको शब्दलाई, हामीले अरूहरूसँग साझा गर्दछौं, जसलेगर्दा युवा र वृद्ध, हाम्रो प्रेरणाको निरन्तर स्रोत बन्नेछन् । तब, यो मात्र उचित हुन्छ, जब हामीले यसको शक्ति र मानव हृदयमा परेको यसको प्रभावबारे हामीले धेरै ध्यान गर्दछौं । निम्नलिखित उद्धरणमा बहाउल्लाहले यसको शक्तिबारे बताउनु भएको छः

**"ईश्वरको वाणीलाई यस्तो बेर्नासँग तुलना गर्न सकिन्छ जसका जराहरू मानिसहरूका हृदयहरूमा रोपिएका हुन्छन् । तिम्रो कर्तव्य हुन्छ विवेकका एवं पवित्र तथा शुद्ध शब्दका जीवन जलले यसलाई हुर्काउनु, ता कि यसका जराहरू बलियोगरि स्थिर रहन र यसका हाँगाहरू आकाश र त्यसभन्दा पनि माथिसम्म फैलिउन् ।"[१०]**

१. ईश्वरको वाँणीलाई के सँग तुलना गर्न सकिन्छ ? ______________________________

____________________________________________________________________

२. ईश्वरका वाणीको वृक्षका जराहरू कहाँ रोपिएका हुन्छन् ?________________________

३. यो वृक्षलाई हामीले कसरी हुर्काउन सक्छौं ? __________________________________

____________________________________________________________________

४. कति उचाइसम्म यो वृक्ष बढ्न सक्छ ? ____________________________________

____________________________________________________________________

५. ईश्वरको वाणी अरूहरूसँग साझा गर्दा किन सर्वाधिक महत्वपूर्ण हुन्छ केही वाक्यहरूमा वर्णन गर्नुहोस् ।

____________________________________________________________________

____________________________________________________________________

____________________________________________________________________

____________________________________________________________________

**खण्ड ६**

आउनुहोस् ती विभिन्न गतिविधिहरू जसले दैनिक जीवनमा हामीलाई व्यस्त राख्दछ त्यसबारे सोचौं । हामीले हाम्रो शरीरलाई पोषण दिन्छौं । हामीले नयाँ ज्ञान प्राप्त गर्न र हाम्रो मानसिक क्षमता विस्तार गर्न अध्ययन गर्छौं । हामी काम गर्छौं र सीपहरू विकास गर्छौं जसले हामीलाई समाजको उत्पादक सदस्यको रूपमा बाँच्न सक्षम बनाउँछ । हामी खेलकुँद र मनोरञ्जनमा संलग्न छौं । यस्तै किसिमका, धेरै गतिविधिहरू जो हाम्रो बौद्धिक प्रगति र भौतिक कल्याणको लागि महत्वपूर्ण छन्, यिनले हाम्रो समयको एक ठूलो हिस्सा ओगटेका छन् । तर त्यसोभए त्यहाँ प्रत्येक दिन ती विशेष क्षणहरू छन्, जो आध्यात्मिकताबाट प्रभावित (आवेशित) हुन्छन्, जब हामी प्रार्थनामा, जब हामी एक्लै वा मित्रहरूसँग दिव्य शिक्षाहरूको बारेमा हाम्रो ज्ञानलाई गहिऱ्याउनमा संलग्न हुन्छौं, वा, तब, असंख्य तरिकाहरूमध्ये कुनै एकमा, बहाउल्लाहको प्रकटीकरणको महासागरमा लुकेका मोतीहरू पत्ता लगाउन हामी हाम्रा वरिपरिका मानिसहरूलाइ मद्दत गर्छौं । के यी क्षणहरू अत्यधिक अनमोल छैनन् र ? के यी स्वर्गीय आशिसहरूमा भाग लिनुमा सक्षम हुनुभन्दा ठूलो कुनै आनन्द छ ?

हामीले सधैंभरी यो सम्झनु पर्दछ कि अब्दुल-बहाले हामीलाई मानवताको उत्थानको लागि स्वयंलाई समर्पित गर्नको लागि कसरी प्रोत्साहन गर्नुभएको छः

**"हामी सबै एउटै ईश्वरीय उद्देश्यमा एकतावद्ध छौं, हाम्रो कुनै पनि भौतिक मनसाय छैन, र हाम्रो सबैभन्दा प्रिय ईच्छा संसारभरि ईश्वरको प्रेम फैलाउनु हो ।"**[११]

मानौं कि तपाईंलाई एक मित्रसँग आफूले कण्ठस्थ गरेको खण्ड १ का उद्धरणहरूमध्ये एउटा उद्धरण साझा गर्ने मौका मिलेको छ । तपाईंको हृदयमा जो आनन्द महसुस हुन्छ त्यो कहाँबाट आएको छ ? स्वभाविक रूपमा, तपाईंले आशा गर्नुहुन्छ कि तपाईंको मित्र बहाउल्लाहका शब्दहरूद्वारा उन्नयन (उल्लासित) हुनेछन् । तर के हुने छ जब ऊ वा तिनले उत्साह देखाउँदैनन् जसको आशा तपाईंले गरिरहनु भएको थियो ? के तपाईंको हृदयबाट सजिलैसँग त्यो आनन्द हराउँछ ? किन होइन ?

________________________________________

________________________________________

________________________________________

________________________________________

________________________________________

________________________________________

## खण्ड ७

जब हामीले महसुस गर्दछौं कि, हामीले हाम्रो जीवनमा गरिने सबै कुराहरू, ती मध्ये जुन क्षेणहरूमा ईश्वरका शब्दहरू अरूहरूलाई बाँडचुँड गर्न विताउँछौं ती विशेष आशीर्वादहरूले भरिएका हुन्छन्, हामी सबैभन्दा महत्वपूर्ण निष्कर्षमा पुग्दछौंः सेवा गर्नाले जो आनन्द प्राप्त हुन्छ त्यो स्वयं कार्यमा अन्तर्निहित हुन्छ । निश्चित रूपमा हामी आशा गर्दछौं कि हामीले जो सेवा कार्य गर्दछौं त्यसबाट मूल्यवान परिणामहरू प्राप्त हुन्छ, तर यदि हामी परिणामहरूमा अति धेरै नै आसक्त भएमा, यदि हामी प्रशंसा र आलोचनामा अत्यधिक प्रभावित भएमा, हामीले शिक्षणको आनन्दलाई गुमाउने छौं । जसले हामीलाई सेवागर्न प्रेरित गर्दछ, त्यो ईश्वर प्रेम हो, सफलता प्राप्त गर्नु, फाइदाहरू प्राप्त गर्नु, वा मान्यता प्राप्तगर्ने इच्छा भने होइन । यी सबैबाट अलग हुनु नै आनन्दमय सेवाको आवश्यकता हो । निम्नलिखित उद्धरणहरू अध्ययन गर्नाले तपाईंलाई यस विषयमा चिंतन गर्न मद्दत मिल्ने छः

**"हे दुई दृष्टि भएका मानव ! एउटा आँखा चिम्ल र अर्को खोल । संसार र त्यहाँ भएका सारा चीजहरूप्रति एउटा आँखा चिम्लिदेऊ र अर्को आँखालाई प्रियतम प्रभुको पवित्र सुन्दरताप्रति खुला राख ।"**[१२]

**"हे मित्रहरू हो ! मरेर जाने सुन्दरताको निमित्त सदैव रहिरहने सुन्दरताको त्याग नगर, र धुलोबाट उत्पन्न हुने क्षणिक संसारमा तिमीहरू आफ्नो प्रेम नबिसाऊ ।"[१३]**

**"हे उच्चारणका पुत्र ! तिम्रो अनुहार मतर्फ फर्काऊ र म बाहेक अरू सबैलाई त्याग; किनकि मेरो प्रभुत्व स्थायी रहन्छ र मेरो अधिराज्य नष्ट हुँदैन । यदि तिमी म बाहेक अरूलाई चाहन्छौ भने, हो, यदि सारा ब्रह्माण्ड नै खोज्छौ भने पनि तिम्रो खोजी व्यर्थ हुनेछ ।"[१४]**

**"हे मित्र बनेका परदेशी ! मेरो शक्तिशाली हातले तिम्रो हृदयको बत्ती बालेको हो, स्वार्थ र वासनाको विपरित हावाले त्यसलाई ननिभाऊ । मेरो स्मरणले नै तिमीहरूका सारा कठिनाइहरूको समाधान हुन्छ, यो निबिर्स । मेरो प्रेमलाई नै तिमी आफ्नो सम्पत्ति बनाऊ र त्यसलाई आफ्नो दृष्टि र जीवनलाई झैं साँचीराख ।"[१५]**

**"अनाशक्ति सूर्य जस्तै हो; जुनसुकै हृदयमा चम्केता पनि यसले लोभ र अहम्को अग्निलाई निभाईदिन्छ । ऊ जसको दृष्टि समझको प्रकाशले प्रदीपन हुन्छ, निश्चय नै संसार र यसका अहंकारहरूबाट स्वयंलाई अनाशक्त बनाउँछ...। संसार र यसको निचताले तिमीलाई दुःखी नबनाओस् । सुखी छ ऊ जो समृद्धिको व्यर्थ अभिमानले भरिएको छैन, न त निर्धनताको दुःखले नै भरिने छ ।"[१६]**

१. के यस संसारबाट अनाशक्त हुनु भनेको अर्थ सन्यासी जस्तै जीउनु हो ? ____________

२. के एकै समयमा यस संसारबाट अनाशक्त हुन र वस्तुहरूको स्वमित्व लिन सम्भव छ ?______________________________________________________________________________

३. के एउटा व्यक्ति, व्यवहारिक रूपले आफ्नो जीवनको हर पल आफ्नो कामगर्नमा नै बितिउँछ, संसारबाट अनाशक्त भएको हो त ? ________________________________________

४. त्यो व्यक्ति जसले आफ्नो आधारभूत आवश्यकताहरू मात्र पूरागर्न काम गर्छ र बाँकी समयमा केही पनि गर्दैन के यो संसारबाट अनाशक्त भएको हो ? __________________

५. कुनै व्यक्ति सेवाको क्षेत्रमा भौतिक सुविधाहरू सहन असमर्थ छ, के यो संसारबाट अनाशक्त छ ? __________________

६. भौतिक वस्तुहरू बाहेक पनि यस्ता धेरै चिजहरू छन् जोतिर हाम्रो आसक्ति हुन सक्दछ । यदि तपाईं एक यस्तो व्यक्ति भएमा तपाईं कुन वस्तुतिर आसक्त हुनुहुन्थ्यो होला जो

-जब कसैले पनि ऊ वा तिनीले गरिरहेको सेवा कार्यलाई सराहना नगरेमा, यसलाई छोडिदिनु पर्दछ ? ____________________________________________________

-जब ऊ वा तिनले साझा गरेका विचारहरूलाई स्वीकार नगरेमा निरुत्साहित महसूस गर्दछ ? ______________________________________________________

अरूहरूद्वारा अस्वीकार गर्ने डरले ऊ वा तिनले आफ्ना मान्यताहरूलाई लुकाउँछन् ?

_______________________________________________________

७. अनाशक्तिले आलश्य वा हेराचाहको कमीलाई संकेत गर्दैन । निम्नलिखित मध्ये कुन व्यक्ति अनाशक्त नभएको कुरा संकेत गर्दछ ?

____ अरूहरूको प्रगति देखेर खुशी हुन्छ

____ केही बच्चाहरूले दुर्व्यवहार गरेको हुनाले एउटा कक्षा संचालन गर्न बन्द गर्दछ

____ आफ्नै उपलब्धिमा प्रशंसा गर्नु

____ कडा मेहनत गरेर अध्ययन गर्नु र आफूले गरेको प्रगतिमा संतुष्ट हुनु

____सर्वहित सेवाको लागि आफ्नै क्षमता वृद्धिगर्न कडा परिश्रम गर्नु

____ आफ्नो पेशाका लागि उत्कृष्टता प्राप्त गर्न प्रयास गर्नु

____सरसफाईको ध्यान राख्न एक स्वच्छ र सुसज्जित घर राख्न

____ आफ्नै सरसामानहरूको रेखदेख गर्नु

____ अरूहरूको कल्याणको लागि ध्यान दिनु

____ आफ्ना प्रयासहरूको प्रशंसा नभएमा निराश हुनु

८. हामी मध्ये हरेकलाई अनाशक्ति यत्ति धेरै महत्वपूर्ण भएको हुनाले यो खण्डका सबै उद्धरणहरू कण्ठस्थ गर्नको लागि सुझाव दिइन्छ ।

## खण्ड ८

मानवताको लागि सेवाको आनन्दमय जीवनका उपहारहरू प्राप्त गर्नको लागि, हामी प्रयाश गर्नको लागि तयार हुनुपर्दछ, र हाम्रा प्रयासहरूलाई केही हदसम्म त्यागको आवश्यकता हुन सक्दछ । हामीले आफ्नो दैनिक जीवनमा “त्याग” शब्दलाई बारंबार प्रयोग गर्दछौं । यदि कुनै

प्रिय मित्र एका बिहानै एउटा कुनै यात्राबाट फर्केर आउँछन् भने, हामी उनलाई लिनजान छिट्टै उठ्छौं । हामीले भन्न सक्छौं कि हामीले केही घण्टाको निद्रा त्यागी दियौं । हाम्रो कुनै प्रिय बिरामी हुन्छ; हामीले उसको हेरचाहको लागि हामीलाई मनपर्ने मनोरञ्जनको केही घंटा उसकोसाथ बिताउँछौं । जीवनमा यस्ता मौकाहरू आउँछन् जसमा हामीले धेरै कठोर काम गर्नुपर्छ, र हामीले सोच्न सक्छौं कि हामीले एउटा लक्ष्य प्राप्त गर्नको लागि आरामलाई त्याग गरिरहेका हुन्छौं ।

हामी सबैसँग धर्मको सेवागर्ने पूर्ण इच्छा छ, उदारतापूर्वक हामी आफ्नो समय र ऊर्जा दिन्छौं र जहाँसम्म सम्भव हुन्छ हामीले भौतिक स्रोतहरूको एक हिस्सा पनि दिन्छौं । जब हामीले यसो गर्छौं, तब हामीले यो याद गर्नुपर्छ कि सेवाको मार्गमा, हामीले यस संसारका चिजहरूलाई छोड्न सक्छौं तर जुन हामीले प्राप्त गर्दछौं त्यो सच्चा आनन्द हो किनकि हामी आध्यात्मिक रूपले विकसित भएका हुन्छौं । हामीसँग भविष्यमा पाठचक्रमहरूमा त्यागको प्रकृतिबारे धेरै समीक्षा गर्ने अवसर मिल्ने छ । सुरुमा नै यो बुझ्नु महत्वपूर्ण हुन्छ कि यसमा उच्चतरको लागि निम्नतरको त्याग सम्मिलित छ, जस्तै एउटा वृक्षले जन्मलिनको लागि बीउ स्वयंले त्याग गर्नुपर्छ । त्याग आनन्दको वाहक हो, र यो आनन्द तबसम्म हाम्रो हुँदैन जबसम्म हामी सतत प्रयास गर्नको लागि तयार हुँदैनौं ।

बहाउल्लाह भन्नुहुन्छः

**"यदि हामीले ईश्वरलाई खोज्ने हो भने मेहनत गर्नुपर्छ; उनीसँग पूनर्मिलनको अमृत पिउने हो भने; कडा प्रयत्न गर्नुपर्छ, यदि हामीले यस प्यालाको स्वाद पायौं भने, हामी यस संसारको मोहलाई त्यागिदिन्छौं ।"[१७]**

र अब्दुल-बहाले हामीलाई भन्नुहुन्छः

**"...तिमी आराम नगर, तिमीले संयमताको कामना नगर, यस अनित्य संसारका सुख-सयलहरूमा आफूलाई लिप्त नगर, आपूलाई प्रत्येक आशक्तिबाट मुक्त पार, अनि मन र आत्माले प्रयास गर कि ईश्वरको अधिराज्यमा पूरै स्थापित हुन सकियोस् । तिमी स्वर्गलौकिक खजना हासिल गर । दिन प्रतिदिन तिमी बढी प्रज्ज्वलित बन । एकताको संघारमा झन् झन् नजिकहुँदै जाऊ ।"[१८]**

हामी सबैले मान्छौं कि तपाईंले लक्ष्यहरू प्राप्त गर्नको लागि हामीले प्रयास गर्नुपर्छ । तर यो साधारण विश्वासको अभ्यासमा केही निहितार्थहरू (उल्झन) छन् जसलाई हामीले विर्सनु हुँदैन । पहिले त यो याद गर्नु आवश्यक छ कि अपेक्षित ऊर्जाको मात्रा र हाम्रो अगाडि जो लक्ष्य वा कार्य छ त्यसका कठिनाइहरूको स्तर बीच एक समरूपता छ । हामीलाई यसलाई कम प्रयासमा पूरा गर्न सकिन्छ कि भन्ने जस्तो लाग्दछ भने हामीले आफैलाई धोखा

दिइरहेका हुन्छौं । तर प्रयासको मात्रालाई मात्र ध्यानमा राख्नुपर्ने एकमात्र कारक होइन । यसमा स्थिरता र लगनशीलताको आवश्यकता पर्दछ । ध्यान केन्द्रित गर्नु आवश्यक छ । कार्यहरू पूरा गर्नुको आदत, एउटा कार्यबाट अर्को कार्यमा दौडनु, र कामलाई अधुरो नछोड्नु अति आवश्यक छ । आधा-अधुरा प्रयासहरूले फल मिल्दैन । बाल-बालिकाहरूको आध्यात्मिक शिक्षाको एक साप्ताहिक कक्षाको बारेमा कल्पना गर्नुहोस् । शिक्षकलाई प्रत्येक कक्षाको तयारीलाई केही घण्टा निश्चित रूपमा समर्पित गर्नुपर्छ, पूरा कक्षा अवधिभरि ध्यान केन्द्रित गरेर पाठको सामग्रीलाई विद्यार्थीहरूलाई राम्ररी बुझाउन मद्दत गर्नुपर्दछ, बच्चाहरूको आमा-बाबुलाई नियमित रूपमा भेटगर्नुपर्छ, र उनीहरूको व्यक्तिगत प्रगतिलाई साथ दिनुपर्छ, हप्ता हप्तामा । त्यस कक्षाको भाग्य कस्तो होला जुन कक्षाको शिक्षकले केवल कहिलेकाहीं तयारी गर्छन्, थकाई लागेमा सत्रलाई छिट्टै र अचानक समाप्त गर्दछन् र प्रत्येक बच्चाको बारेमा सोच्न माता-पितासँग उनको चर्चा गर्नको लागि आवश्यक समय दिन बिफल रहन्छन् ? र के हुन्छ यदि शिक्षक कुनै अन्य दायित्व पूरागर्नको लागि बाहिर शहरबाट आएको मित्रको साथ रहनको लागि कक्षा रद्द पनि गर्दछन् ?

यी केही टिप्पणीहरू हामीले विश्वस्त पार्नको लागि गरेका छौं कि हामीले कार्यहरू पूरागर्न उठाइएको प्रत्येक पाइलाको मात्रा र प्रयास दुवैको गुणमा ध्यान दिइनुपर्दछ । यो न केवल त्यस सेवा कार्यको लागि सही हो जसमा हामी संलग्न छौं; तर यो हाम्रो आफ्नै विकासमा पनि समान रूपले लागू हुन्छ । यस श्रृङ्खलाको पहिलो पुस्तकमा पनि जुन आध्यात्मिक आदतहरूको बारेमा विचार गरेका छौं-नियमित रूपले प्रार्थना गर्नु, प्रतिदिन पवित्र लेखनीहरूको अध्ययन, यो विचार गर्नु कि कसरी आफ्नो जीवन शिक्षाहरू अनुसार यापन गर्नु, भक्तिपरक भेलाहरूमा पूरा मन लगाएर भाग लिनु पनि निरन्तर गरिने परिश्रममा भर पर्दछ । तल प्रयास सम्बन्धि केही कथनहरू दिइएका छन् । निर्णय गर्नुहोस् कि कुन सत्य हो जसले यो विषयलाई अगाडि चिन्तन गर्न मद्दत मिल्नेछः

____यदि तिमी चलाक छौ भने, तिमीले कडा परिश्रम गर्नु आवश्यक छैन ।

____किन लामो बाटो जाने; सधैंभरि छोटोबाटो हेर ।

____कुनै दुःख पनि छैन, लाभ पनि छैन ।

____ठूलो सपना देखेपछि; तिम्रा इच्छाहरू साकार हुनेछन् ।

____जति ठूलो पुरस्कार, त्यति धेरै मेहनत ।

____जति ठूलो प्रयास, त्यति मिठो फल ।

____यदि पहिलो पटकमा सफल नभएमा, बारम्बार प्रयास गर ।

___तिम्रो लागि काम अरूले गरिदिन्छन् भने किन तिमी आफै गर्छौ ?

___यदि धेरै नै प्रयास गर्नुपर्छ भने, यसको मतलब यो तिम्रो लागि होइन ।

___साना साना कदमहरू

___अनवरत र लगातार

___एक लामो बाटो तयगर्न सकिन्छ ।

___जो महत्वपूर्ण हुन्छ, त्यो सजिलैसँग प्राप्त हुँदैन ।

___उत्कृष्टताले संपूर्ण हृदय समर्पणको माग गर्दछ ।

___एक हजार माइलको यात्रा एउटै पाइलाबाट सुरुहुन्छ ।

___ केवल गुजरा गर्नु मात्र पर्याप्त हुँदैन ।

___ हामीले चिजहरू हुनको लागि पर्खनु हुँदैन; हामीले यसको लागि प्रयास गर्नुपर्छ ।

___ सफलता एउटा भाग्यको कुरा हो ।

___ हामीले जादुद्वारा हाम्रो दोहोरो उद्देश्य प्राप्त गर्न सकिंदैन ।

___ हामी आफैले दैनिका कार्यको मूल्यांकन गर्नुपर्छ ।

हामी सेवाको मार्गमा हिंड्छौं, आफू स्वयंको आध्यात्मिक र बौद्धिक विकास प्राप्त गर्न र समाजको रूपान्तरणमा योगदान दिनको लागि प्रयास गर्दछौं । यो स्पष्ट छ कि यो दोहोरो उद्देश्य प्राप्त गर्न हाम्रो तर्फबाट ठूलो प्रयासको आवश्यकता पर्दछ ।

बहाउल्लाहले भन्नुहुन्छः

**"अद्वितीय श्रृष्टिकर्ता प्रभुले सबै मानिसहरूलाई एउटै तत्वबाट सिर्जना गरेका छन्, र उनीहरूलाई अरू प्राणीहरूभन्दा श्रेष्ठ स्थान प्रदान गरेका छन् । तसर्थ सफलता-असफलता, लाभ-हानी सबै मान्छेका आफ्नै प्रयासहरूमा भरपर्ने कुराहरू हुन् । उसले जतिधेरै प्रयास गर्दछ त्यति नै बढी प्रगति पनि गर्दछ ।"**[१९]

यदि तपाईंले पहिले नगरेको भए उपरोक्त अद्धरणलाई अहिले कण्ठस्थ गर्न सक्नुहुन्छ ।

**खण्ड ९**

सेवाबाट आनन्द प्राप्त गर्न योग्य हुनको लागि, हामी स्वयंमा केही निश्चित मनोवृत्तिहरूलाई हुर्काउनु पर्दछ। उदाहरणको लागि, ईश्वरले हामीलाई जो सेवाको लागि अनुग्रह प्रदान गर्नु भएको छ; त्यसको लागि हामी आभारी हुनुपर्दछ, यस्तो कल्पना गरी सोंच्न पनि सकिंदैन कि जब हामीले उनको धर्मको सेवा गर्दछौं हामीले ईश्वरको समर्थन गरिरहेका हुन्छौं। हामी निराशावादबाट जोगिन र विश्वप्रति आशावादी दृष्टिकोण लिएर जीवनलाई हेर्न पनि सिक्नु पर्दछ। सेवाको मार्गमा आउने बाधाहरूलाई अझ प्रगति गर्नको लागि सिंढिहरूमा परिवर्तन गर्न सकिन्छ। कठिनाइहरूको बीचमा पनि, हामीले विश्वासका आँखाहरूले भविष्यलाई हेर्छौं। अब्दुल-बहाका निम्नलिखित शब्दहरूले ती आशा र आशावाद तिर औंल्याउनु हुन्छ जो हाम्रा प्रयासहरूलाई चित्रण गराउँछ:

**"प्रारम्भमा, बीउ कत्ति सानो हुन्छ, यद्यपि अन्तमा यो एउटा विशाल वृक्ष बन्दछ। तिमीले बीउलाई नहेर, तिमीले वृक्षलाई, र यसका फूलहरूलाई, र यसका पातहरू र फलहरूलाई हेर।"**[२०]

**"तब यो अति सानो बीजको वृहत महत्व छ यसलाई बुझ कि, सच्चा मालीद्वारा आफ्ना दयाका हातहरूद्वारा, स्वामीले जोत्नु भएका खेतहरूमा छरिएको छ, जसलाई उपहारहरू तथा अनुकम्पाहरूको वर्षाको जलले सिंचन गरिएको छ र अब सत्यको दिवासूर्यको ताप र प्रकाशद्वारा हुर्काइरहिएको छ।"**[२१]

**"जब तिमीले वृक्ष बढ्दै र विकासित भइरहेको देख्दछौ, यसको परिणामप्रति आशाबादी बन। यो अन्ततः फुल्ने छ र फल फलाउँछ। यदि तिमीले सुकेको काठ वा बुढा रुखहरू देख्यौ भने फलको कुनै आशा नगर।"**[२२]

**"यसकारण परमेश्वरका प्रियजनहरूले आफ्नो प्रयासको जलले परिश्रमपूर्वक आशाको यो वृक्षलाई पालन-पोषण र हेरचाह गर्नुपर्छ।"**[२३]

**"यदि हृदय ईश्वर प्रदत्त आशीर्वादहरूबाट विमुख भएमा, यो खुशीको आशा कसरी गर्न सकिन्छ ? यदि उसले ईश्वरको दयामा आशा र भरोसा नराखेमा, त्यसले विश्राम कहाँ पाउन सक्छ र ?"**[२४]

माथि उल्लेखित अंशहरूमा चिन्तन गर्नको लागि, निम्नलिखित वाक्यांशहरू पूरा गर्नुहोस् ?

१. सुरुमा बीउ कति सानो हुन्छ, तर अन्त्यमा ________________________________।

२. हामीले सानो बीउलाई हेर्ने होइन ________________________________________

______________________________________________________________________।

३. तब, यो अति सानो बीजको महत्व बुझ्नुपर्छ, जसलाई सच्चा मालीद्वारा आफ्ना दयाका हातहरूद्वारा ______________________________________________________________

________________________________________________________________________

________________________________________________________________________

________________________________________________________________________

_______________________________________________________________________।

४. जब हामीले वृक्ष बढ्दै र विकसित भइरहेको देख्छौं हामीले के गर्नुपर्छ __________ बन्नु पर्छ ।

५. जब हामीले कुनै वृक्षलाई बढ्दै र विकसित हुँदै गएको देख्छौं अन्तः यो _____________ ________________________________।

६. जसलाई उपहारहरू तथा अनुकम्पाहरूको वर्षाको __________________गरिएको छ ।

७. यदि हृदय ईश्वर प्रदत्त आशीर्वादहरूबाट विमुख भएमा, यो __________________ सकिन्छ ?

८. यदि उसले ईश्वरको दयामा आशा र भरोसा नराखेमा, _______________________ सक्छ र ?

अब केही क्षण चिन्तन गरौं: के तपाईं सहमत हुनुहुन्छ कि विनम्र कृतज्ञताको अवस्थासँगै हाम्रो आनन्दमय र आशावादी चेतना अरूहरूको लागि प्रसन्नताको एउटा स्रोत हुनसक्छ ? र, हामीले सधैंभरि हाम्रो मनमा राख्नु पर्छ कि, धर्मको सेवा गर्नको लागि जागृति हुन, हामी एक नयाँ दिनको प्रभातको सुखद सन्देश, मानवजातिलाई एकत्र गर्ने दिवसको आनन्द लिनु पर्छ । हाम्रा हृदयहरूमा बहाउल्लाहका शब्दहरू गुञ्जिउन्:

**"प्रसन्न छन् तिनीहरू जसले उद्यम गर्दछन्; प्रसन्न छन् ती जसले बुझ्छन्; प्रसन्न छ त्यो व्यक्ति जो धरती र आकाशमा भएका सबैबाट निर्लिप्त रहेर सत्यमा अडिग रहेको छ ।"**[२५]

## REFERENCES


1. *Gleanings from the Writings of Bahá'u'lláh* (Wilmette: Bahá'í Publishing Trust, 1983, 2017 printing), CLIII, par. 5, p. 369.

2. Ibid., CXXXII, par. 3, p. 326.

3. Bahá'u'lláh, *The Hidden Words* (Wilmette: Bahá'í Publishing Trust, 2003, 2012 printing), Arabic no. 2, p. 3.

4. *Gleanings from the Writings of Bahá'u'lláh*, CVI, par. 1, p. 241.

5. Ibid., CIX, par. 2, p. 243.

6. Bahá'u'lláh, in *Women: Extracts from the Writings of Bahá'u'lláh, 'Abdu'l-Bahá, Shoghi Effendi and the Universal House of Justice*, compiled by the Research Department of the Universal House of Justice (Wilmette: Bahá'í Publishing Trust, 1986, 1997 printing), no. 53, p. 26.

7. *The Hidden Words*, Arabic no. 11, p. 6.

8. *Gleanings from the Writings of Bahá'u'lláh*, CLIII, par. 5, p. 370.

9. Ibid., CXXIX, par. 1, p. 316.

10. Ibid., XLIII, par. 9, p. 109.

11. From a talk given on 19 November 1911, published in *Paris Talks*: *Addresses Given by 'Abdu'l-Bahá in 1911* (Wilmette: Bahá'í Publishing, 2006, 2016 printing), no. 32.2, p. 121.

12. *The Hidden Words*, Persian no. 12, p. 26.

13. Ibid., Persian no. 14, p. 26.

14. Ibid., Arabic no. 15, p. 7.

15. Ibid., Persian no. 32, p. 33.

16. Bahá'u'lláh, in *The Bahá'í World: Volume One, 1925–1926* (Wilmette: Bahá'í Publishing Trust, 1926, 1980 printing), p. 42.

17. *The Call of the Divine Beloved: Selected Mystical Works of Bahá'u'lláh* (Haifa: Bahá'í World Centre, 2018), no. 2.12, p. 17.

18. *Tablets of the Divine Plan: Revealed by 'Abdu'l-Bahá to the North American Bahá'ís* (Wilmette: Bahá'í Publishing Trust, 1993, 2006 printing), no. 13.6, pp. 95–96.

19. *Gleanings from the Writings of Bahá'u'lláh*, XXXIV, par. 8, p. 91.

20. *Selections from the Writings of ‘Abdu’l-Bahá* (Wilmette: Bahá’í Publishing, 2010, 2015 printing), no. 40.3, pp. 118–19.

21. Ibid., no. 40.3, p. 119.

22. From a talk given on 11 May 1912, published in *The Promulgation of Universal Peace: Talks Delivered by ‘Abdu’l-Bahá during His Visit to the United States and Canada in 1912* (Wilmette: Bahá’í Publishing, 2012), par. 2, p. 153.

23. *Selections from the Writings of ‘Abdu’l-Bahá*, no. 206.13, pp. 356–57.

24. From a talk given by ‘Abdu’l-Bahá on 21 November 1911, published in *Paris Talks*, no. 34.8, p. 133.

25. Bahá’u’lláh, *Epistle to the Son of the Wolf* (Wilmette: Bahá’í Publishing Trust, 1988, 2016 printing), p. 139.



# आध्यात्मिक रूपले उत्थानदायी वार्तालापहरू

## उद्देश्य

आध्यात्मिक सिद्धान्तहरूलाई वार्तालापमा परिचय गराउने योग्यताको विकास गर्न

## खण्ड १

यस पुस्तकको पहिलो इकाईमा, हामीले अरूहरूसँग ईश्वरको शब्दलाई साझा गर्ने कार्यबाट प्राप्त त्यस असीम आनन्दको बारेमा कुरा गर्‍यौं । जब हामी सेवाको मार्गमा हिंड्छौं, हामीलाई बहाउल्लाहको प्रकटीकरणबाट प्राप्त अन्तर्दृष्टिहरूलाई मित्रहरू र परिचितहरूसँग साझागर्ने धेरै अवसरहरू प्राप्त हुन्छ । त्यसो भए हामी सबैलाई विकास गर्न आवश्यक पर्ने सबैभन्दा आवश्यक क्षमताहरूमध्ये ती हुन् जसले हामीलाई अर्थपूर्ण र उत्थानदायी वार्तालापमा योगदान पुर्‍याउन सक्षम बनाउँदछ । यस इकाई र अर्कोको उद्देश्य यस सम्बन्धमा तपाईंलाई सहयोग गर्नु हो । यहाँ तपाईंले ध्यान दिनु पर्दछ कि जब अवसर प्राप्त हुन्छ तब आध्यात्मिक सिद्धान्तहरूलाई सन्दर्भित गर्दै कसरी वार्तालापको स्तरलाई उच्च गराउने । अर्को इकाईमा, तपाईंको आफ्नो गाउँ वा छिमेकमा जीवन्त समुदाय निर्माण गर्न व्यवस्थित प्रयासको एक भागको रूपमा निश्चित विषयवस्तुहरूमा वार्तालापहरूको श्रृङ्खला कसरी सुरु गर्ने र निरन्तरता दिनेबारे सोच्नुहुनेछ ।

आउने खण्डहरूमा हामीले विभिन्न विषयहरूमा दिइएका कथनहरूलाई हेर्नेछौं, यद्यपि एकदम सही उद्धरणहरू भने होइनन्, र सबै अब्दुल-बहाका वार्ताहरू र धर्मपत्रहरूमा आधारित छन् र उहाँले प्रयोग गर्नुभएका धेरै वाक्यांशहरू भने सम्मिलित छन् । तपाईंले प्रत्येक कथनलाई धेरै पटक पढ्नु पर्छ, विचारहरूको क्रमलाई पहिचान गर्नुपर्छ, र आफ्नो समूहका अन्य सदस्यहरूसँग ठूलोस्वरले बोल्नु पर्दछ, जबसम्म कि तपाईंले स्वभाविक रूपले व्यक्त गर्न सक्नुहुँदैन । यो अभ्यासले तपाईंलाई सजिलैसँग बोल्न तयारीको लागि मद्दत गर्नेछ जब तपाईंले कुनै विचार-विमर्शलाई अगाडि बढाउनको लागि धर्मका शिक्षाहरूलाई आकर्षित गर्न उचित सम्झनु भएमा ।

निश्चय नै, तपाईंले यस इकाईमा, पवित्र लेखनीहरूका अंशहरूलाई कण्ठस्थ गर्ने कार्यलाई जारी राख्नु हुनेछ, किनकि त्यसमा एक विशेष शक्ति छ जसले मानव हृदय र इच्छा शक्तिलाई भेदन गर्दछ, जब तपाईंले यसबाट आफ्नो बोलीसँगै बुन्नुहुन्छ, तब श्रोतामा गहिरो प्रभाव पर्दछ । तर, वार्तालापमा लेखनीहरूलाई मिलाएर उल्लेखगर्दा विवेकको आवश्यकता पर्दछ । जे आवश्यक छ त्यो हो संयमता, त्यसैले धर्मका शिक्षाहरूको व्याख्या हुँदा र त्यसैबेला लेखनीहरूलाई सिधै उद्धृत गर्दा तपाईंले प्रयोग गरिरहने आफ्नै शब्दहरूको सन्तुलन हुनुपर्छ । यो सन्तुलन प्राप्त गर्न, तपाईंले लेखनीहरू अध्ययन गर्न प्रशस्त समय र ऊर्जा समर्पित गर्नुपर्छ र उनीहरूद्वारा आफ्ना विचारहरू र भावनाहरूलाई आकार दिन संभव बनाउनको लागि आवश्यकता पर्दछ ।

**खण्ड २**

पहिलो कथन जसको अध्ययन गर्नको लागि तपाईंलाई आह्वान गरिएको छ, त्यो मानवजातिको लागि एक शिक्षकको आवश्यकता बारे सम्बन्धित छ।

जब हामीले अस्तित्वको बारेमा विचार गर्छौं, तब हामीले देख्दछौं कि खनिज, वनस्पति र मानव जगतहरू, प्रत्येक र सबैलाई, एक शिक्षकको आवश्यकता पर्दछ। एउटा बगैचालाई एउटा मालीको आवश्यकता पर्दछ। प्रशस्त फसल उत्पादन गर्न जमिनलाई किसानको आवश्यकता पर्दछ। यदि मानिसलाई जंगलमा एक्लै छोडिदिने हो भने, उसले पशुको बाटो अपनाउँछ। यदि ऊ शिक्षित भएमा, उसले पूर्णताको महान उचाई प्राप्त गर्नसक्छ। यदि शिक्षकहरू नभएमा सभ्यता नै हुनेथिएन।

शिक्षा तीन प्रकारका हुन्छन्: भौतिक, मानवीय, र आध्यात्मिक। भौतिक शिक्षा शरीरको विकाससँग सम्बन्धित हुन्छ। मानवीय शिक्षा सभ्यता र प्रगतिसँग सम्बन्ध हुन्छ। यो प्रशासन, सामाजिक व्यवस्था, मानव कल्याण, उद्योग एवं व्यापार, कला र विज्ञान, महत्वपूर्ण आविस्कारहरू र महान खोजिहरूसँग सम्बन्धित हुन्छ। आध्यात्मिक शिक्षाको सम्बन्ध दिव्य पूर्णताहरू प्राप्त गर्नेसँग हुन्छ। किनभने यो साँचो शिक्षा हो, यसको सहायताले मानवजातिको आध्यात्मिक प्रकृति र उच्च प्रकृतिको विकास हुन्छ।

प्रगति गर्नको लागि, मानवतालाई एक यस्तो शिक्षकको आवश्यकता पर्दछ जसको भौतिक, मानवीय र आध्यात्मिक शिक्षकको रूपमा स्पष्ट अख्तियार प्राप्त भएकोहोस्। यदि कसैले भन्छ भने, “मलाई अत्यधिक बुद्धिमत्ता प्राप्त छ, र यस्तो एक शिक्षकको मलाई कुनै आवश्यकता छैन,” उसले स्पष्ट तथ्यलाई अस्वीकार गरिरहेको हुनसक्छ। यो यस्तो पनि हुन सक्दछ जुन एउटा बच्चाले भनिरहेको छ, “मलाई कुनै शिक्षाको आवश्यकता छैन; मैले मेरै समझ र मेरै बुद्धिमत्ताले कामगर्ने छु र म स्वयंले उत्कृष्टता प्राप्त गर्नेछु।

मानवतालाई यस्तो एक परिपूर्ण शिक्षकको आवश्यकता सधैंभरि परिरहन्छ, जसले शरीरको पोषण र स्वास्थ्यसँग सम्बन्धित विषयहरूलाई व्यवस्थित गर्न सहायता मिलोस्, ज्ञान, आविष्कार, र, खोजलाई अगाडि बढाउन प्रेरित गर्न, र त्यसभन्दा पनि महत्वपूर्ण, त्यसमा चेतनाको वास्तविक जीवनमा स्वास भरिदिन सकोस्। कुनै पनि साधारण व्यक्तिले यी भीषण कार्यहरूलाई गर्नसक्दैन। यिनीहरूलाई पूरागर्ने शक्ति केवल ईश्वरीय प्रकटीकरणसँग हुन्छ। ती चुनिएका आत्माहरू हुन् जसलाई समय समयमा ईश्वरद्वारा मानवजातिलाई शिक्षा प्रदानगर्न सार्वभौमिक शिक्षकहरूको रूपमा पठाइएका हुन्छन्।

१. तपाईंको समूहमा कथनलाई धेरै पटक पढ्नुहोस् र यसमा भएको विषय वस्तुलाई राम्ररी जान्न एक अर्कोलाई मद्दत गर्नुहोस् । यहाँ प्रस्तुत गरिएका विचारहरूसँग सम्बन्धित प्रश्नहरू तपाईंले एक-अर्कोसँग सोद्धनु पर्छ र स्वभाविक रूपले र सजिलैसँग तिनीहरूलाई व्यक्तगर्न पनि अभ्यास गर्नुहोस् ।

२. अर्को, तपाईंको समूहमा छलफल गर्नुहोस् कि जुन विचारहरूलाई तपाईंले यहाँ व्यक्त गर्न सिक्नुभयो त्यसलाई वार्तालापमा कसरी प्रस्तुत गर्न सकिन्छ । स्पष्ट छ कि अचानक तपाईले आफ्ना मित्रहरूलाई शिक्षा तीन प्रकारका छन् भन्नुहुने छैन । तपाईंको लागि तब यस प्रकारका अन्तर्कृयाहरूको बारेमा विचारगर्न उचित हुनेछ जसमा उपरोक्त विचारहरू प्रासंगिक सावित हुन्छन् । सायद छलफलको विषय समाजको नैतिक पतन वा संसारको उन्नतिको लागि कसरी काम गर्ने बारे हुनसक्छ । ती विविध वार्तालापहरूमा चिन्तन गर्नुहोस्, जसामा मित्रहरू, परिवार सदस्यहरू, र परिचितहरूसँग तपाईं संलग्न हुनुहुन्छ । ती विषयहरूमध्ये जसको बारेमा उनीहरूले सोचिरहेका छन्, वा कुनै यस्तो होस् जो यस कथनमा दिइएका विचारहरूको वरिपरि छलफल गर्न अनुकूल हुन्छ ?

________________________________________________________
________________________________________________________
________________________________________________________
________________________________________________________
________________________________________________________
________________________________________________________

३. जुन विषयहरूमा अहिले तपाईंले अध्ययन गर्नुभयो ती विषयहरूको छलफलमा अक्सर प्रश्नहरू उठ्छन् । यदि कसैले तपाईंलाई सोधेमा यसको उत्तर कसरी दिनुहुन्छः “तपाईंले अहिले कुरागरिरहनु भएको ती शिक्षकहरू को को हुन् ?”

________________________________________________________
________________________________________________________
________________________________________________________

४. तल मानवजातिको एक शिक्षकको आवश्यकतासँग सम्बन्धित बहाउल्लाहका लेखनीहरूबाट लिइएका केही उद्धरणहरू दिइएका छन् । ती माथि चिन्तन गर्नुहोस् र कम्तिमा एउटालाई कण्ठस्थ पनि गर्नुहोस् । यस प्रकार तपाईंले पवित्र लेखनीहरूका अंशहरूलाई जब उपयुक्त हुन्छ तब आफ्नो वाणीमा मिलाउन सक्नुहुने छ ।

**“सधैं अघि बढिरहने सत्यतालाई अझ अघि बढाउनको निम्ति नै सारा मानिसहरूलाई सृष्टि गरिएको हो ।”**[१]

**“एक मात्र सत्य ईश्वरले, उनको कीर्ति अझ फैलियोस्, आफूलाई मानिसहरू समक्ष प्रकट गराउनुको उद्देश्य हो ती रत्नहरूलाई प्रकाशमा ल्याइदिनु जुन उनीहरूको शाश्वत तथा अन्तरतम सत्वको खानीमा लुकेका हुन्छन् ।”**[२]

**“मानिसहरू समक्ष आफ्ना दूतहरू पठाउनुमा ईश्वरको उद्देश्य दोहोरो छ । पहिलो हो मानिसका सन्तानहरूलाई अज्ञानताको अन्धकारबाट मुक्त गरेर सच्चा ज्ञानको प्रकाशमा पुऱ्याउनु । दोस्रो हो मानवजातिको शान्तिर र स्थिरता सुनिश्चित गर्नु, अनि तिनको स्थापना गर्न चाहिने सम्पूर्ण साधनहरूको व्यवस्थ गर्नु ।”**[३]

**“हर समय र हर परिस्थितिहरूमा मानिसहरूलाई एउटा यस्तो आवश्यकता पर्दछ उनीहरूलाई प्रेरित गर्नु, उनीहरूलाई मार्गदर्शन गर्नु र निर्देशन दिनु र उनीहरूलाई शिक्षा दिनु ।”**[४]

**खण्ड ३**

निम्न अनुच्छेदहरूले वर्णन गर्दछन् कि कसरी ईश्वरलाई केवल उनका अवतारहरूद्वारा जान्न सकिन्छ र तपाईले आफ्ना मित्रहरूसँग कुराकानी गर्दा सहयोग हुनेछ ।

असीम ब्रह्माण्डको विषयमा सोंचौ । के यो सम्भव छ कि एक सृष्टिकर्ता बिना यसको सृष्टि भएको होला ? अथवा, के सृष्टिकर्ताको वास्तविकतालाई उनीद्वारा सृजित गरिएका वस्तुहरूले कहिल्यै बुझ्न सक्छ ? यदि हामीले सम्पूर्ण सृष्टिलाई हेर्ने हो भने, हामीले पाउछौं कि जेसुकै निम्न छ उसले उच्च शक्ति भएकोलाई बुझ्न सक्दैन । यसरी ढुङ्गा र रुख, जतिसुकै विकसित भएपनि कहिल्यै हेर्ने र सुन्ने शक्तिको कल्पनासम्म गर्नसकिन्न । पशुले कहिल्यै पनि मानवजातिको वास्तविकतालाई बुझ्न सक्दैन र मानव आत्माका शक्तिहरूबारे अवगत पनि हुँदैन । त्यसकारण हामीले कसरी, जो सृजित छौं, हाम्रो स्रष्टाको वास्तविकता बुझ्न सकौंला र ?

उद्यपि हाम्रो समझ ईश्वरमा कहिल्यै पनि पुग्न सक्दैन, तर हामी उहाँलाई जान्नबाट वञ्चित भने गरिएका छैनौं । समय समयमा एक विशेष जीव यस पृथ्वीमा प्रकट हुन्छन् उनी ईश्वरका अवतार हुन् । सम्पूर्ण पूर्णता, दानशीलता, र प्रताप जो ईश्वरमा हुन्छन् यी पवित्र अवतारहरूमा पनि देख्न सकिन्छ, जसरी सूर्यका किरणहरू एउटा सफा, पालिस गरिएको ऐनामा देख्न सकिन्छ । ऐनाले सूर्यलाई प्रतिविम्बित गर्छ भन्नुको अर्थ सूर्य आफ्नो उचाइबाट ओर्लिएर ऐनामा समाहित हुन्छ भनेको होइन । यसरी नै, ईश्वर पवित्रताको

स्वर्गबाट अस्तित्वको यस जगतमा ओर्लनु हुँदैन । यसको मतलव यो होः ईश्वरका नामहरू, गुणहरू र पूर्णताहरूको विषयमा जेसुकै यी सबै मानवताले जन्दछ, सिक्छ र बुझ्दछ यसले उनका पवित्र अवतारहरूलाई इङ्गित गर्दछ ।

१. तपाईंको समूहमा यो कथनलाई धेरै पटक पढ्नुहोस् र  यसको विषयवस्तुको बारेमा एक-अर्कोलाई प्रश्नहरूको उत्तर दिएपछि, तपाईंले यी विचारहरूलाई सजिलैसँग भन्नको लागि अभ्यास गनुपर्छ ।

२. अब तपाईंको समूहमा छलफल गर्नुहोस् कि तपाईंले जुन विचार यहाँ सिक्नु भयो त्यसलाई कसरी स्वभाविक रूपबाट एउटा वार्तालापमा शामिल गर्न सकिन्छ । उदाहरणको लागि, यसलाई ईश्वरको अस्तित्व वा जीवनको उद्देश्यबारे छलफलगर्दा सजिलैसँग गर्न सकिन्छ । तपाईंको परिवार र मित्रहरू बीचको कुराकानीमा उठाइएका अन्य विषयहरू र प्रश्नहरू के के हुन् जसले तपाईंलाई यी विचारहरू साझा गर्ने सम्भावना प्रदान गर्दछ ?

______________________________________________________________
______________________________________________________________
______________________________________________________________
______________________________________________________________
______________________________________________________________

३. मानौं कि तपाईंका मित्रहरूसँग एक वार्तालापमा, तपाईंले ती विचारहरूलाई प्रश्तुत गर्ने अवसर मिलेको छ जसलाई तपाईंले अहिले अध्ययन गर्नु भएको थियो । यदि ती मध्ये कसैले यो प्रश्न गऱ्यो भन तपाईंले कसरी उत्तर दिनुहुन्छः "उहाँका अवतारहरूद्वारा ईश्वरबारे हामीले थाहा पाएका केही कुराहरू के के हुन् ?"

______________________________________________________________
______________________________________________________________
______________________________________________________________

४. तपाईंले बहाउल्लाहका लेखनीहरूबाट लिइएका निम्नलिखित अंशहरूमध्ये एक वा धेरैलाई कण्ठस्थ गर्न सक्नुहुन्छ जसलेगर्दा यस विषयमा जब आफ्ना मित्रहरूसँग कुरागर्दा तिनीहरूलाई उद्धृत गर्न सक्नुहुन्छः

**"जो सत्यको सूर्यबाट निसृत हुन्छन् त्यस्ता तेजस्वी जीवहरूबारे नजानिकन र उनीहरूलाई नभेटिकन उनको ज्ञान र उनको प्राप्ति असम्भव छ जो समस्त वस्तुहरूका स्रोत हुन् ।"**[५]

**"ईश्वरको अवतार सदा-सर्वदा ईश्वरका प्रतिनिधि एवं प्रवक्ता हुन्छन् । साँचो अर्थमा उनी ईश्वरका सर्वोत्कृष्ट उपाधिहरूको दिवा-वसन्त एवं उनका उत्कृष्ट सद्गुणहरूको उद्गम स्थल हुन् ।"[६]**

**"यसलाई निश्चित गरेर मान, ईश्वरका प्रत्येक अवतारले आजसम्म गरेका प्रत्येक काम, अझ ती कामसित सम्बद्ध कुनै पनि कुरा र भविष्यमा हुनसक्ने कुनै पनि कुरा ईश्वरले नै निर्दिष्ट गरेका हुन् र ती सबै कुरा उनकै इच्छा र उद्देश्यका प्रतिबिम्व हुन् ।"[७]**

**खण्ड ४**

धर्मको एकात्मकता धेरैलाई रुचिको विषय हुनसक्छ, र निम्नलिखित विचारहरूले धेरै अवसरहरूमा तपाईलाई सहयोग मिल्ने छः

हामी प्रकाशको प्रेमी हुनुपर्छ, त्यो प्रकाश जहाँसुकैबाट आओस् । हामी गुलाफको प्रेमी हुनुपर्छ त्यो गुलाफ जुनसुकै बगैचामा फुलोस् । हामी सत्यको साधक हुनुपर्छ, त्यो सत्य जुनसुकै स्रोतबाट आओस् । एउटा दीपकप्रतिको आशक्तिले हामीलाई अर्को दीपकबाट चम्केको प्रकाश मनपराउन दिंदैन । सत्यको खोजीगर्नको लागि स्वयंले आफैलाई समस्त विचारहरू र पूर्वकल्पित धारणाहरूबाट अवश्य पनि मुक्त हुनुपर्दछ । यदि हाम्रो प्याला अहमले भरिएको छ भने, त्यहाँ जीवन जलको लागि कुनै स्थान हुँदैन ।

धर्म विश्वको प्रकाश हो । यसले हाम्रा पाइलाहरूलाई मार्गदर्शन गर्दछ र अनन्त आनन्दका द्वारहरू खोलिदिन्छ । जब हामीले सबै महान धर्महरूको खोजी गर्छौं, हठधर्मिता र अन्धो नक्कलका प्रतिबन्धहरूबाट स्वतंत्र हुन्छौं, हामीलाई थाहा हुन्छ कि ती सबैको आधार एउटै हो । ती सबै ईश्वरको ज्ञानबाट प्रकट हुन्छन् । उनीहरूले मानव जगतको प्रगति चाहन्छन् ।

निश्चित रूपमा समय र स्थानका आवश्यकता अनुसार प्रत्येक धर्मद्वारा विस्तारित सामाजिक कानून र नियमहरूको बीच विभिन्नता छन् । तर सबै धर्महरूको सार एउटै हो । ती आस्था, ज्ञान, निश्चितता, न्याय, धर्मनिष्ठा, उच्च विचारधारा, विश्वसनीयता ईश्वर प्रेम र परोपकारिता विकसित गर्दछ । तिनीहरूले पवित्रता, अनाशक्ति, विनम्रता, सहनशीलता, धैर्य र स्थिरताबारे सिकाउँछन् । हरेक धर्मयुगमा मानविय गुणहरूलाई नविकरण गरिन्छ ।

यो दुर्भाग्य हो कि, पूर्वाग्रह र अन्धानुकरणको कारण धेरै मानिसहरूले धर्ममा अन्तर्निहित एकात्मकतालाई देख्न पाइरहेका छैनन् । मानवजतिलाई ईश्वरको मार्गदर्शन सत्य हो, र सत्यको कुनै विभाजन हुँदैन; यो एक हो । यदि हामीले पूर्वकल्पित धारणाहरूलाई एकातर्फ राखेर, स्वतंत्ररूपमा सत्यको खोजीगर्ने हो भने, हाम्रो खोजीले एकतातर्फ लैजान्छ । धर्मले

हामीलाई एकताबद्ध गर्नुपर्छ; यसले मानिसहरूको बीच प्रेमको बन्धन स्थापित गर्नुपर्छ। यदि यो शत्रुता र कलहको कारण बनेमा, तब यो नहुनु नै उपयुक्त हुन्छ।

१. पूर्ववर्ती खण्डमा जस्तै, तपाईंले आ-आफ्नो समूहमा यो कथनलाई पढ्नु पर्छ, र एकअकोसँग यी विचारहरूसँग सम्बन्धित प्रश्नहरू सोध्नुपर्छ, र तिनीहरूलाई राम्ररी व्यक्त गर्नको लागि अभ्यास गर्नुपर्छ।

२. तपाईंको समूहमा विचार गर्नुहोस् कि तपाईंले अध्ययन गर्नुभएका विचारहरूलाई वार्तालापमा कसरी मिलाउन सकिन्छ, भनौ, धार्मिक संघर्षको बारेमा, जुन धेरै मानिसका दिमागहरूमा हुन्छ। तर तपाईं आफैले धेरै मित्रहरूको बीचमा अधिप्रचारबाट अप्रभावित भएर सत्यको खोजिको महत्व बारे छलफल भइरहेको पाउनुहुन्छ। मित्र र छिमेकीहरू, सहकर्मीहरू र परिचितहरूसँग अहिले भएका वार्तालापहरूबारे पुनः विचार गर्नुहोस्। उनीहरूका मनका केही विषयहरू के के हुन् जो यी विचारहरूको वरिपरि रहेर एउटा छलफलबाट लाभान्वित हुनेछन्।

____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________

३. तपाईंले कसरी जवाफ दिनुहुन्छ यदि, वार्तालापमा, माथि दिइएका विचारहरूलाई कसैले सोध्यो भने, "सबै धर्महरूका सामान्य सत्यहरू के के हुन् ?"

____________________________________________________________
____________________________________________________________
____________________________________________________________

४. तपाईंलाई यो सुझाव दिइन्छ कि बहाउल्लाहका लेखनीहरूबाट निम्नलिखित कुनै एक वा दुई अनुच्छेदहरूलाई कण्ठस्थ गर्नुहोस्:

**"यसमा कुनै शंका छैन कि जुनसुकै जाति वा धर्मका भएपनि संसारका जनताहरूले एउटै स्वर्गीय स्रोतबाट प्रेरणा प्राप्त गर्दछन् र तिनीहरू सबै एउटै ईश्वरका जनताहरू हुन्।"**[८]

**"सबै धर्महरूका अनुयायीहरूसित मित्रता एवं बन्धुत्वको भावनाले मिलजुल गर।"**[९]

**"प्रभु धर्म एवं ईश्वरप्रतिको आस्थाको मूल उद्देश्य हो मानवजातिको एकता प्रवर्धन गर्नु तथा उनीहरूको हितको संरक्षण गर्नु...।"**[१०]

**"ईश्वरको धर्म हो प्रेम र एकताका लागि; यसलाई शत्रुता वा विभाजनको कारण नबनाऊ ।"[११]**

**खण्ड ५**

तपईंलाई अर्को विषय विज्ञान र धर्मको बीच सम्बन्धको बारेमा अध्ययन गर्न भनिएको छ ।

धर्म र विज्ञान बीच सहमति हुनुपर्छ । ईश्वरले हामीलाई विवेक र शक्ति प्रदान गरेका छन् जसलेगर्दा सत्य के हो हामीले बुझ्न सकिन्छ । विज्ञान र धर्म दुवैबाट विवेकका स्तरहरूमा पुग्न अपेक्षा गरिएको छ । त्यसकारण, तिनीहरू एकअर्कोसँग सहमत हुनुपर्दछ । तिनीहरू दुईवटा पखेटाहरू हुन् जसले मानवको बुद्धिमत्तालाई महान उचाइहरूमा उडाउन र ती दुई पखेटाहरू जसबाट मानवताले उडानभर्न सक्छ । एउटा मात्र पखेटा पर्याप्त हुँदैन ।

विज्ञान ईश्वरको एक उपहार हो । यसले भौतिक संसारका कानूनहरूलाई पत्तालगाउँछ र हामीलाई ती सीमाहरू पारगर्नमा सक्षम बनाउँछ जुन प्रकृतिले हामीमाथि लगाएको छ । वैज्ञानिक उपकरणहरूको सहायताले, आँखाले देख्न नसकिने वस्तुहरूलाई हामीले देख्न सक्छौं र एकै क्षणमा धेरै टाढा टाढासम्म कुरागर्न सक्छौं । विज्ञानले वर्तमान र अतितलाई एक गरिदिन्छ र भविष्यका रहस्यहरूलाई भेदन गर्दछ । एउटा मानिसको प्रगति वैज्ञानिक उपलब्धिहरूमा निर्भर गर्दछ ।

ईश्वरको धर्म सत्यको प्रवर्तक, ज्ञानको समर्थक, र मानवजातिको सभ्यकर्ता हो । धर्म बिना, विज्ञान भौतिक वादलाई अगाडि बढाउने मात्र एक उपकरण बन्दछ, जसले अन्त्यमा निराशातिर लैजान्छ । जब धर्मले विज्ञानको विरोध गर्दछ, त्यो केवल अन्धविश्वास बन्दछ । यदि धर्म र विज्ञान सद्भावकासाथ सँगसँगै हिंडेमा मानवजातिलाई दुःखदिने धेरैजसो घृणा र तितोपनको अन्त्य हुनेछ ।

१. पहिले जस्तै, कथनलाई आफ्नो समूहमा धेरैपटक पढ्नुहोस्, अनुच्छेदलाई एक एक गरेर, एकअर्कोसँग प्रश्नहरू सोध्दैजानुहोस् जबसम्म तपाईंले स्वभाविक रूपले विषयवस्तुलाई सजिलैसँग व्यक्तगर्न सिक्नु भएको छैन ।

२. कसैले निम्नकुरा भनेमा तपाईंले कसरी जवाफ दिनुहुन्छः "धर्म अतीतको कुरा हो; विज्ञानले मानवताका सम्पूर्ण समस्याहरू समाधान गरिदिन्छ ।" के तपाईंको लागि यो स्पष्ट गर्न उपयोगी होला, धर्म र अन्धविश्वास एउटै होइन, तर यो विज्ञान बिना यस्तो भएर जान्छ, र धर्म बिना उहीं विज्ञान भौतिकवादबाट जन्मेको निरासातिर जानेछ ? यो कसरी हुन्छ के तपाईंले उदाहरणहरू दिन सक्नुहुन्छ ?

____________________________________________________________

____________________________________________________________

______________________________________________________________________
______________________________________________________________________
______________________________________________________________________

३. यो सुझाव दिइन्छ कि बहाउल्लाहका लेखनीहरूबाट लिइएका निम्नलिखित खण्डहरूमध्ये एक वा धेरैलाई कण्ठस्थ गर्नुहोस्:

**"यी अनुग्रहमध्ये पहिलो र प्रमुख, जो सर्वशक्तिमानले मानिसलाई प्रदान गर्नुभएको छ त्यो हो समझको उपहार...। यो उपहारले मानिसलाई सबै वस्तुहरूको सत्य पहिचानगर्ने शक्ति प्रदान गरेको छ, त्यसलाई उसले कुन कुरा ठिक हो, र सृष्टिको गोप्य कुरा पत्ता लगाउन मद्दत गर्नको लागि उसलाई डोऱ्याउँछ।"**[१२]

**"संसारतिर हेर र केही क्षण यसबारे विचार गर। यसले तिम्रो आँखा अगाडि आफ्नो पुस्तक अनावरण गरिदिन्छ र यो प्रकट गरिदिन्छ कि जो तिम्रा स्वामीका कलमले सर्वश्रेष्ठ रचनाकार, सर्वसूचितले यसमा अंकित गरिदिएक छन्।"**[१३]

**"ज्ञान मानज जीवनका लागि पखेटाहरू समान हुन्, र माथि जानको लागि एउटा भऱ्याङ्ग। यसको आर्जन सबैको लागि परमावश्यक छ।"**[१४]

**खण्ड ६**

मानवताको एकता यस्तो विषय हो जसले आज जतातत्तै मानिसका हृदयहरूमा गुञ्जिरहेको छ, र धेरै मानिसहरूले तल दिइएका विचारहरूलाई छलफलगर्न तपाईंलाई स्वागत गर्नेछन्:

एउटा बगैचा जहाँ फूलहरू रङ्गिबिरङ्गी र सुगन्धले भरिएर सँगसँगै उम्रेका छन् र आँखालाई सुन्दर लागिरहेको छ। यसरी भिन्न हुँदाहुँदै पनि प्रत्येक फूललाई एउटै वर्षाले ताजा बनाएको छ र एउटै सूर्यबाट न्यानो प्राप्त भएको छ। मानवताको विषयमा पनि यहीं सत्य हो। यहीं भिन्नता जाति र रङ्गहरूमा पनि बनेको छ। परन्तु सबै एउटै ईश्वरबाट सृष्टि भएकाहुन्, र सबैको उद्गम एउटै हो। यहीं भिन्नता मानव परिवारमा एउटा सदभावको स्रोत हुनुपर्दछ, जस्तो कि संगीतमा विभिन्न सुर मिलाएर एक पूर्ण राग बन्नजान्छ।

अस्तित्वको लागि एकता अनिवार्य हुन्छ। प्रेम त जीवनको मूल कारण नै हो। भौतिक संसारमा सबै वस्तुहरूको तत्वहरूलाई आकर्षणको कानूनको कारणले एकैसाथ बाँधेको हुन्छ। आकर्षणको नियमले गर्दा विभिन्न खास तत्वहरूलाई एकै ठाउँमा जोडेर एउटा सुन्दर फूल बन्दछ। तर जब त्यो आकर्षण झिकिदिएपछि त्यो फूल ओइलाउँछ, कुहिन्छ र

बिलाउँछ । मानवता पनि यस्तै हो । आकर्षण, सामञ्जस्यता र एकता त्यस्ता शक्तिहरू हुन् जसले मानवतालाई एकजुट बनाउँछ ।

बहाउल्लाहले विश्वका सबै मानिसहरूलाई एकतावद्ध हुनको लागि एक योजना तयार गर्नुभएको छ । हामीले मानिसहरूलाई एकताको यस दायरामा ल्याउनको लागि हर सम्भव प्रयास गर्नुपर्छ । जब हामीले विभिन्न जातिहरू, राष्ट्रहरू, धर्महरू र हाम्रा आफ्नै मतहरू भन्दा भिन्न भएकाहरूलाई भेट्छौं भन यी भिन्नताहरूलाई आपसमा बाधा हुन दिनुहुँदैन । हामीले उनीहरूलाई मानवताको एउटा सुन्दर बगैचामा विभिन्न रङ्गका गुलाफहरू हुर्किरहेका छन् जस्तै सोच्नुपर्छ र उनीहरूको बीचमा भएको हुनाले प्रसन्न हुनुपर्छ ।

१. माथि दिइएको कथन अध्ययन गरेपछि, जस्तो कि तपाईंले पहिले पहिले पनि गर्नुभएको थियो, तपाईंको वरिपरि हुने धेरै वार्तालापहरूबारे सोच्नुहोस् । मानिसहरूको मनमा केही त्यस्ता विषयहरू के के हुनसक्छन् जसले उनीहरूसँग यी विचारहरू साझागर्न तपाईंलाई अवसर मिल्नेछ ?

________________________________________________________________
________________________________________________________________
________________________________________________________________
________________________________________________________________

२. मानवजातिको एकतामा एउटा वार्तालाप हाम्रो आफ्नो समुदायमा एकताको महत्वबारेमा छलफल सुरुगर्न सकिन्छ । के तपाईंले यसबारेमा केही शब्दहरू भन्न सक्नुहुन्छ कि हामीमध्येबाट प्रत्येकले यसमा कसरी योगदान पुऱ्याउन सक्छौं ?

________________________________________________________________
________________________________________________________________

३. तपाईंले निम्नलिखित उद्धरणहरूमध्ये एक वा धेरैलाई कण्ठस्थ गर्न सक्नुहुन्छ जसलेगर्दा आफ्ना मित्रहरूसँग यस विषयमा कुरागर्दा तिनलाई उद्धृत गर्न सक्नुहुन्छ:

**"एकताको पूजा-मण्डप खडा गरिएको छ; एक-अर्कालाई पराइ नठान । तिमीहरू त एउटै वृक्षका फलहरू हौ, र एउटै हाँगाको पातहरू हौ ।"**[१५]

**"एकताको प्रकाश यति शक्तिशाली छ कि यसले सम्पूर्ण विश्वलाई प्रज्ज्वलित पार्न सक्छ ।"**[१६]

**"एकतामा आफ्नो दृष्टि केन्द्रित गर, र यसको प्रकाशको आभालाई आफूमाथि चम्कन देऊ, तिमीहरू एकत्रित होऊ, र ईश्वरको खातिर तिमीहरूबीचको झगडाको कारण जे छ त्यसलाई उखलेर फ्याँक्ने संकल्प गर ।"**[१७]

**"मानिसले सङ्गति, दयालुता र एकतालाई बढवा दिने कुरालाई दृढतकासाथ पालन गर्नुपर्छ ।"[१८]**

**खण्ड ७**

निम्नलिखित कथनले तपाईंलाई न्यायको विषयमा छलफलको लागि योगदान दिनमा मद्दत गर्नेछ, जो अधिकांश मानिसहरूको सरोकारको विषय हो:

मानिसहरूको क्षमतामा भिन्नताहुनु मानव अस्तित्वको मौलिकता नै हो । त्यसकारण, यो सम्भव हुँदैन कि सबै मासिहरू हर प्रकरले एकै समान हुन् । तथापि, मानव क्रियाकलापहरू पूरै तरह न्यायको सिद्धान्तद्वारा प्रशासित हुनुपर्छ । न्याय अवश्य पनि पवित्र हुनुपर्छ, र सबै मानिसका अधिकारहरूको रक्षा पनि अवश्य हुनुपर्छ ।

न्याय सीमित हुँदैन; यो एउटा सर्वभौम गुण हो । मानव जीवनको हर भागमा लागूहुनु पर्दछ । समाजको प्रत्येक सदस्यलाई सभ्यताको लाभको आनन्द मिल्नुपर्दछ किनकि हामी सबै मानवतारूपी शरीरको सदस्य हौं । यदि यस शरीरको एउटा अङ्ग पीडित वा दुःखि छ भने अरू सबै अङ्गहरूले अवश्यमेव दुःख पाउँछन् नै । जब एउटा कष्टमा हुन्छ र तब अर्को कसरी आराममा रहन्छ ? आजको समाजमा आवश्यक पारस्परिक आदान प्रदान एवं सामञ्जस्यताको अभाव छ; यो राम्रोसँग व्यवस्थि भएको छैन । यस्ता कानून र सिद्धान्तहरूको आवश्यकता छ जो समस्त मानव परिवारको कल्याण र प्रसन्नतालाई सुनिश्चित गर्नेछ ।

न्याय पुरस्कार एवं दण्डका स्तम्भहरूमा आधारित हुन्छ । दैविय दण्डबाट भयरहित आस्था बिहिन मानिसद्वारा संचालित सरकारहरूले अन्यायपूर्ण कानूनहरू लागू गर्दछन् । यदि उत्पिडनलाई रोक्ने हो भने पुरस्कारको आशा र दण्डको भय दुवैको आवश्यकता हुन्छ । विधायकहरू र कानूनहरूका प्रशासकहरूले आफ्नो निर्णय गर्दा आध्यात्मिक परिणामहरूप्रति अवश्य सचेत हुनुपर्छ । कुनै प्रशासक आफ्नो कृत्यका लागि यस संसारिक जीवन पछि पनि उत्तरदायी ठहरिने कुरा जान्दछ भने ऊ न्यायपूर्ण तवरले कामगर्न प्रेरित हुन्छ । आफ्ना फैसालाहरू दिव्य न्यायका तराजुमा जोखिने छन् भन्ने जान्ने शासकले अवश्यमेव दमनदेखि परहेज गर्छ ।

१. एक पटक जब तपाईंले उपरोक्त विचारहरूलाई स्वभाविक रूपले व्यक्तगर्न सिकेपछि, जब यस कुरामा विचार गर्नु कि वार्तालापको कुन विषयमा व्यक्तव्यका अन्तर्दृष्टिहरूबाट लाभान्वित भइन्छ ।

________________________________________________________________
________________________________________________________________

२. अन्याय कहिल्यै समाप्त हुँदैन भन्ने कुनै यस्तो व्यक्तिलाई तपाईले कसरी जवाफ दिनुहुन्छ ?

________________________________________________________________
________________________________________________________________
________________________________________________________________

३. तल बहाउल्लाहका पवित्र लेखनीहरूबाट न्यायसँग सम्बन्धित केही उद्धरणहरू दिइएका छन् जसलाई कण्ठस्थ गर्नको लागि तपाईलाई प्रोत्साहित गरिन्छ ।

**"मानिसको प्रकाश हो न्याय । यसलाई दमन र अत्याचारका विपरित हवाले नमास । न्यायको उद्देश्य हो मानिसहरूबीच एकताको प्रादुर्भाव ।"[१९]**

**"न्यायको प्रकाशसँग कुनै अर्को प्रकाशको तुलना हुन सक्दैन । संसारको सुव्यवस्था र मानवजातिको स्थिरता यसैमा निर्भर गर्दछन् ।"[२०]**

**"संसारलाई अनुशासित गर्ने न्याय नै हो, कारण यसलाई पुरस्कार दण्डका दुईटा खम्बाहरूले अडाएका छन् । यी दुई खम्बाहरू संसारमा जीवनका स्रोतहरू हुन् ।"[२१]**

**खण्ड ८**

धनी र गरिब बीचको खाडल हर बित्दै गइरहेको दिनमा, झन् झन् बढ्दै गइरहेको छ, र निम्नलिखित कथनले यो र यससँग सम्बन्धित विषयहरूमा मित्रहरूसँग वार्तालापगर्दा मद्दत मिल्ने छ ।

आज, पारस्परिक आदान-प्रदान र सामञ्जस्यताका सम्बन्धहरूको कमीको कारण, समाजका केही सदस्यहरू संतुष्टछन्, धेरै आराम र बिलासितामा बसिरहेकाछन्, जबकि अरूहरू भने खाना र आश्रयको अभावमा छन् । कोही अत्यधिक समृद्ध छन्, अरूहरू अत्यन्तै गरिबी हालतमा गुजरा गरिरहेका छन् ।

समाजका कानूनहरू यसरी तर्जुमा र लागूगरिनु पर्दछ कि यो सम्भव नै नहोस् कि केहीले अत्यधिक धन संग्रहित गर्नसकून र अन्य दरिद्र होउन् । यसको मतलव यो होइन कि सबै

अवश्य नै समान हुनुपर्छ, किनभने स्तर र क्षमतामा भिन्नता हुनु सृष्टिमा निहित हुन्छ । तर निराशाजनक गरिबीको साथमा धनको दुःखद अत्याधिकतालाई उन्मूलन गर्न सकिन्छ । यदि कुनै पूँजिपतिद्वारा सम्पत्ति राख्नु सही हो भने, तब यो पनि उत्तिकै न्यायपूर्ण हो कि श्रमिकसँग जीवन यापनगर्न पर्याप्त साधन हुनुपर्छ । जब हामीले अत्यधिक विपन्नता देख्दछौं, तब कहीं न कहीं हामीले अत्याचार भएको पाउँछौं ।

विषयको सार यस्तो हो कि दिव्य न्याय मानव परिस्थितिहरूमा अवश्य नै प्रकट हुनुपर्दछ । सम्पूर्ण आर्थिक स्थितिको आधारभूत कुराहरू दैवी प्रकृतिका हुन्छन् हृदय एवं आत्माको संसारसँग जोडिएका छन् । धनीले आफ्नो प्रचुरताबाट दिनुपर्छ;उनीहरूले आफ्ना हृदयहरूलाई कोमल बनाउनु पर्दछ र एक करुणामय बुद्धिमत्ता विकसित गर्नुपर्छ । हृदयहरू एकसाथ यत्ति बलियोसँग जोडिएको हुनुपर्छ कि, प्रेम यत्ति प्रभावशाली हुनुपर्दछ कि धनीहरूले स्थायीरूपमा आर्थिक समायोजन स्थापना गर्न स्वेच्छाले पाइला चाल्नेछन् । उनीहरू आफैले यो कुरा महसूस गर्नुपर्छ कि यो न न्यायपूर्ण हो वा न त वैध नै हो, उनीहरूसँग अत्यधिक संपत्ति छ भने समुदाय अत्यन्तै गरिबीको समस्यामा परेको छ । यसप्रकार, उनीहरूले स्वेच्छाबाट आफ्नो धन दिन इच्छुक हुनेछन्, आफूसँग यत्ति राख्नेछन् कि उनीहरू स्वयं आरामका साथ जीवनयापन गर्न सकून् ।

१. कथनलाई पढ्नुहोस् र सामान्य तरिकाले आफ्नो समूहमा अध्ययन गर्नुहोस् । मानिसहरूका मनहरूमा धेरै विषयहरू हुनसक्छन् जो सम्पत्ति र गरिबीसँग सम्बन्धित छन्- रोजगार, पारिश्रमिक, आवास, यीभन्दा अन्य केही नाम । के तपाईले अन्य केही विषयहरूको बारेमा सोच्न सक्नुहुन्छ जसको चर्चाले यस कथनमा दिइएका विचारहरूबाट लाभान्वित हुनेछन् ?

__________________________________________________________
__________________________________________________________
__________________________________________________________
__________________________________________________________

२. तपाईले जवाफ के दिनुहुन्छ यदि कुनै व्यक्ति जसले तपाईंका माथि दिइएका विचारहरू राख्ने समयमा सुनेको छ, उसले तपाईंसँग निम्नलिखित प्रश्नहरू सोध्छः के तपाईंले भनिरहनु भएको छ कि धनीहरूले बुझ्ने छन् र करका कडा कानूनहरूलाई समर्थन गर्दछन्, र उनीहरूले वास्तवमा के गर्नुपर्छ भनेर स्वेच्छाले तिर्नेछन् ? तपाईंलाई कस्तो लाग्छ के यो सम्भव छ ?

__________________________________________________________
__________________________________________________________
__________________________________________________________

३. बहाउल्लाहका यी लेखनीहरूबाट एक वा दुई उद्धरणहरू कण्ठस्थ गर्न तपाईंलाई सुझाव दिइन्छः

**"...तिमीहरूले अत्यन्त सुन्दर र स्वादिष्ट फल फलाउनु पर्छ जसबाट तिमीहरू स्वयंलाई र अरूलाई पनि लाभ होस्। त्यसकारण सबैले आ-आफ्नो कलाकौशल र व्यवसायमा लाग्नुपर्छ किनकि त्यहीमा नै सम्पत्तिको रहस्य लुकेको छ, हे ज्ञनी मानव हो !"**[२२]

**"तिम्रा आँखाहरू यदि दयातर्फ उन्मुख भएमा, तब तिमीलाई फाइदाहुने वस्तुहरूको त्याग गर र मानवजातिलाई फाइदा हुने कुराहरूमा मात्र टाँसिएर बस। र यदि तिम्रा आँखाहरू न्यायतिर फर्किएका छन् भने, तिमीले आफ्ना छिमेकीहरूलाई छान जुन तिमिले आफ्नै लागि रोजेका छौ।"**[२३]

**"धन्य छ ऊ जसले आफैलाई भन्दा पहिले आफ्नो भाइलाई प्राथमिकता दिन्छ।"**[२४]

**"असल कार्य कहिल्यै नाश हुनेछैन, किनकि परोपकारी कार्यहरू कार्य गर्नेहरूको फाइदाको लागि ईश्वरसँग सुरक्षित राखिएको खजाना हो।"**[२५]

**"...संयमताको सीमालाई ननाघ, र (अपव्ययी) असाधारणहरूको बीचमा आफूलाई गणना गर।"**[२६]

**खण्ड ९**

तल केही विचारहरू दिइएका छन् जो पूर्वाग्रह विषयको छलफलमा भागलिंदा तपाईलाई सहायता मिल्ने छ।

पूर्वाग्रह यसका सबै रूपहरूमा देखिन्छन्-धार्मिक, जातीय, लैंगिक, जनजातिय, आर्थिक-यसले मानवताको भवनालाई नष्ट पारिदिन्छ र ईश्वरका आज्ञाहरूको विरुद्धमा हुन्छ। हज्जारौं वर्षदेखि मानवता यी पूर्वाग्रहबाट कुनै न कुनै कारणबाट युद्ध र रक्तपातबाट पिडित रहेको छ। जबसम्म यो रहिरहन्छ तबसम्म मानवतालाई शान्ति मिल्नेछैन।

ईश्वरले आफ्ना अवतारहरूलाई प्रेम र एकता स्थापनागर्ने एकमात्र उद्देश्य लिएर पठाएका छन्। सबै दैवीय पुस्तकहरू प्रेमको शब्दले लेखिएका छन्। यदि तिनीहरू मनमुटावको कारण सिद्ध भएमा, तिनीहरू फलहिन भएकाछन्। त्यसकारण, धार्मिक पूर्वाग्रह ईश्वरको इच्छा र आज्ञाको विपरित छ।

राष्ट्रिय पूर्वाग्रहलाई कुनै हालता पनि उचित ठहराउन सकिंदैन। पृथ्वी एउटा धरती हो, एउटा देश हो। रेखा र सीमाहरू जसले राष्ट्रहरूलाई अलग गराउँछन् ती काल्पनिक हुन्;

ती ईश्वरद्वारा बनाइएका होइनन् । मानिसहरूले एक नदीलाई दुई देशहरू बीच सीमारेखा मानेर घोषित गर्दछन्, प्रत्येक किनाराको नाम राख्छन्, जबकि नदी दुवैको लागि बनाइएको थियो र सबैको लागि एक प्राकृतिक धमनी हो । के यो कल्पना र अज्ञानता होइन, जुन जीवनका अनुकम्पाहरूलाई युद्ध र विनाशको कारण बनाउनको लागि मानिसहरूलाई उत्तेजित बनाउँछ ?

जातीय पूर्वाग्रह अरू केही होइन केवल अंधविश्वास हो । कुनै व्यक्तिको छालाको रङ्ग, जलवायु र वातावरण अनुसार समयको साथसाथै उसका पूर्वजहरूको अनुकूलनको परिणाम हो । चरित्र नै मानवताको साँचो मापदण्ड हो । उत्कृष्टता जाती र रङ्गमा निर्भर गर्दैन । आस्था, हृदयको पवित्रता, असल कर्म र प्रशंसनीय भाषा नै ईश्वरको संघारमा स्वीकार्य छ ।

सबभन्दा लामो समयसम्म, महिलाहरूलाई पुरुषहरूको अधीनमा राखियो र तिनीहरूमाथि अत्याचार गरियो । पुरुष र महिलाबीच अन्तर भौतिक संसारको एक आवश्यकता हो, आत्माको संसारमा तिनीहरू समान छन् । ईश्वरको मूल्याङ्कनमा, पुरुष र महिलामा कुनै भेदभाव छैन । सम्पूर्ण मानवजातिलाई उनले बुद्धि र समझसँगै सम्पन्न गरेका छन् । सबैमा सद्‌गुणहरू प्राप्तगर्ने क्षमता छ । आज यस्तो कुनै परिस्थिति छैन जसमा कुनै व्यक्तिको लिंगलाई भेदभाव गर्नको लागि आधार प्रदान गर्दछ ।

पुरानो विधान (ओल्ड टेस्टामेण्ट) को शब्दअनुसार, ईश्वरले भनेका छन् कि, “हामीले मानिसलाई आफ्नै स्वरूपमा र आफ्नै समानतामा बनाएका छौं ।” यो स्पष्टरूपमा महिलामा पनि लागूहुन्छ । मानवताको रचना ईश्वरको स्वरूपमा गरिएको छ; भन्नुको तत्पर्य यो हो कि दिव्य गुणहरू मानवीय वास्तविकतामा प्रतिबिम्बित र प्रकटित हुन्छ । यो समस्त मानवताको लागि सत्य हो । यो दावीगर्नु कत्ति अनुपयुक्त छ भने केवल एउटै रङ्ग, जातियता वा राष्ट्रियताको रचना ईश्वरको स्वरूपमा गरिएको छ । केवल धनीहरू मात्र उहाँको छविमा बनाइएका थिए, ईश्वरको निकटताको मापदण्डलाई समाजको उच्च स्थानमा मान्नु कत्ति निरर्थक हुन्छ । मानवताले पूर्वाग्रहको त्याग र आभा साम्राज्यको नैतिकताको आर्जनबिना मानवताको प्रकाश प्राप्त गर्न सक्दैन ।

१. यस कथनको अध्ययन पहिलेका कथनहरू जस्तै गरेर गर्नुहोस् र फेरि आफ्ना मित्रहरू र छिमेकीहरूद्वारा वार्तालापको समयमा बनाइएका केही चुनौतिहरू बारे सोच्नुहोस् जसले पूर्वाग्रह उन्मूलनको लागि माग गर्दछ ।

____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________

२. उपरोक्त विचारहरूलाई तपाईंले साझागर्दै जाँदा कुनै श्रोताले तपाईंलाई सोधेमा, "के हामीसँग पूर्वाग्रह छ र यसबारे हामीलाई थाहा नै थिएन ? तपाईंको जवाफ के हुन्छ ?

______________________________________________________________________
______________________________________________________________________
______________________________________________________________________

३. तपाईंले यी कुराहरूबारे छलफलगर्दा बहाउल्लाहका पवित्र लेखनीहरूबाट निम्नलिखित उद्धरणहरूमध्ये कुनै न कुनैलाई समावेसगर्ने अवसर मिल्नसक्छ ।

**"पृथ्वी एउटै देश हो र मानवजाति यसका नागरिकहरू हुन् ।"**[२७]

**"संसारका सबै विरुवाहरू एउटै वृक्षबाट उत्पन्न भएका हुन् र सबै थोपाहरू एउटै महासागरबाट, र सबै प्राणीहरूको अस्तित्व तीएक महान जीवबाट भएको हो ।"**[२८]

**"साँच्चै नै त्यो व्यक्ति आदर्श व्यक्ति हो, जसले आज आफूलाई समग्र मानवजातिको सेवामा समर्पित गरेको छ ।"**[२९]

**"एक असल चरित्रको प्रकाशले सूर्यको प्रकाश र उसको चमकलाई पार गरिदिन्छ ।"**[३०]

**"मानिसको विशिष्टता आभूषण वा समृद्धिमा हैन, अपितु, सद्‌गुण व्यवहार एवं समझमा हुन्छ ।"**[३१]

**"भगवानले तपाईंको अन्धविश्वासका मूर्तिहरूलाई चकनाचुर पार्न र मानिसहरूका कल्पनाका पर्दाहरूलाई च्यात्नको लागि सबै परिस्थितिहरूमा कृपापूर्वक सहायता प्रदानगर्न सक्छन् ।"**[३२]

**"जो निरर्थक विवाद मात्र गर्छ र आफ्नो भाइभन्दा अघि बढ्ने चेष्टा गर्छ त्यहीं नै सबभन्दा बढी प्रमादी व्यक्ति हो ।"**[३३]

**खण्ड १०**

महिला र पुरुषको समानतामा मित्रहरूका वार्तालापहरूको समयमा तपाईंले धेरै पटक निम्नलिखित कथनका विचारहरूबाट लाभ उठाउन सक्नुहुन्छ ।

भौतिक सूर्यले आफ्नो प्रकाश र तापद्वारा पृथ्वीमा भएका सबै कुराहरूको यथार्थहरूलाई प्रकट गराउँछ । वृक्षमा लुकेका फल सूर्यको शक्तिको प्रत्युत्तरमा हाँगाहरूमा प्रकट हुन्छन् । यसै प्रकार आध्यात्मिक आकाशमा आफ्नो पूर्ण भव्यताले दीप्तिमान सत्यको सूर्यले यस्ता

वास्तविकताहरूको प्रकट गरेको छ जो अतीतमा स्पष्ट थिएन । त्यसैले यस युगमा महिला र पुरुष बीचको समानताको नियमलाई पूर्णतया मानिएको छ र यो एक स्थापित तथ्य हो ।

बहाउल्लाहले अत्यन्त स्पष्ट तरिकाले भन्नु भएको छ, "ईश्वरको दृष्टिमा महिला र पुरुषहरू बीच कुनै विभेद छैन ।" युगौंदेखि चलिरहेको असमानता पुरुषको उत्कृष्टताले गर्दा भएको हैन; यो त केवल यस कारणले भएको हो कि महिलाहरूलाई आफ्ना क्षमताहरू विकसित गर्न उत्तिकै अवसरहरू दिइएको थिइएन । उनीहरू विरुद्धको पूर्वाहग्रहको बाबजूद इतिहासमा त्यस्ता अनगिन्ती महिलाहरूको जीवन अङ्कित छ जसले महानतम उपलब्धिहरू हासिल गरेका थिए ।

यस्तै एक महिला फारसकी कवयत्री ताहिरा थिइन् । उनको जन्म १८०० दशकको सुरुवातमा एक यस्तो एउटा देशमा भएको थियो जहाँ महिलाहरू पूर्णतया पुरुषको अधिनमा थिए । उनी ईश्वरको नयाँ प्रकटीकरणको सत्यलाई स्वीकार गर्ने पहिलो महिला थिइन् । जब तिनले नयाँ दिनको उदयलाई देखिन्, उनी आश्वस्त भइन् कि महिला र पुरुषहरूको समानताको वास्तविकतालाई स्वीकारगर्ने समय आएको थियो । तिनले आफ्नो ऊर्जालाई यस सत्यको घोषणाको लागि समर्पित गरिदिइन् । उनको ज्ञान र वाकपटुताले उनको समयका ज्ञानी पुरुषहरूलाई पनि छक्क पारिदियो । यद्यपि, एक निरंकुश राजा एवं एक अज्ञानी र अहंकारी धर्माधिकारीका सारा शक्ति उनको विरुद्धमा थियो तर क्षणमात्र पनि तिनी सत्य बोल्नबाट हिचकिचाइनन् र अन्त्यमा तिनले आफ्नो जीवन त्यस नयाँ धर्मको लागि बलिदान गरिन् जसलाई उनले यति दृढताकासाथ अपनाएकी थिइन् ।

ईश्वरले नचाहेको कुरामा विश्वास गर्नु भनेको अज्ञानता र अन्धविश्वास हो । आज महिलाहरूलाई शिक्षित हुन र मानवीय प्रयासका समस्त क्षेत्रहरूमा पुरुषसँगको समानताको स्थान पाउन प्रत्येक अवसर दिइनु पर्दछ । आध्यात्मिक लोकमा जस्तै महिला र पुरुषहरूको समानता यस संसारमा एउटा यथार्थ नभएसम्म मानवजातिको सच्चा प्रगति सम्भव छैन ।

१. सधैंझैं तपाईंले आफ्नो समूहमा यस कथनलाई अध्ययन र विचारहरूलाई भन्ने अभ्यास गर्नुपर्छ । के तपाईंले हालै आफ्ना मित्रहरूसँग कुनै कुराकानी भएको छ जो यसमा दिइएको अन्तर्दृष्टिबाट लाभान्वित भइयो ? छलफलका विषयहरू के के थिए ?

______________________________________________________________
______________________________________________________________
______________________________________________________________
______________________________________________________________

२. आजको समाजमा प्रचलित केही विश्वास र मनोवृत्तिहरू के हुन् जुन प्रयासका सबै क्षेत्रहरूमा महिलाहरूले पुरुषहरूसँग बराबरी स्थान लिने हो भने परिवर्तन गर्नुपर्ने हुन्छ ?

३. तपाईंको लागि यस विषयसँग सम्बन्धित बहाउल्लाहका लेखनीहरूबाट निम्नलिखित उद्धरणहरू कण्ठस्थ गर्नु उपयुक्त हुनेछ ।

**"महिला र पुरुषहरू ईश्वरका दृष्टिमा समान छन् र सधै समान रहिरहने छन् ।"**[३४]

**"के तिमीहरू थाहा छैन हामीले किन तिमीहरूलाई एउटै माटोबाट सृष्टि गरेका हौं । त्यसो किन गरेको हो भने कसैले पनि आफूलाई अरूभन्दा माथि नउचालोस् ।"**[३५]

**"आजको दिनमा दिव्य करुणाका हस्तले सबै विभेदहरूलाई हटाइएको छ । ईश्वरका सेवकहरू र उनका सेविकाहरूलाई एउटै समतलमा रहेको मानिएको छ ।"**[३६]

**खण्ड ११**

तपाईंले पढ्नुपर्ने भनेको अन्तिम कथन सार्वभौम शिक्षासँग सम्बन्धित छः

शिक्षाको प्रवर्द्धन हाम्रो समयको एउटा अत्यन्त तुरुन्तै गर्नुपर्ने कुरा हो । शिक्षालाई मूलभूत चासोको विषय नबनाइकन कुनै पनि देशले समृद्धि हाँसिल गर्न सक्दैन । मानिसहरूका अवनतिको प्रमुख कारण हो ज्ञानसम्म पहुँच नपुग्नु ।

शिक्षा शैशवावस्थामै सुरु हुनुपर्छ । माता पिताको यो कर्तव्य हो कि उनीहरूले आफ्ना बच्चाहरूलाई हरप्रकारले शिक्षित गर्नु, उनीहरूको चरित्रलाई आध्यात्मिक र नैतिक नियमअनुसार परिष्कृत गर्नु तथा कला र विज्ञानमा उनीहरूको प्रशिक्षणलाई सुनिश्चित गर्न भरसक कोशिश गर्नु । मानवजातिको पहिला शिक्षकहरू आमाहरू नै हुन्;उनीहरूले ज्ञानको स्तनबाट उनीहरूको पालन पोषण गर्दछन् । प्रत्येक बालक शिक्षित हुनुपर्छ, र यो वेवास्ता गर्न सकिने कुरा होइन । बाबु आमाले सक्छन् भने उनीहरूले नै खर्च व्यहोर्नुपर्छ । अन्यथा बालकको शिक्षाको लागि समाजले नै साधनहरूको प्रवन्ध गर्नुपर्छ ।

शिक्षाले हर मानिसको उत्कृष्टता प्राप्तगर्ने इच्छा विकसित गर्नुपर्छ । हामी मानवीय पूर्णताप्रति अनुरक्त हुनुपर्छ र मुग्ध भएर उसले यसको प्राप्तिलाई पुछ्याउनु पर्दछ । हाम्रो आकाँक्षा आध्यात्मिक उत्कृष्टता हाँसिल गर्ने हुनुपर्छ-निष्ठा, बफादारी, मानवताको सेवा, प्रेम र न्याय जस्ता मानव जगतका सद्‌गुणहरूमा विख्यात हुने चाहना राख्नुपर्छ । शिक्षालाई बढवा दिने, शान्ति र एकतालाई प्रोत्साहन गर्ने हाम्रा प्रयासहरूको कारण विशिष्ट हुने

कामना राख्नुपर्छ । यस्तो मार्गमा हिंड्नको लागि मानिसहरूलाई मार्गदर्शन गर्नु नै शिक्षाको वास्तविक कार्य हो ।

१. आफ्नो समूहमा यस कथनलाई अध्ययन गरिसकेपछि आफ्ना मित्रहरूसँग शिक्षाको बारेमा केही चिन्तनहरूलाई पहिचान गर्ने प्रयास गर्नुहोस् । उपरोक्त विचारहरूलाई कसरी मिलाएर संवोधन गर्न सकिन्छ ?

____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________

१. यो सुझाव दिइन्छ कि तपाईंले बहाउल्लाहका निम्नलिखित लेखनीहरूबाट एक वा धेरैलाई कण्ठस्थ गर्न सक्नुहुन्छः

**"मानिसलाई ज्ञान वा सीपबिना छोड्नु उचित हुँदैन, कारण त्यसो भएमा ऊ फगत एक थारो रुखमात्रै हुन्छ ।"**[३७]

**"धर्तीका मानिसहरू तथा तिनका बन्धु वान्धवहरूको शिक्षातर्फ आफ्नो मन र इच्छालाई मोडिदेऊ...।"**[३८]

**"कला, शिल्प र विज्ञानले अस्तित्वको लोकलाई उचाल्छन्, र यसको उत्कर्षमा सहयोग गर्छन् ।"**[३९]

**"वास्तवमा, मानिसका लागि ज्ञान त साँच्चैको भण्डार हो र उसका कीर्तिको, अनुकम्पाको, हर्षको, परमानन्दको, प्रसन्नताको र आनन्दको एउटा स्रोत ।"**[४०]

## खण्ड १२

शान्ति एक सवाल हो जो सबैको दिमागमा रहेको छ । यसको अविलम्व स्थापना सबभन्दा जरुरी र महत्वपूर्ण छ । यहाँ जब पहिलेका कथनहरूमा उल्लेखित सिद्धान्तहरूमाथि केही विचारहरू गरिरहिएको थियो, तब तपाईं सार्वभौमिक शान्तिको सवालमा चिन्तन गर्नु लाभप्रद हुनसक्छ ।

निश्चित छ, सरकारहरूको युद्धलाई समाप्त गर्न व्यवहारिक पाइला उठाउनमा धेरै निर्भर गर्दछ । विवादहरू समाधान गर्न र हतियारहरू कमगर्न राजनीतिक सम्झौताहरू शान्तिको खोजीका लागि आवश्यक छन्, जस्तै राष्ट्रहरू बीच अन्तर्राष्ट्रिय सहयोगको असंख्य रूपहरू हुन् । तथापि, यो उपाय जतिसुकै महत्वपूर्ण भएता पनि, यदि पहिले चर्चा गरिएका

सिद्धान्तहरू, संसारभरि स्थापित नभएसम्म तब यो स्थायी शान्ति स्थापन गर्न मिल्ने छैन । जबसम्म मानिसहरूले वास्तविकताको खोजीगर्न सिक्दैनन्, र यो पनि मान्दैनन् कि सत्य एक हो, हामीले आफैलाई सोध्नु पर्दछ कि के यो युगौं पुरानो शत्रुताहरूको निरन्तरता होइन र ? हामी सबैको उत्पत्तिको स्रोत एउटै हो । ईश्वरले हामी सबैलाई हेर्नुहुन्छ र उहाँका अवतारहरूद्वारा हामी सबैलाई तालिम दिनुहुन्छ । उनीहरूका शिक्षाहरू प्रेम र मैत्री समान एउटै जगमा स्थिर रहन्छन् । केवल धर्मको एकतालाई स्वीकार गर्नाले नै धार्मिक संघर्ष खतम हुन्छ र धर्मको ज्योतिले शान्तिको मार्गलाई उज्यालो पार्दछ । हामीले अझ अगाडि सोध्नुपर्छ कि अज्ञानताका बादलहरूलाई र हर प्रकारका पूर्वाग्रहको असत्यतालाई प्रदर्शन गर्नेलाई हटाउन के विज्ञान र धर्मको सामञ्जस्यता हुनु आवश्यक छैन र यीमध्ये प्रत्येक शान्तिको शक्तिशाली बाधा हो ? अझै अहिले सोध्नको लागि एउटा प्रश्न छ संसारको हर कुनामा धनी र गरिबहरूको बीच भएको असामनतालाई सम्बोधित नगरिकन, के एक शान्तिपूर्ण संसारको निर्माण गर्न सकिन्छ ? जबसम्म महिलाहरूको मानवीय प्रयासहरूलाई समस्त क्षेत्रहरूमा पुरुषहरू समान प्रवेश गर्ने अनुमति नमिलेमा, अधिकांश इतिहासलाई चित्रणगर्ने हिंसाको स्थान शान्ति र वास्तविक सम्पन्नता पाउन सक्दिनन् । आउने पीढिहरूका यस्ता सिद्धान्तहरू अनुसार सार्वभौमिक रूपले शिक्षित गर्नुपर्छ, अन्यथा शान्तिको लागि हर प्रयास चकनाचूर हुनेछ । अब बहाउल्लाहका निम्नलिखित शब्दहरूलाई कण्ठस्थ गर्न सक्नुहुन्छ जसलेगर्दा मानवताको भविष्यको लागि चिन्तित मानिसहरूसँग साझा गर्न सकिन्छः

**“मानवजातिको कल्याण, यसको शान्ति र सुरक्षाको स्थापना तबसम्म गर्न सकिने छैन जबसम्म यसको एकतालाई दृढताकासाथ स्थपित गरिंदैन ।”**[४१]

## REFERENCES


1. *Gleanings from the Writings of Bahá'u'lláh* (Wilmette: Bahá'í Publishing Trust, 1983, 2017 printing), CIX, par. 2, p. 243.
2. Ibid., CXXXII, par. 1, p. 325.
3. Ibid., XXXIV, par. 5, p. 89.
4. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas* (Wilmette: Bahá'í Publishing Trust, 1988, 2005 printing), no. 11.1, p. 161.
5. Bahá'u'lláh, *The Kitáb-i-Íqán: The Book of Certitude* (Wilmette: Bahá'í Publishing Trust, 2003, 2018 printing), par. 151, p. 131.
6. *Gleanings from the Writings of Bahá'u'lláh*, XXVIII, par. 2, p. 77.
7. Ibid., XXIV, par. 1, p. 66.
8. Ibid., CXI, par. 1, p. 246.
9. Ibid., XLIII, par. 6, p. 106.
10. Ibid., CX, par. 1, p. 244.
11. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 15.4, p. 220.
12. *Gleanings from the Writings of Bahá'u'lláh*, XCV, par. 1, pp. 219–20.
13. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 9.13, p. 141.
14. Ibid., no. 5.13, p. 51.
15. *Gleanings from the Writings of Bahá'u'lláh*, CXII, par. 1, pp. 247–48.
16. Ibid., CXXXII, par. 3, p. 326.
17. Ibid., CXI, par. 1, p. 246.
18. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 7.20, p. 90.
19. Ibid., no. 6.25, pp. 66–67.
20. Bahá'u'lláh, cited by Shoghi Effendi, *The Advent of Divine Justice* (Wilmette: Bahá'í Publishing Trust, 2006, 2018 printing), par. 42, p. 41.
21. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 3.23, p. 27.
22. Bahá'u'lláh, *The Hidden Words* (Wilmette: Bahá'í Publishing Trust, 2003, 2012 printing), Persian no. 80, p. 51.

23. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 6.19, p. 64.

24. Ibid., no. 6.37, p. 71.

25. Bahá'u'lláh, in *Ḥuqúqu'lláh—The Right of God: A Compilation of Extracts from the Writings of Bahá'u'lláh and 'Abdu'l-Bahá and from Letters Written by and on Behalf of Shoghi Effendi and the Universal House of Justice*, compiled by the Research Department of the Universal House of Justice (Wilmette: Bahá'í Publishing Trust, 2007), no. 16, p. 16.

26. *Gleanings from the Writings of Bahá'u'lláh*, CXVIII, par. 2, p. 283.

27. Ibid., CXVII, par. 1, p. 282.

28. Bahá'u'lláh, cited by Shoghi Effendi, *The Promised Day Is Come* (Wilmette: Bahá'í Publishing Trust, 1996, 2018 printing), par. 279, p. 187.

29. *Gleanings from the Writings of Bahá'u'lláh*, CXVII, par. 1, p. 282.

30. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 4.11, p. 36.

31. Ibid., no. 6.3, p. 57.

32. Ibid., no. 6.3, p. 58.

33. *The Hidden Words*, Persian no. 5, pp. 23–24.

34. Bahá'u'lláh, in *Women: Extracts from the Writings of Bahá'u'lláh, 'Abdu'l-Bahá, Shoghi Effendi and the Universal House of Justice*, compiled by the Research Department of the Universal House of Justice (Wilmette: Bahá'í Publishing Trust, 1986, 1997 printing), no. 54, p. 26.

35. *The Hidden Words*, Arabic no. 68, p. 20.

36. Bahá'u'lláh, in the compilation *Women*, no. 3, p. 3.

37. Bahá'u'lláh, in *Excellence in All Things: A Compilation of Extracts from the Bahá'í Writings*, compiled by the Research Department of the Universal House of Justice (London: Bahá'í Publishing Trust, 1981, 1989 printing), no. 5, p. 2.

38. *Gleanings from the Writings of Bahá'u'lláh*, CLVI, par. 1, p. 378.

39. Bahá'u'lláh, *Epistle to the Son of the Wolf* (Wilmette: Bahá'í Publishing Trust, 1988, 2016 printing), p. 26.

40. *Tablets of Bahá'u'lláh Revealed after the Kitáb-i-Aqdas*, no. 5.13, p. 52.

41. *Gleanings from the Writings of Bahá'u'lláh*, CXXXI, par. 2, p. 324.



गहन अध्ययनका विषयहरू

उद्देश्य

आध्यात्मिक महत्वका विषयवस्तुहरूमा वार्तालापको लागि मित्रहरू र छिमेकीहरूकहाँ भ्रमण गर्ने आदत विकसित गर्नु

## खण्ड १

यो तेस्रो इकाई, पछिल्ला इकाई जस्तै हो, ती क्षमताहरूसँग सम्बन्धित छन् जसले हामीलाई अर्थपूर्ण र उत्थानदायी वार्तालापमा प्रवेशगर्न सक्षम बनाउँछ। दोस्रो इकाईमा हामीले ती धेरै अवसरहरूमाथि ध्यान दिएका थियौं जो आध्यात्मिक सिद्धान्तहरूको सन्दर्भ दिएर वार्तालापको स्तरलाई माथि उठाउनको लागि आफैलाई प्रस्तुत गर्दछ। यहाँ हामीले मित्रहरू र छिमेकीहरूका घरहरूमा समुदायको जीवनको लागि महत्पपूर्ण विषयहरूको बारेमा मिलेर अन्वेषण गर्नको लागि हामीहरूबाट गरिने भ्रमणहरूमा ध्यान केन्द्रित गर्दछौं।

संसारका गाउँहरू र छिमेकीहरूमा मित्रहरूका समूहहरू परस्पर सम्बन्धित गतिबिधिहरूको एक समूहमा गहन रूपले लागेका छन्, जसमा नियमित प्रार्थना सभाहरू, बाल-बालिकाहरूका लागि आध्यात्मिक शिक्षाको लागि कक्षाहरू, किशोर-किशोरीहरूका बैठकहरू, अध्ययन कक्षाहरू र युवा शिविरहरू र अन्य विभिन्न प्रकारका अभियानहरू संलग्न छन्। जब जब गतिबिधिको ढाँचाले एउटा इलाकामा जरा गाड्दछ, त्यसरी नै बढ्दो संख्याहरूमा उनीहरू आफै सेवाहरूको कार्यमा समर्पित हुन्छन्, मित्रहरूको नाभिकको आकार र क्षमतामा वृद्धि हुन्छ। गाउँ र छिमेकीमा धेरैभन्दा धेरै घरहरूमा भ्रमणगर्ने एक प्रणालीवद्ध कार्यक्रम समुदाय निर्माण प्रकृयाको एक महत्वपूर्ण घटक हो जसले अब गति लिइरहेको छ। यस्ता भ्रमणहरूमा विविध विषयहरूलाई सम्वोधन गरिन्छ। उदाहरणको लागि बहाई बाल कक्षाको शिक्षकले, शिक्षासँग सम्बन्धित विषयहरूमा छलफल गर्न, माता-पिताहरूलाई बारम्बार भेटघाट गर्नुपर्छ। यसैगरी अनुप्रेरकहरू र टच्युटरहरूको रूपमा सेवा दिइरहेका मानिसहरूसँग एक मानवजातिको जीवनमा सम्भावनाहरूले भरिएका यी वर्षहरूमा जोडिएका चुनौति र अवसरहरूसँग सम्बन्धित विषयहरूमा छलफल गर्न किशोर र युवाहरूका घरहरूमा भ्रमणगर्नु आवश्यकता हुन्छ। प्रभुधर्मको बारेमा उनीहरूको ज्ञानलाई गहिऱ्याउने विषयहरूमा एक परिवारका सदस्यहरूसँग वार्तालाप पनि उत्तिकै आवश्यक सिद्धहुन्छ। समग्रमा, समुदायमा प्रकटहुँदै गइरहेको सहचार्यको संस्कृतिमा त्यस्ता भ्रमणहरूको प्रभावलाई बढी अनुमान गर्न सकिंदैन।

## खण्ड २

इस इकाईको उद्देश्यको लागि, हामी एक काल्पनिक गाउँलाई लिने छौं जसमा माथि उल्लेखित प्रकृयालाई अगाडि बढाइरहिएको छ, र हामीले यसको प्रयोग ती वार्तालापको सन्दर्भको रूपमा गर्नेछौं जुन एक घरमा भ्रमण गर्दा भएको समयमा हुन सक्छ।

एलेजन्ड्रा एउटी युवा महिला हुन् जो विश्वविद्यालयको तेस्रो वर्षमा छिन् । तिनी र उनको एउटा भाइ, एउटा छात्र हुन्, आफ्ना माता-पितासँग त्यसै छिमेकमा बस्छन्, जुन घरमा उनीहरू जन्मेका र हुर्केका थिए, जसको हामीले कल्पना गरिरहेका छौं । ती चार जना र एक युवा दम्पत्ति जो अहिले त्यस छिमेकमा बस्न आएका छन, हरेक हप्ता प्रार्थना गर्न र उनीहरूको वरिपरि लगभग ८०० जनासँग स्थापित भइरहेका गतिबिधिहरूको प्रगतिबारे परामर्श गर्नको लागि भेट्दछन् । यी साप्ताहिक बैठकहरूमा समय समयमा तीन जना अन्य व्यक्तिहरूले पनि भाग लिइरहेका छन्, र प्रणालीबद्ध तरिकाबाट न केवल आफ्ना सेवाकार्यहरूमा तर सम्पूर्ण समाज निर्माण प्रकृयाबारेमा पनि सोंच्न सुरु गर्नछन्: ६ महिना पहिले सुरु गरिएका बच्चाहरूको कक्षाको एक शिक्षक र सत्र वर्षका दुई युवाहरू जो एक किशोर समूहका प्रयासहरूको मार्गदर्शन एलेजन्ड्राको एउटा दाईको सहायताबाट गरिरहेका छन्, जो उनको आफ्नै समूहको अनुप्रेरक थिए, जब उनी कम उमेरका थिए र नियमित रूपमा आफ्नो माता-पितालाई भेट्न आउँथे ।

- वार्तालापको पहिलो कार्य जसको हामीले जाँच गर्नेछौं एलेजन्ड्रा, र छिमेकीमा सबैले जाने-मानेका र सम्मानित सान्चेज परिवारको बीच हुनेछ । पति र पत्नी लगभग साठी वर्षका छन् र, आफ्ना छोरा र छोरीहरूलाई हुर्काइसके पछि, एलेजन्ड्राको घरदेखि केही पर एक्लै बस्दै आएका छन् । श्रीमान र श्रीमती सान्चेजलाई लेखपढ गर्न त आउँछ, तर उनीहरूले धेरै ठूलो औपचारिक शिक्षा भने लिएका छैनन् । उनीहरूलाई सबै मानिसहरूबाट जो सम्मान मिलेको त्यो उनीहरूको विवेकको कारण हो जसलाई उनीहरूले उदारता र सुद्ध कर्महरूले भरिएको जीवनमा अनुभवके माध्यमबाट आर्जन गरेका हुन् । उनीहरू केही समयदेखि बहाई शिक्षाहरूसँग अवगत छन, तर अहिले मात्र उनीहरूले गम्भिरताकासाथ त्यसबारेमा खोजीगर्ने निर्णय लिएका छन् । केही हप्ता पहिले, उनीहरूले एलेजन्ड्राका माता पितासँग बहाई समुदायमा प्रवेशगर्ने इच्छा व्यक्त गरे । उनीहरूलाई स्वागत गर्नको लागि एउटा भेलाको योजना पहिले नै बनाइसकिएको थियो र यसबाहेक, यो कुरामा पनि सहमति भइसकेको थियो कि एलेजन्ड्रा धेरै हप्ताहरूको लागि नियमित रूपले उनीहरूसँग विषयहरूको एक श्रृङ्खलालाई साझा गर्नेछिन् जसले उनीहरूलाई प्रभुधर्मको बारेमा उनीहरूको ज्ञानलाई गहिरो बनाउन मद्दत हुनेछ । यी भ्रमणहरूको वृत्तांत पढेर तपाईंले यी विषय-वस्तुहरूको अन्वेषण गर्न र साथसाथै यस्तै अवसरहरूमा वार्तालापको गतिशीलतामा चिन्तन गर्नमा पनि सक्षम हुनुहुनेछ ।

## खण्ड ३

श्रीमान र श्रीमती सान्चेजसँग आफ्नो पहिलो वार्तालापलाई एलेजन्ड्राले तल दिइएको संक्षिप्त विवरणमा आधारित ईश्वरको शाश्वत संविदाको विषयमागर्ने योजना बनाए ।

> यावत वस्तुहरूको सृष्टि गर्ने ईश्वर नै हुन्, उनी एक छन्, अतुलनीय छन्, आत्म-निर्भर छन् । बहाउल्लाहले हामीलाई शिक्षा दिनुभएको छ कि ईश्वरको सारतत्व बुझ्न मानिसको दिमागको लागि असम्भव छ, किनभने मर्त्यले अनन्तलाई बुझ्न सक्दैन । मानिसहरू जो उनको चित्रण गर्दछन् ती उनीहरू आफ्नै कल्पनाहरूका परिणामहरू हुन् । ईश्वर भनेका मान्छे होइनन्, र ईश्वर भनेको ब्रह्माण्डभरी फैलिएको शक्ति मात्रै पनि होइन । हाम्रो अस्तित्वका ती परम स्रोतलाई संवोधन गर्नको लागि दिव्य पिता, दिव्य शक्ति, महान चेतना जस्ता जुन शब्दहरूलाई हामीले प्रयोग गर्नेगर्छौं, ती मानविय भाषामा उनका नामहरू वा गुणहरूलाई व्यक्त गर्दछन् र ती पूर्णतया उनको वर्णन गर्न पर्याप्त छैनन् ।

गूढ वचनमा हामीले पढ्छौं:

**“हे मानवका पुत्र ! मलाई तिम्रो सृष्टि मनपऱ्यो र मैले तिमीलाई सृष्टि गरें । त्यसकारण तिमीले मलाई प्रेम गर ताकि म तिम्रो नाम लिन सकूँ र तिम्रो आत्मामा जीवनशक्ति भर्न सकूँ ।”**[१]

यस अंशमा बहाउल्लाहले हामीलाई भन्नुहुन्छ कि ईश्वरको प्रेम नै हाम्रो अस्तित्वको कारण हो । हामी सधैंभरि यस प्रेमप्रति सचेत रहनुपर्दछ, जसले हाम्रो रक्षा गर्छ, हामीलाई पालन-पोषण गर्छ र हाम्रो जीवनको चेतनालाई भरिदिन्छ । गाह्रो वा सजिलो, हर्ष वा विस्मात, जुनसुकै बखतमा पनि हामीले सम्झिराख्नु पर्छ कि उनको प्रेम हामीमाथि निरन्तर वर्षिरहेको हुन्छ ।

बहाई शिक्षाहरूबाट हामीले जान्दछौं कि, आफ्नो प्रेमको कारण हामीलाई सृष्टि गरेपछि ईश्वरले हामीसँग एउटा संविदा स्थापित गरेका छन् । “संविदा” शब्दको अर्थ हुन्छ दुई वा दुईभन्दा धेरै मानिसहरू बीच सम्झौता वा प्रतिज्ञा गर्नु । शाश्वत संविदा अनुसार ती सर्व-कृपालु सृष्टिकर्ताले हामीलाई कहिल्यै छोड्ने छैनन् र समय समयमा हामीलाई आफ्नै कुनै प्रकटीकरणका माध्यमद्वारा उनका इच्छा र उद्देश्यहरूको ज्ञान गराउँछन् ।

“प्रकटगर्नु” कृया हो, जसको अर्थहुन्छ देखाइदिनु,पहिले थाहा नभएको कुरा उघारिदिनु । ईश्वरका अवतारहरू त्यस्ता विशिष्ट प्राणीहरू हुन् जसले हामीलाई ईश्वरको शब्द प्रकट गरिदिन्छन् । उनीहरू सार्वभौम शिक्षकहरू हुन् जसले हामीलाई कसरी ईश्वरको इच्छा

अनुसार जिउने र कसरी सच्चा सुख प्राप्त गर्ने भन्ने कुरा सिकाउँछन् । ती अवतारहरूमध्ये हब्रहम, कृष्ण, मूसा, जरथुस्त्र, बुद्ध, क्राइष्ट, मोहम्मद,अनि बाब र बहाउल्लाह, जो यस युगका लागि ईश्वरका युगल प्रकटीकरण हुन् ।

अत: ईश्वरको शाश्वत संविदामा उनको भाग हमेशा पूरा भइरहेको छ । एउटा आधारभूत हामी सबैले आफैलाई सोध्नु पर्दछ कि त्यो हो "मैले यस संविदाको आफ्नो भाग कसरी पूरागरुँ ?" यसको उत्तर जो सबै धार्मिक शास्त्रहरूमा मिल्दछन् त्यो हो: ईश्वरीय प्रकटीकरणलाई पहिचान गरेर र उनका शिक्षाहरूलाई पालना गरेर । यस प्रत्युत्तरले हाम्रो जीवनको उद्देश्यतिर इसारा गर्दछ, त्यो हो ईश्वरलाई चिन्नु र उनको पूजा गर्नु । छोटो अनिवार्य प्रार्थनामा, हामीले घोषणा गर्दछौं:

**" हे मेरा ईश्वर, म साछी दिन्छु, कि तिमीलाई चिन्न तथा तिम्रो पूजागर्न तिमीले मलाई उत्पन्न गऱ्यौ । म अहिले यो स्वीकार गर्दछु, कि म अशक्त छु तिमी सर्व-शक्तिमान छौ, म दरिद्र छु तिमी सर्व-सम्पन्न छौ ।" "आत्म परिपूर्ण संकटमा तारणहारा परमात्मा तिमीबाहेक अन्य कोही छैन ।"**[२]

किनकि हाम्रो लागि ईश्वरलाई जान्न उनको प्रकटीकरणहरूको माध्यम बिना असम्भव छ, एक मात्र तरिका जसद्वारा हामीले आफ्नो जीवनको उद्देश्य प्राप्त गर्न सक्छौं त्यो हो उनहरूलाई चिन्ने र उनका शिक्षाहरूको पालना गर्ने । आज हाम्रो हृदय एक यस्तो समयमा जीवंत उपहारको लागि कृतज्ञताले भरिएको छ जब सबै पवित्र पुस्तकहरूमा गरिएका प्रतिज्ञा, कि पृथ्वीभरि शान्ति र न्याय स्थापित हुनेछ, अहिले पूरा भइरहेको छ ।

बहाउल्लाहले घोषणा गर्नुभएको छ:

**"यो त्यहीं दिन हो जुन दिनमा ईश्वरका सर्वोत्कृष्ट कृपाहरू मानिसहरूमाथि खन्याइएको छ, त्यो दिन जुन दिनमा उनको अत्यन्त शक्तिशाली अनुकम्पा सारा सृजित वस्तुहरूमाथि बहाइएको छ । पृथ्वीका सारा मानिसहरूलाई आफ्ना मतभिन्नताहरू मेटाउने र उनको प्रेमार्द दयालुपन र सुरक्षाको वृक्षको छायाँमुनि पूर्ण एकता र शान्तिको साथ बस्ने आदेश दिइएको छ ।"**[३]

हाम्रो कथालाई हामीले जारीराख्नुभन्दा पहिले, तपाईंले माथि उल्लेखित व्याख्यालाई पढ्नुपर्छ र आफ्नो समूहका अन्य सहभागीहरूसँग एक एक अनुच्छेदमाथि चिन्तन मनन गर्नुपर्छ । तपाईंले एक अर्कोलाई प्रश्नहरू सोध्न सक्नुहुन्छ र त्यसको एकैसाथ जवाफ दिन सक्नुहुन्छ, जबसम्म कि तपाईंमध्ये प्रत्येकले स्वभाविक रूपबाट र सजिलैसँग विचारहरू व्यक्त गर्नमा सक्षम नभएसम्म । उद्धरणहरूलाई राम्रोसँग सिक्नु विशेषगरि महत्वपूर्ण छ, किनभने यसरी छलफलहरूमा अंशहरूबाट लेखनीहरूलाई साझागर्नु अपरिहार्य छ ।

निम्नलिखित अभ्यासहरूले यो खण्डमा प्रस्तुत गरिएका विचारहरू र उद्धृत अंशहरूको अर्थबारे सोंच्न मद्दत गर्नेछ:

१. ईश्वर एक अज्ञात सार हुन् भनेर कसैलाई तपाईंले कसरी व्याख्या गर्नुहुन्छ ? यस सन्दर्भमा माथि भएको पहिलो अनुच्छेदले तपाईंलाई मद्दत गर्न सक्छ ।

________________________________________________________________
________________________________________________________________
________________________________________________________________
________________________________________________________________

२. हामीलाई ईश्वरले किन सृष्टि गर्नुभयो ?

___________________________________________
______________________________________________________________

३. "संविदा" शब्दको अर्थ के हो ?

________________________________

______________________________________________________________

४. ईश्वरले मानवतासँग आफ्नो शाश्वत संविदाको बारेमा के प्रतिज्ञा गर्नुभएको छ ?

____________ ______________________________________________________________

५. हाम्रा जीवनहरूको उद्देश्य के हो ?

_____________________________________
______________________________________________________________

६. यदि हामीले ईश्वरको सार कहिल्यै थाहा पाउन सकेनौं भने, तब यसको अर्थ के हुन्छ कि हाम्रा जीवनहरूको उद्देश्य ईश्वरलाई चिन्नु हो ?

______________________________________________________________

७. "प्रकट" शब्दको अर्थ के हो ?

_________________________________
______________________________________________________________

८. ईश्वरका केही अवतारहरूको नाम लेख्नुहोस्:

______________________________
______________________________________________________________
______________________________________________________________
______________________________________________________________

९. यदि हामीले हाम्रो भागको संविदा पूरागर्ने हो भने हामीले के गर्नु आवश्यक छ ?

____________________________________________________________

१०. निम्न वाक्यहरू पूरा गर्नुहोस्:

क यो त्यहीं दिन हो जुन दिनमा ईश्वरका ____________________ मानिसहरूमाथि खन्याइएको छ ।

ख. त्यो दिन जुन दिनमा उनको सर्वशक्तिमान् दया समस्त ____________________ भरिइएको छ ।

ग. पृथ्वीका ____________________ आ-आफ्ना भेदभावहरूको अन्त्य गर्न र पूर्ण एकता र शान्तिसित ________________________________________ गराइएको छ ।

११. बहाउल्लाहले विश्वका मानिसहरूलाई के गर्न आह्वान गर्नुभएको छ ?

____________________________________________________________
__________________________________________________

**खण्ड ४**

एलेजन्ड्राले मात्र विषयको सामग्री बारे सोंचिरहेकि छैनन् जो उनले श्रीमान र श्रीमती सान्चेजसँग साझागर्ने योजना बनाइरहेकि छिन् । तिनले यस जोडीसँग मित्रताको एक बलियो बन्धन बनाउने आशा गरेकि छिन् । उनको आफ्नै पहिलो अनुभवले, तिनलाई दुवै पूर्वाग्रह र संरक्षणवादी रवैयाको द्वेषपूर्ण प्रभावहरू बारे ज्ञान छ । यीबाट तिनी स्वभाविकै रूपले जोगिने छिन्; तिनको उच्च शिक्षाले उनको नम्रतालाई कम गरेको छैन । उनको हृदयमा सान्चेज दम्पत्तिको लागि सच्चा प्रेम र सम्मान बाहेक अरू केही पनि छैन । जब जब तिनले विचार गर्दछिन् कि उनले पहिलो विषयको व्याख्या कसरी गर्नेहोला, उनले आफै सम्झिन्छिन् कि यो लगातार भइरहने वार्तालापको शुरुवात हो जो धेरै हप्तासम्म चल्नेछ । तिनले यो कुरा मान्छिन् कि, यद्यपि विचारहरूको अनुक्रमलाई स्पष्टसँग प्रस्तुतगर्नु महत्वपूर्ण हुन्छ, तिनले यस दम्पत्तिको प्रतिकृया सुन्नको लागि केही बुँदाहरूमा रोकिनु  पर्दछ । “मैले नघबराउन कोसिस गर्नुपर्छ,” उनले आफै भन्छिन्, “किनभने म त्यस समयमा लगातार बोलिरहँदा यसले वार्तालापलाई अकारदिने कुनै मौका दिनेछैन ।” एलेजन्ड्राले यी विचारहरूको साथ केही समयको लागि आफ्नो भ्रमणबारे सोच्ने कामलाई जारी राख्छिन् ।

यदि तपाईं उनको स्थानमा भएकोभए, निम्नलिखित मध्ये कुन कुन विचारहरू तपाईंको आफ्नो मनमा आउनु उचित सम्झनुहुन्छ ?

___यो मेरो काम हो सान्चेजहरूलाई धर्मबारे निर्देशन दिनु र यो सुनिश्चित गर्नुं कि मैले जे जे कुरा उनीहरूलाई सकिाउँछु ती उनीहरूले सिकून् ।

___यो अद्‌भूत दम्पत्तिसँग केही समय बिताउन पाउनु र उनीहरूसँग लेखनीहरूका केही अंशहरू साझा गर्न पाउनु कस्तो सुअवसर हो ।

___मलाई थाहा छ यो भ्रमण महत्वपूर्ण छ । तैपनि मलाई आशा छ कि यसले धेरै समय लिंदैन किनभने मसँग अरू कामहरू पनि छन् ।

___उद्धरणहरू तिनीहरूलाई धेरै गाह्रो हुनेछ । मैले केही साधारण विचारहरू मात्रै उल्लेख गर्नुपर्छ । के महत्वपूर्ण छ भने उनीहरूलाई प्रेम दर्शाउनु ।

___यो उमेरमा सान्चेजहरूले धेरै सिक्न सक्दैनन् ।

___म भ्रमण र उनीहरूको अन्तर्दृष्टि सुन्नको लागि तत्पर छु किनभने हामीले विषयवस्तुमा छलफल गर्दछौं र उद्धरणहरूबारे चिन्तन मनन गर्दछौं ।

___तिनीहरूले पढ्न सक्छन् । मैले केवल विषयको परिचय दिनेछु र उनीहरूले आफै अध्ययन गर्नको लागि उद्धरणहरू छोड्ने छु ।

___जब विचारहरू प्रस्तुत गरिन्छन्, त्यसबेला मैले प्रायः रोकिनुपर्छ जसलेगर्दा हामीले एकैसाथ उद्धरणहरूलाई सँगसँगै अध्ययन गर्न र परामर्श गर्नसकौं ।

___मलाई आशा छ कि मैले कुनै पनि रुकावट बिना पूरै विषयवस्तुलाई प्रस्तुत गर्न सकूँ र अन्तमा उनीहरूलाई सोध्छु कि के तपाईंहरूसँग कुनै प्रश्नहरू छन् कि ?

के तपाईंले अन्य भावनाहरूको बारेमा सोच्न सक्नुहुन्छ जो यस्तो प्रकारको भ्रमणको तयारीमा हुनुपर्छ वा हुनुहुँदैन ?

**खण्ड ५**

एलेजन्ड्राको पहिलो भ्रमण सान्चेजको घरमा राम्रो भयो । दम्पत्तिले उनको घबराहटलाई देख्छन् र उनीहरूको न्यानोपन र दयालुताले उनलाई सजिलो महसूस गरायो । उनीहरूले ध्यान दिएर सुन्दछन् र उद्धरणहरूमा विशेषरूले ध्यानदिंदै छलफलमा पूर्णरूपले भाग लिन्छन् । कठिनाइको एकमात्र क्षेण तब आउँछ जब श्रीमती सान्चेजले अचानक एलेजन्ड्रासँग एउटा प्रश्न सोध्छिन्, “के म बहाई समुदायमा शामिल भएर ईसा मसीहलाई

बिर्सिरहेकि छु ?" एलेजन्ड्रालाई त्यसको उत्तर थाहा छ, तर यसलाई तयार गर्न उनलाई समय लाग्दछ । श्रीमान सान्चेज मुस्कुराउँछन् र तिनलाई सहयोग गर्दछन्: "मलाई यस्तो लाग्दछ कि जब मैले बहाई शिक्षाहरूको बारेमा सिंके वास्तवमा त्यस समयदेखि ईसा मसीहप्रति मेरो प्रेम झन् बढेर आएको छ ।" "र संसारभरि धेरै मानिसहरूसँग पनि यस्तै भइरहेको छ," एलेजन्ड्राले थपिन्, जसले आफ्ना विचारहरूलाई व्यवस्थित गरिन् । "ईश्वरको एकता, धर्मको एकता, र मानवजातिको एकताको बारेमा बहाउल्लाहले जे शिक्षाहरू दिनुभएको छ यसैको कारण मुसा, क्राइष्ट, कृष्ण, बुद्ध, जरथुस्त्र, र मोहम्मदको लागि उनीहरूको प्रेम पनि बलियो भएको छ ।"

तपाईंको लागि यो उपयोगी हुनेछ कि केही क्षण तपाईंले आफ्नो समूहमा केही यस्ता गुणहरू र मनोवृत्तिहरूबारे छफल गर्नुहोस्, जो एलेजन्ड्राको भ्रमणको समयमा यसलाई धेरै फलदायी बनाउन प्रश्तुत गरिएको थियो । तीमध्ये सबभन्दा मुख्य जसको बारेमा तपाईंले विचार गर्नुहुन्छ, त्यो हो विनम्रता । सबै प्रकारका विनम्रताहरूको जग ईश्वरको समक्ष विनम्रता हुनु हो । यसबाट उनका प्राणीहरू समक्ष विनम्रता उत्पन्न हुन्छ । विनम्रता सबभन्दा धेरै तब महत्वपूर्ण हुन्छ जब हामी ईश्वर र उनका अवतारहरूको विषयमा कुरा गरिरहेका हुन्छौं । तपाईंले बहाउल्लाहका निम्नलिखित शब्दहरूमा चिन्तन मनन गर्नुपर्छ र भरसक कण्ठस्थ गर्ने प्रयास पनि गर्नुहोस्:

**"जहाँसुकै भेलाहुँदा होस् र जोसुकैलाई भेट्दा होस् ईश्वरका प्रियजनले ईश्वरप्रतिको आफ्नो धारणामा एवं उनको स्तुति र बन्दनाको उत्सव मनाउने विधिमा यस्तो विनय र समर्पणभाव प्रदर्शन गर्नुपर्छ कि तिनका पैतालामुनिको धुलोको प्रत्येक कणले तिनको भक्तिको गहिऱ्याइलाई प्रमाणित गरोस् । यी पवित्रात्माहरूले गरेको वार्तालाप यति प्रभावशाली होस् कि धुलाका तिनै कणहरू त्यसको प्रमुखद्वारा चकित होउन् । उनीहरूले आफैलाई यसरी सञ्चालन गर्नुपर्छ कि उनीहरूले टेकेको धर्तीले कहिल्यै पनि उनीहरूलाई यस्तो वचन भन्न नपाओस्: 'तिमीले मलाई तिमीभन्दा माथिको स्थान दिनुपर्छ किनकि कति धैर्य र विनम्रताका साथ मानिसले ममाथि लादेको भारी थामिरहेको छु । सारा कृपाहरूका परमस्रोत जो हुनुहुन्छ ती ईश्वरले मलाई जिम्मा दिएका आशीर्वादहरूलाई समग्र प्राणीहरूमा निरन्तर प्रवाहित गराइरहने साधन तथा माध्यम म नै हुँ । मलाई प्रदान गरिएको सम्मान र मेरा सम्पत्तिको प्रचुर भण्डार-त्यस्तो भण्डार जसबाट सृष्टिजगतको सम्पूर्ण खाँचो पूर्ति गरिन्छ-को बाबजूद मेरो विनम्रताको मात्रालाई हेर अनि कस्तो पूर्ण समर्पणको भावनाद्वारा मानिसका पैतालाहरू मुनि कुल्चिइन स्वीकार गरेको छु त्यसको साक्षी बन...।'"[४]**

माथि उल्लेख गरिए जस्तै, हाम्रा सँगी मानवहरूसामु विनम्रता ईश्वरसामु विनम्रताबाट उत्पन्न हुन्छ । जब हामीले एक मित्रकोमा गृह भ्रमण गर्दा वा छिमेकमा एकैसाथ केही विषयहरूको बारेमा हाम्रो समझलाई गहिरिएर अध्ययन गर्दा हामी यस विनम्रताकोसाथ एक प्रार्थनामय मनोवृत्ति धारण गर्दछौं । विचार-विमर्शको अवधिभर, हाम्रा विचारहरू बारम्बार ईश्वरतिर अभिमुख हुनुपर्छ, हाम्रा तथा उपस्थित सबैका मन र हृदयहरूलाई उज्यालो पारिदिन ईश्वरसँग विन्ति गरिरहनु पर्दछ । तपाईंले कण्ठस्थ गर्न सक्ने र आफ्नो मनमा खेलिरहन दिनुपर्ने पदावली र वाक्यहरू प्रार्थनाहरूमा धेरै छन् । यहाँ तीमध्ये केही दिइएका छन्:

**"हाम्रा हृदयहरूलाई प्रकाशित गरिदिऊ, हामीलाई हेर्नको लागि सक्षम आँखा र सतर्क कानहरू देऊ ।"[५]**

**"हे प्रभु ! तिम्रा असीम अनुग्रहहरू प्रादान गर, र तिम्रो मार्गदर्शनको प्रकाश चम्कनदेऊ ।"[६]**

**"साँचो समझका द्वारहरू खोलीदेऊ र धर्मको प्रकाशलाई चम्कन देऊ ।"[७]**

**"हे प्रभु ! हाम्रा आँखाहरूलाई प्रकाशमान बनाइदेऊ जसलेगर्दा हामीले तिम्रो प्रकाशलाई देख्न सकौं ।"[८]**

**"पूरै हृदय, मन र वचनले म उन्मुख हूँ कि यस दिव्य एकताको चक्रमा जेसुकै पनि तिम्रो इच्छाको विपरित छन्, त्यसबाट मलाई रक्षा गर...।"[९]**

**खण्ड ६**

सान्चेज परिवारको यहाँ गृह भ्रमण र शाश्वत संविदाको विषयमा उनीहरूसँग वार्तालाप भएपछि एलेजन्ड्राको हृदय खुशीले गदगद भयो । "अर्को गृहभ्रमण," बारे तिनले सोंच्दैछिन् कि "उनीहरूको लागि बहाउल्लाहको जीवनको बारेमा उनीहरूको ज्ञानलाई गहिऱ्याउने एक राम्रो अवसर हुनेछ ।" निम्नलिखित प्रश्तुति जसलाई तिनले लिएकिछिन्:

बहाउल्लाहको जन्म १२ नोभेम्बर १८१७ मा पर्सियाको रानधानी तेहरानमा भएको थियो । सानै उमेर देखि बहाँले असाधारण गुणहरको प्रदर्शन गर्नुभयो, र वहाँको व्यवहार देखेर वहाँ महान व्यक्ति हुनुहुने कुरामा वहाँका मातापिताहरु विश्वस्त हुनुभयो । बहाउल्लाहका पिता राजाको दरवारमा एक विशिष्ट मन्त्री हुनुहुन्थ्यो र वहाँले बहाउल्लाहलाई असाध्यै माया गर्नुहुन्थ्यो । एक रात वहाँले सपनामा बहाउल्लाह

एक अपार समुद्रमा पौडिरहेको देख्नुभयो । सपनामा बहाउल्लाहको शरीरले स्वयम् चम्किएर त्यस विस्तृत समुद्रलाई उज्यालो पारिराखेको थियो । वहाँका शिरको वरिपरि वहाँको निख्खर कालो र चम्किलो कपाल सबै दिशामा फैलरहेको थियो । वहाँका वरिपरि माछाहरूको विशाल समूह झुम्मिएको थियो र प्रत्येक माछाले केशको एक-एकवटा त्यान्द्रो समातेको थियो । माछाको संख्या ठूलो भए तापनि बहाउल्लाहको शिरबाट एउटै पनि कपालको त्यान्द्रो छुट्टिएन । स्वतन्त्र र निर्वाध रूपमा वहाँ पानी माथि माथि पौड्नु भयो, माछाहरूले वहाँको अनुसरण गरे । बहाउल्लाहका पिताले एकजना प्रख्यात ज्ञानी मान्छेलाई सपनाको अर्थ लगाउन अनुरोध गर्नुभयो । ती ज्ञानी मान्छेले के भने, भने सीमाहीन समुद्र भनेको अस्तित्वको जगत् हो र बहाउल्लाहले एक्लै यसमाथि प्रभुत्व हासिल गर्नुहुनेछ । माछाको हूलले त्यो व्याकुलता जनाउँछ जुन व्याकुलता वहाँले संसारका मानिसहरूमा उत्पन्न गराउनु हुनेछ । वहाँलाई सर्वशक्तिमानको अचूक संरक्षण प्राप्त हुनेछ र केही कुराले पनि वहाँलाई हानी पुऱ्याउन सक्नेछैन ।

बहाउल्लाह १४ वर्षको हुँदासम्ममा वहाँ आफ्नो ज्ञान र विद्याका कारण राजाको दरबारमा प्रसिद्ध भैसक्नु भएको थियो । वहाँ २२ वर्षकोहुँदा वहाँका पिताको देहान्त भयो र सरकारले वहाँलाई आफ्नो पिताको पद दिन चाह्यो । तर बहाउल्लाहको इच्छा आफ्नो समय सांसारिक कुराहरूको व्यवस्थापनमा बिताउने थिएन । वहाँले दरबार र मन्त्री पदलाई पछि छोड्नु भयो र आफ्ना लागि सर्वशक्तिमान् ईश्वरले निर्धारण गरेको मार्गमा लाग्नुभयो । वहाँले आपफ्नो समय दलितहरू, रोगीहरू र गरीबहरूको सहायता गर्नमा लगाउनु भयो, र चाँडै नै न्यायका रक्षकका रूपमा प्रख्यात हुनुभयो ।

आपफ्नो उमेर २७ वर्षको हुँदा बहाउल्लाहले एक विशिष्ट दूत मार्फत बाबका केही लेखोटहरू पाउनुभयो । बाबले ईश्वरको दिन नजिकै आइसकेको घोषणा गरिरहनु भएको थियो, त्यस्तो दिन जहिले ईश्वरको नयाँ प्रकटीकरणबाट संसारमा मानवताले चिरप्रतिक्षा गरेको शान्ति, एकता र न्याय ल्याइनेवाला थियो । बहाउल्लाहले बाबको सन्देशलाई तुरुन्तै स्वीकार गर्नुभयो र आफू बाबका उत्साही अनुयायीहरू मध्ये एक बन्नुभयो । तर अफसोस, पर्सियाका जनतामाथि शासन गर्नेहरू आफ्नै स्वार्थी लालचहरूबाट अन्धा भएर बाबका अनुयायीहरूलाई अत्यन्त कठोरतापूर्वक दुःख दिन थाले । बहाउल्लाह आफ्नो सज्जनताको निम्ति प्रख्यात हुनुहुन्थ्यो र पनि वहाँलाई समेत छोडिएन । बाबले गर्नुभएको घोषणाका आठ वर्ष बितेको केही दिन मात्रै भएको थियो र बाब आफै शहिद हुनुभएको दुई वर्ष मात्रै बितेको थियो जब बहाउल्लाहलाई कालकोठरी भनिने एक अँध्यारो खोरमा राखियो । वहाँका गर्दनमा बेरिएको

साँग्लो कति गह्रुँगो थियो भने वहाँले आफ्नो शिर उठाउन सक्नुहुन्नथ्यो । यहाँ बहाउल्लाहले तीव्र कठिनाइका डरलाग्दा चार महिना बिताउनु भयो । तैपनि, यसै खोरमै ईश्वरको आत्मा वहाँको आत्माभित्र प्रवेश गऱ्यो र सबै युगहरूमा आउने भनेर प्रतिज्ञा गरिएका व्यक्ति वहाँ नै हो भन्ने कुरा वहाँलाई प्रकट गरियो । यसै अँध्यारो खोरबाटै सारा सृष्टिलाई उज्यालो पार्दै बहाउल्लाहको सूर्य उदित भयो ।

कालकोठरीमा चार महिना बितेपछि बहाउल्लाहको सर्वस्वहरण गरियो र वहाँ र वहाँका परिवारलाई निर्वासनमा पठाइयो । हिउँदको कट्कट्याउँदो चिसोमा पर्सियाका पश्चिमी पहाडहरू हुँदै वहाँहरूले वग्दाद तर्फको यात्रा गर्नुभयो । वग्दाद त्यसबेला ओटोमन साम्राज्यको एक शहर थियो र हाल यो इराकको राजधानी हो । त्यस सौभाग्यशाली शहरतर्फको यात्रामा हिउँ र बरफले ढाकिएका जमीनमाथि सैकडौ माइल पैदल हिंड्दा वहाँहरूले भोग्नुपरेको दुःखको वर्णन शब्दहरूले गर्न सकिदैन ।

बहाउल्लाहको नाम चाँडैनै बगदाद र त्यस भेगका अन्य शहरहरूमा फैलियो, र ती निर्वासित बन्दीका ढोकामा वहाँको आशीर्वाद लिन झन्-झन बढी मानिसहरू आउन थाले । तर केही मान्छेहरू भने वहाँका यशको ईर्ष्या गर्थे । तीमध्ये एकजना बहाउल्लाहकै सौतेलो भाइ मिर्जा याह्या थिए जो वहाँकै मायालु हेरचाहमा रहिरहेका थिए । बाबीहरूले त्यतिखेर मिर्जा याह्यालाई निकै मान दिन्थे, त्यसैले उनले आफैँ बाबीहरूको नेता हुन पाउने आशाले बहाउल्लाहको विरोध गरेका थिए । ईश्वरका प्रकटीकरणको विरुद्ध खडा भएर आफैँले आफ्नै पतन निम्त्याइरहेको कुराको उनले पत्तै पाएनन् । दिव्य प्रकटीकरणको प्रादुर्भावहुँदा तिनीहरूले मात्र सच्चा उत्थानको आशा गर्न सक्छन् जो उनकाप्रति श्रद्धाका साथ जिउँछन् । उनकै आफ्नै नजिकैका नातेदारहरूले समेत यो विर्सनु हुँदैन कि उनी अन्य सारा मनुष्यहरूभन्दा अलग हुन् उनको स्थान अरू कसैले पनि पाउन सक्तैन ।

मिर्जा याह्याको षड्यन्त्रले बाबका अनुयायीहरू बीचको एकतालाई बिगाऱ्यो र उसले बहाउल्लाहलाई निकै खिन्न गरायो । एक रात वहाँ कसैलाई पनि नभनीकन सुटुक्क घर छोडेर कुर्दिस्तानको पहाडमा जानुभयो । त्यहाँ वहाँले प्रार्थना र ध्यानमा मग्न भएर एक्लो जीवन बिताउनु भयो । वहाँ एउटा सानो गुफामा बस्नुभयो र साधारण खानामा निर्वाह गर्नुभयो । वहाँ कहाँबाट आउनुभएको थियो र वहाँको नाम के थियो भन्ने कुरा कसैलाई थाहा थिएन । तर, बिस्तारै त्यस भेगका मान्छेहरूले ईश्वरबाटै सोझै ज्ञान प्राप्त गरेका ती "नाम-बिनाका" महान सन्तका बारेमा कुरा गर्न थाले । त्यस्ता पवित्र व्यक्तित्वका बारेको खबर बहाउल्लाहका ज्येष्ठ सुपुत्र अब्दुल-बहाले पाएपछि वहाँले तुरुन्तै आफ्ना परमप्रिय पिताका लक्षणहरू चिन्नु भयो । एकजना विशेष दूतमार्फत् पत्रहरू पठाएर बहाउल्लाहलाई वग्दाद फर्कन बिन्ती

गरियो । वहाँले त्यो स्वीकार गर्नुभयो र दुई वर्ष लामो पीडाजनक बिछोडको अवधिलाई समाप्त पार्नुभयो ।

बहाउल्लाहको अनुपस्थितिमा बाबी समुदायको हालत तीव्र रूपमा खस्किएको थियो । बाबका सताइएका र विलखबन्दमा परेका अनुयायीहरूमा नयाँ स्फूर्ति भर्न बहाउल्लाहले थाम्नुभयो । वहाँले आफ्नो महान् पदको घोषणा गर्नुभएको थिएन, तापनि वहाँका वाणीमा रहेको ज्ञानका शक्तिले बढीभन्दा बढी बाबीहरूको आस्था र जीवनको प्रत्येक क्षेत्रका मान्छेहरूको प्रशंसा जित्न थाल्यो । तर धर्मान्ध मुस्लिम धर्मगुरुहरू र बहाउल्लाहकै आहारिसे भाइ मिर्जा याह्याले यति धेरै आत्माहरूमा बहाउल्लाहको त्यस्तो विशाल प्रभाव परेको सहन सकेनन् । उनीहरूले अधिकारीहरू समक्ष बारम्बार पोल लागाइ-रहे र अन्त्यमा पर्सियाको सरकार र ओटोमन साम्राज्यका केही हाकिमहरूले मिलेर बहाउल्लाहलाई वहाँको जन्मभूमिबाट झन् टाढा पठाए । यसपाली वहाँलाई कन्स्टान्टिनोपल भन्ने शहरतर्फ पठाइयो ।

सन् १८६३ को अप्रिल महिना वग्दादका जनताका लागि निकै ठूलो खिन्नताको महिना भयो । जसलाई उनीहरूले प्रेम गर्न थालेका थिए वहाँले त्यो शहर छाड्दै हुनुहुन्थ्यो र त्यसतर्फ जाँदै हुनुहुन्थ्यो जुन उनीहरूका लागि अज्ञात गन्तव्य थियो । प्रस्थान गर्नु केही दिन अघि बहाउल्लाह शहरका छेउको एउटा बगैंचामा सर्नुभयो, त्यहाँ आफ्नो शिविर स्थापना गर्नुभयो र बाह्र दिनसम्म वहाँसँग बिदाइ भेट गर्न आउनेहरूका ताँतीसँग भेट गरिरहनु भयो । बाबका अनुयायीहरू त्यस बगैंचामा गह्रुंगो हृदय लिए; तीमध्ये केही बहाउल्लाहसँगै वहाँको यस दोस्रो निर्वासनमा साथ लाग्नेवाला थिए । तर थुप्रै जना वहाँको सान्निध्यबाट वञ्चित भएर वग्दादमै रहनु पर्ने थियो । तर त्यो अवसरलाई खिन्नताको अवसर हुन नदिने ईश्वरको इच्छा थियो । उनका अनन्त अनुकम्पाका ढोकाहरू ह्वाङ्ङै खोलिए, र बहाउल्लाहले आफू वरिपरि बसेकाहरू समक्ष घोषणा गर्नुभयो कि वहाँ नै त्यहीँ हुनुहुन्थ्यो जसको आगमनका बारेमा बाबले भविष्यवाणी गर्नुभएको थियो-जसलाई ईश्वरले प्रकट गर्नु हुने थियो । खिन्नता हट्यो र त्यसको ठाउँ सीमाहीन हर्षले लियो; हृदयहरू फुरुङ्ग भए र आत्माहरू वहाँका प्रेमको अग्निले प्रदीप्त भए । अप्रिल २१ देखि मे २ सम्मका यी १२ दिनहरूलाई संसारभरिका बहाईहरूले आगामी शताब्दीयौँसम्म रिज्ज्वानको पर्वको रूपमा, बहाउल्लाहले आफ्नो विश्वव्यापी अभियानका बारेमा गरेको घोषणाको वार्षिकोत्सवको रूपमा, मनाउने गरेका छन् ।

कन्स्टान्टिनोपल ओटोमन साम्राज्यको राजधानी थियो । यहाँ पनि बहाउल्लाहको विशाल ज्ञान र आकर्षक व्यक्तित्वले धेरै-धेरै मानिसहरूलाई तान्न थाल्यो । “उसलाई एकछिन् पनि अब कन्स्टान्टिनोपलमा बस्न दिनु हुँदैन”, एक धर्मान्ध मुस्लिम धर्मगुरुले भुत्भुतायो र वहाँलाई एड्रियानोपल भन्ने शहरमा निर्वासित गराउन हाकिमहरूलाई राजी गरायो । एड्रियानोपल हुँदा बहाउल्लाहले संसारका राजा र शासकहरूलाई दमनको बाटो छोडेर आफ्ना जनताको हितमा

समर्पित हुन आह्वान गर्दै धर्मपत्रहरू लेखेर पठाउनु भयो । त्यसपछि वहाँका शत्रुहरूले एउटा अत्यन्तै क्रुर किसिमको सजायको योजना गरे । त्यो थियो वहाँ र वहाँका परिवारलाई अक्कामा निर्वासित गर्ने । त्यस समयमा अक्का त्यस साम्राज्यभरिकै सबभन्दा विभत्स कालापानी थियो । त्यस कारागार समान शहरका कठोर परिस्थितिमा वहाँ अवश्य पनि नष्ट हुनुहुनेछ भन्ने कुरा ती अल्पबुद्धि मान्छेहरूले सोचे । ईश्वर स्वयंले थालेको कुरालाई उनीहरूले चाहेर कहाँ रोक्न सकिन्छ र !

बहाउल्लाहले अक्कामा भोगेका कठिनाइहरू यति धेरै थिए कि वर्णन गरी साध्य छैन । प्रारम्भमा वहाँलाई एउटा कोठामा एक्लै राखियो र वहाँका छोराछोरीहरूलाई पनि वहाँसँग भेट्न दिइएन । सुविस्ताको कुनै पनि साधन वहाँले पाउनु भएन । रातदिन वहाँका परिपरि वहाँकै शत्रुहरू मात्र हुन्थे । तर कैदको अवस्था विस्तारै फेरिदै गयो । अक्काका निवासीहरू र त्यहाँको सरकारलाई उनीहरूका शहरमा निर्वासित भएका बहाईहरूको त्यो सानो समूह निर्दोष भएको कुराको विश्वास भयो । पुनः मानिसहरू यी साधारण व्यक्तित्वको ज्ञान र प्रेमले आकृष्ट हुन थाले, यद्यपि धेरैजसो त्यस्ता मानिसहरूले वहाँको महान् पदको बारेमा बुझेका थिएनन् । केही वर्षपछि त्यस कारगार-शहरका ढोकाहरू बहाउल्लाह र वहाँका अनुयायीहरूका निम्ति खुला गरिए । आखिरमा वहाँलाई बाहजीको महलको बढी आरामदायी परिस्थितिमा बस्न दिइयो । त्यही वहाँ आफ्नो भव्यता र गरिमाको उत्कर्षका बेलामा १८९२ को मे महिनामा दिवंगत हुनुभयो ।

बहाउल्लाहले सार्वभौम शान्ति र भातृत्वको ध्वाजा उठाउनु भयो, र ईश्वरको वाणीलाई प्रकट गर्नुभयो । वहाँका शत्रुहरूले वहाँ विरुद्ध शक्ति एकत्रित गरेपनि वहाँ नै उनीहरू माथि विजयी हुनुभयो- जस्तो कि वहाँ तेहरानको कारागारका साङ्लाले बाँधिएको बेला ईश्वरले नै वहाँ सामु बाचा गरेका थिए । वहाँको जीवन अवधिमै वहाँका सन्देशले हजारौं मानिसहरूको हृदयलाई पुनरुज्जीवित गरायो र धेरैले आफ्नो जीवन वहाँको मार्गमा अर्पित गरे । अनि आज वहाँका शिक्षाहरू संसारभरि फैलिरहेका छन् । वहाँको अन्तिम लक्ष्य हो मानव-जातिलाई एउटै सार्वभौम धर्म, एउटै समान आस्थामा एकजुट गराउने, र यो लक्ष्य हासिल हुनबाट केहीले पनि रोक्न सक्तैन ।

माथि दिएको बहाउल्लाहको जीवनी अपेक्षाकृत लामो वृतान्त हो । तल दिएका अभ्यासहरू थाल्नु अघि यसलाई केही पटक अनुच्छेदैपिच्छे दोहोऱ्याएर आ-आफ्ना समूहमा पढ्नुहोस् र आपसमा प्रश्न सोधेर यसमा भएको कुरा राम्ररी याद गर्नुहोस् अनि आफ्नै शब्दमा यसलाई प्रस्तुत गर्न सक्ने हुनुहोस् । निम्नलिखित मानचित्र तपाईंलाई बहाउल्लाहको निर्वासनको मार्गलाई याद गराउन र बाटोमा भएका घटनाहरूलाई याद गराउन मद्दत गर्नेछ ।

निर्वासनको चित्र राख्नुपर्छ ।

१. माथि उल्लेखित विवरणको आधारमा तल उपलब्ध गराइएको खालि ठाउँमा बहाउल्लाहको जीवनसँग सम्बन्धित प्रमुख घटनाहरूको क्रमलाई लेख्न तपाईंलाई उपयोगी लाग्न सक्छ ।

२. बहाउल्लाहको जीवन सम्बन्धि  विषयवस्तुको बारेमा हुने छलफलमा, घटनाहरूको क्रम बाहेक धेरै अवधारणाहरू छन् जसलाई रेखांकित गर्न आवश्यक छ। मानवताको लागि उहाँको प्रेमको खातिर उहाँले सहनु भएका पीडाहरू, साथै विरोधको सामनाका बाबजुद उहाँको विश्वासले हासिल गरेका असाधारण विजयहरूमा चिन्तन गर्नु विशेषरूपले महत्वपूर्ण छ। यी शब्दहरू हाम्रो दिमाग र हृदयमा कुँद्न दिनुहोस्:

**“प्राचिन सौन्दर्यले आफू साङ्गलाले बाधिन स्वीकार्नु भयो ताकि मानव जातिलाई त्यसको बन्धनबाट मुक्त गर्न सकियोस्, र यस सबैभन्दा शक्तिशालि किल्ला भित्र एउटा कैदी बन्न स्वीकार गर्नु भएको छ ताकि सारा संसारले साँचो स्वतन्त्रता प्राप्त गर्न सकोस्। उहाँले दुःखको प्यालाबाट थोपा थोपा पिउनुभयो ताकि पृथ्वीका सबै मानिसहरूले स्थायी आनन्द प्राप्त गर्न सकुन् र आनन्दले भरिन सकुन्। यो तिम्रा प्रभु, दयालु, परम दयालुको कृपा हो। हे ईश्वरको एकतामा विश्वास गर्नेहरू हो हामीले स्वयंलाई अपमानित हुन स्वीकार गरेका छौं ताकि तिमी उच्च हुन सक्नेछौं, र धेरै प्रकारका दुःखहरू भोगेका छौं ताकी तिमी समृद्ध र फल्नफुल्न सक्नेछौं। उहाँ जो सारा संसारलाई नयाँ बनाउन आउनु भएको छ हेर, प्रमेश्वरसँग साझेदार भएकाहरूले उहाँलाई सबैभन्दा उजाड शहरहरूमा बस्न बाध्य तुल्याएका छन्।”[१०]**

३. जब हामी बहाउल्लाहका कष्टहरूको बारेमा कुरा गर्छौं तब हामी सावधान रहनु पर्छ कि हामीले उहाँलाई उहाँका शत्रुहरूको साम्नु निःसहाय भएको देखाउनु हुदैंन। उहाँले मानवतालाई मुक्ति दिलाउन आफूसाङ्गलाले बाधिन स्वीकार गर्नु भयो। उहाँको जीवन कथा ठूला कष्टहरूले

भरिएको भएता पनि तात्विक रूपमा विजयको कहानी हो। बहाउल्लाहको जीवनीबारे तपाईंको अहिलेसम्मको ज्ञानको आधारमा आफ्ना शिक्षकको सहायता लिएर तपाईं बहाउल्लाहले उठाएका कष्टहरू र वहाँले प्राप्त गर्नुभएका विजयहरूबारे एक संक्षिप्त भाषण गर्न सक्नुहुन्छ ? तलका प्रश्नहरू तपाईका लागि सहयोगी हुन सक्छन्।

क. बहाउल्लाहले किन साङ्गलाले बाधिन तयार हुनु भयो ?

________________________________________

________________________________________

__________________

ख. बहाउल्लाहले किन कैदि हुन स्वीकार गर्नु भयो ?

________________________________________

________________________________________

__________________

ग. बहाउल्लाहले किन दुःखको प्यालाबाट पिउन स्वीकार गर्नु भयो ?

________________________________________

________________________________________

________________________________________

घ. बहाउल्लाहले किन अपमानित हुन स्वीकार गर्नु भयो ?

________________________________________

________________________________________

________________________________________

ङ. बहाउल्लाहले किन यति धेरै दुःख भोग्नु भयो ?

________________________________________

________________________________________

__________________

च. बहाउल्लाहले दुःख भोग्न स्विकार गर्नु भयो, के उहाँ अरू थोक गर्न शक्तिहिन हुनुन्थ्यो ?

________________________________________

________________________________________

छ. यदि बहाउल्लाह शक्तिहिन हुनुन्थेन भने किन उहाँले दुःख भोग्न स्वीकार गर्नु भयो ?

**खण्ड ७**

एलेजन्ड्राको सान्चेज परिवारको घरमा दोस्रो भ्रमण पहिलो भ्रमण जस्तै आनन्दमय रह्यो । श्रीमान र श्रीमती सान्चेज पहिलेदेखि नै बहाउल्लाहको जीवनीसँग केही परिचित थिए, तर उनीहरू एलेजन्ड्राको प्रश्तुतिबाट धेरै सिक्नको लागि खुशी छन् र स्पष्ट रूपमा उहाँका कष्टहरूको विवरणबाट प्रभावित भएकाछन् । "यस्तो लाग्छकि," एक क्षणको लागि श्रीमती सान्चेजले विचार गर्दछिन्, "कि ईश्वरीय प्रकटीकरणहरू हमेसा नेतृत्व र सांसारिक शक्तिको लागि जो प्यासी छन् उनीहरूका हातहरूबाट पीडित भएकाछन् ।" एलेजेन्ड्राले निर्णय गर्छिन् कि उनीहरूसँग उद्धरण साझागर्नु उपयुक्त हुन्छ होला जसलाई तिनले कण्ठस्थ गरिकि थिइन्-जसलाई तपाईंले पनि पछिल्लो खण्डमा अध्ययनबाट जान्नुभएको छ-जसमा बहाउल्लाहले ती कष्टहरूको बारेमा बताउनु भएको छ, जसलाई उहाँले मानवजातिको खातिर सहनुभएको थियो, जसबाट हामी उत्पीडनबाट मुक्त हुनसकौं र स्थायी खुशी प्राप्तगर्न सकौं । तीनैजना मित्रहरू यस दिनको चर्चाले ऊर्जावान भए ।

आफ्नो अर्को भ्रमणबारे विचारगर्दै, एलेजन्ड्रा छिट्टै यस निष्कर्षमा पुगिन् कि अब्दुल-बहाको स्थानबारेमा चर्चागर्नु एक स्वभाविक विषय हुनसक्छ । यी बुँदाहरूलाई तिनले निश्चय नै शामिल गर्नेछिन्:

बहाउल्लाहको सबभन्दा जेष्ठ पुत्र, अब्दुल-बहा मानव इतिहासमा सबभन्दा अद्भुत विभूती हुनुहुन्छ, र हामीले पहिलेका कुनैपनि धर्ममा उहाँजस्ता व्यक्तित्व पाउन सकेनौं । उहाँ एउटा सानो बच्चाछँदै आफ्नो पिताको दिव्य स्थानलाई चिन्नुभएको थियो र उहाँको निर्वासन र कष्टहरूमा साथ दिनुभयो । बहाउल्लाहले आफ्नो स्वर्गारोहणपछि बहाई समुदायलाई अब्दुल-बहाको रेखदेख र संरक्षणमा छोडिदिनु भयो । हामीले कहिल्यै पनि पूर्णतया यस कुराको प्रशंसा गर्न सक्दैनौं, यो कत्ति अनुकम्पा हो कि बहाउल्लाहले मानवजातिलाई न केवल उहाँको सबैभन्दा उदात्त प्रकटीकरण प्रदान गर्नुभयो, तर आफ्नै पुत्र पनि दिनुभयो, जसको ज्ञान र विवेकद्वारा, उहाँकै शब्दमा, यो विश्व मार्गदर्शित र प्रकाशित हुनेछ ।

जब हामीले अब्दुल-बहाका जीवन र वाणीहरूको अध्ययन गर्दछौं, तब हामीले यस धर्मयुगमा उहाँले लिनुभएका अद्भुत स्थानबारे अन्तर्दृष्टि प्राप्त गर्दछौं । यो स्थानका तीनवटा पक्षहरू महत्वपूर्ण छन् जसलाई हामीले मनमा राख्नुपर्छ ।

पहिलो, अब्दुल-बहा संविदाको केन्द्र हुनुहुन्छ । बहाउल्लाहले आफ्ना अनुयायीहरूसँग एउटा संविदा स्थापना गर्दै अब उनीहरूले आफ्ना हृदयहरू त्यो केन्द्रतिर फर्काउन र यसप्रति पूर्णतया वफादारहुन आह्वान गर्नुभयो । उहाँको वसियतनामा र इच्छापत्रमा अब्दुल-बहाले शोघी एफेन्दीको नाम लिंदै, धर्मको संरक्षक, उनी केन्द्र हुनेछन् र आफ्नो स्वर्गारोहण पछि, सबै उनीतिर फर्कनु पर्दछ । आज, यो केन्द्र विश्व न्याय गृह हो, जसको स्थापना बहाउल्लाहको स्पष्ट आदेश एवं अब्दुल-बहा र धर्मसंरक्षकद्वारा दिइएको स्पष्ट निर्देशन अनुसार संचालन भएको छ । यस संविदाको शक्तिले बहाई समुदायलाई एकैसूत्रमा ल्याउँछ र विखण्डन तथा बिघटन हुनबाट यसको रक्षा गर्दछ ।

दोस्रो कुरा अब्दुल-बहा बहाउल्लाहका वाणीको त्रुटिहीन व्याख्याकार हुनुहुन्छ । बहाउल्लाहको प्रकटीकरण यत्ति अगाध छ, र उहाँका वाणीहरूका प्रत्येक शब्दमा रहेको अर्थ यत्ति गहन छ कि उहाँले आफ्नो शेषपछिका लागि आफैले उत्प्रेरित गरेर एकजना व्याख्याकार छोड्ने आवश्यक ठान्नुभयो । यसरी आगामी कैयौं पुस्तासम्म मानवताले बहाउल्लाहका शिक्षाहरूलाई अब्दुल-बहाले उहाँका अनगिन्ती धर्मपत्रहरूमा र उहाँकै प्रवचनहरूका प्रमाणिक प्रतिलिपिहरूमा गर्नुभएका व्याख्याहरूबाट बुझ्न सक्नेछ । अब्दुल-बहा पछि बहाउल्लाहका शिक्षाहरूको व्याख्याकार धर्मसंरक्षकज्यू हुनुहुन्छ; उहाँसँगै व्याख्यागर्ने काम पूरा भयो र बहाउल्लाहको युगभरिका लागि उहाँका वाँणीहरूलाई व्याख्यागर्ने अधिकार कसैलाई पनि छैन ।

अतीतमा, सबै धर्म आफ्ना पवित्र धर्मका ग्रन्थहरूका अंशहरूको विविध व्याख्याहरूको कारण मतभेदबाट ग्रसित भएका थिए । तर यस युगधर्ममा जब बहाउल्लाहको कुनै पनि वक्तव्यको अर्थबारे अनिश्चितता आउँछ, तब सबै मानिसहरू अब्दुल-बहा र धर्मसंरक्षकज्यूको व्याख्यातिर फर्कन्छन् । यदि फेरि पनि अनिश्चितता रहेमा तब त्यो व्यक्ति विश्व न्याय गृहतिर स्पष्टिकरणको लागि उन्मुख हुन सक्छ । अतः शिक्षाको अर्थलाई लिएर मतभेद हुने कुनै पनि स्थान रहेको छैन र प्रभुधर्मको एकता संरक्षित भइरहन्छ ।

तेस्रो, अब्दुल-बहा आफ्नो पिताका शिक्षाहरूको परिपूर्ण अनुकरणीय आदर्श हुनुहुन्छ । यद्यपि, हामी कहिल्यै पनि परिपूर्णताको त्यस सीमासम्म पुग्न नसकेता पनि, हामीले सधैंभरि आफ्ना आँखाहरूको अगाडि उहाँलाई राख्नुपर्दछ र उहाँको उदाहरणको अनुसरण गर्ने प्रयास गर्नुपर्छ । जब हामीहरूले पवित्र लेखनीहरूमा प्रेमको विषयमा पढ्छौं, तब हामी अब्दुल-बहातिर उन्मुख हुनसक्छौं र हामीले प्रेम र दयालुताको सारतत्व देख्दछौं । जब हामीले पवित्रता, न्याय, सत्यपरायणता, हर्ष र उदारताको बारेमा पढ्छौं, तब हामी उनीतिर फर्कन सक्छौं र उनको जीवनको विषयमा सोंच्न सक्छौं तब हामीले देख्दछौं कि कसरी उनले यी गुणहरूलाई संभवतम पूर्णताकोसाथ प्रदर्शित गरे ।

अब्दुल-बहाको जीवनको पहिचान, वास्तवमा, उनको सेवाभाव थियो । अब्दुल-बहा अर्थको नाम हो “बहाको सेवक”, र उहाँलाई दिइएका सबै उपनामहरूमध्ये उहाँले यही नामलाई छान्नुभयो । अब्दुल-बहाका निम्नलिखित शब्दहरू उहाँले सेवा गर्नको लागि राखिएको अभिलाषा हो:

**“मेरो नाम अब्दुल-बहा । मेरो योग्यता हो अब्दुल-बहा । मेरो यथार्थ हो अब्दुल-बहा । मेरो प्रशंसा हो अब्दुल-बहा । मेरो भव्य एवं देदीप्यमान मुकुट हो वरदत्त पूर्णताप्रति दासत्व र मेरो अनवरत धर्म हो सम्पूर्ण मानवजातिप्रति सेवाभाव...। मेरो कुनै नाम छैन, कुनै पद छैन, कुनै गिन्ती छैन, कुनै कीर्ति छैन, न त कहिल्यै हुने नै छ, छ त फगत अब्दुल-बहा । यहीं मेरो कामना हो । यहीं मेरो सबभन्दा तिर्सना हो । यहीं मेरो शश्वत जीवन हो । यहीं मेरो चिरस्थायी गौरव हो ।”**[११]

स्पष्टरूपमा एलेजन्ड्राले आफ्नो अर्को भ्रमणमा सान्चेज परिवारकोसाथ जो साझागर्ने योजना बनएकि छिन्, त्यो अत्यन्त अद्भूत व्यक्तित्वको बारेमा एक परिचयभन्दा धेरै हैन, यस युगको धर्ममा अब्दुल-बहाद्वारा प्राप्त यस स्थानको प्रशंसा आउने वर्षहरूमा अझ बढ्दै जानेछ । तपाईं स्वयंको जीवनमा, जब जब तपाईं सेवाको मार्गमा हिंड्दै गर्नुहुनेछ, तपाईंसँग उहाँको सम्झना गर्ने र उनका शब्दहरूमा चिन्तन मनन गर्ने धेरै अवसरहरू हुनेछन् । तपाईंको आफ्नै जीवनमा, जब तपाईं सेवाको मार्गमा हिंड्नुहुन्छ, त्यतिबेला उहाँको उदाहरणलाई सम्झने र उहाँका शब्दहरूमाथि चिन्तन मनन गर्ने धेरै अवसरहरू प्राप्त हुनेछन् । पहिले नै, अघिल्लो इकाईमा, तपाईं आफै उनका केही शब्दहरूसँग परिचित हुनुहुन्थ्यो, र तपाईंलाई परिचित गराइएको थियो कि तपाईं उनका धर्मपत्रहरू र सार्वजनिक व्यक्तव्यहरूमा दिइएका विचारहरूलाई त्यसैगरि व्यक्तगर्न सिक्नु जस्तो कि उहाँले गर्नुभएको थियो । अहिलेको लागि, उहाँको स्थानको आफ्नो वर्तमान समझलाई सुदृढ बनाउनको लागि, तपाईंले आफ्नो समूहका अन्य सदस्यहरूसँग माथि बताइएका मुख्य मुख्य बुँदाहरूमा परामर्श गर्नु आवश्यक छ र तिनीहरूलाई राम्ररी भन्नको लागि अभ्यास गर्नुपर्छ । उद्धृत अंशमा चिन्तन गर्नाले तपाईंलाई सेवाको मार्गमा अगाडि बढ्ने प्रयासलाई प्रेरित गर्नेछ ।

**खण्ड ८**

एउटा प्रश्न जो श्रीमान र श्रीमती सान्चेज जहाँ तिनी भ्रमण गर्न सुरुगर्दाको समयदेखि एलेजन्ड्राको मनमा लागिरहेको थियो कि कुन चर्चाको विषय हुनसक्छ जो उनीहरूले आफ्नो छिमेकमा सामुदायिक निर्माण प्रकृयामा दृढ र सकृय नायक बन्नुमा सबभन्दा धेरै मद्दत गर्नेछन् । एकातिर, प्रार्थना, आत्माको अमरता, ईश्वर प्रेममा दृढता, जस्ता विषयहरू छन् जसलाई तिनले उनीहरूसँग चर्चागर्ने आशा गरेकिछिन्, किनभने उनीहरूका आध्यात्मिक जीवनको जगलाई लगातार झन् झन् बलियो बनाउँदै जानुपर्दछ । अर्कोतिर, तिनहरूको

लागि यो महत्वपूर्ण हुन्छ कि जसरी समुदाय विस्तारै विस्तारै विकसित भइरहेको छ त्यसको परिकल्पना उनीहरूले प्राप्त गरुन् र यो पनि जानुन् कि उनीहरूले यसको प्राप्तिमा आफ्नो बहुमूल्य योगदान दिनसकून् । श्रीमान र श्रीमती सान्चेजसँग अब्दुल-बहाको स्थानको बारेमा कुराकानीको समयमा, एलेजन्ड्रालाई विस्तारै विस्तारै महसुस हुन्छ कि तिनको अर्को भ्रमण के विषयमा हुनसक्छ । "मानिसहरूलाई एकजुट गराउने धर्मको उद्देश्यबारेमा उनीहरू धेरै स्पष्ट छन्," तिनले सोंच्छिन् । "तब सायद जुन विषयमा हामीले विचार गर्नुपर्छ त्यो हो एकीकृत समुदायको निर्माण र त्यसको संरक्षण कसरी गर्ने ।"

एलेजन्ड्राले चौथो भ्रमणको सुरुवात वर्तमानमा छिमेकमा मित्रहरूको एक तुलनात्मक सानो समूहले गरिरहेको गतिविधिहरूको वर्णनगर्दै गर्छिन् । "जब हाम्रो संख्या बढ्दछ," तिनले व्याख्या गर्छिन्, "हामी सबैले काँधमा उठाउनुपर्ने चुनौतिपूर्ण दायित्व भनेको हाम्रा शब्दहरू, आफ्ना विचारहरू, र आफ्ना कार्यहरूमा धेरैभन्दा धेरै एकताबद्ध हुनु हो । यदि तपाईं सहमत हुनुहुन्छ भने, आज हामी एकताको विषयबारे सँगै अन्वेषण गर्न सक्छौं ।"

"हाम्रो समुदायको विकासको लागि एकता कत्तिको महत्वपूर्ण छ मैले हेर्न सक्छु, श्रीमती सान्चेजले जवाफ दिइन् ।

"र जे भएपनि बहाउल्लाहको एकताको सन्देशले नै सबैभन्दा पहिले हाम्रा हृदयहरूलाई उनका शिक्षाहरूतर्फ आकर्षित गरे ।" श्रीमान सान्चेजले भने ।

"मैले धेरै विचारहरू छानेकि छु र हरेकको लागि उद्धरण फेला पारेकि छु," सान्चेजले भन्छिन् । "यदि तपाईंहरूलाई कुनै आपत्ति छैन भने, हामी तिनीहरूमा एक एक गरेर जान सक्छौं र छलफल गर्न सक्छौं ।"

तल एलेजन्ड्राका विचारहरूको सूचि दिइएको छः

- साच्चै हाम्रो समुदाय एकताबद्ध हुनको लागि, हामी प्रत्येक झगडा र विवादबाट टाढारहनु पर्छ । बहाउल्लाहले भन्नुहुन्छः

**"आजको दिनमा ईश्वरका प्रियजनहरू बीच झैंझगडा, संघर्ष, वादविवाद, वैमनश्यता, उदासिनता भयो भने त्यसले जस्तो अरू केहीले पनि यस धर्मलाई आघात पुऱ्याउने छैन । प्रभुको शक्ति र उनको सार्वभौमसत्ताको सहायता लिएर यस्ता दुर्भावनाहरूलाई हटाऊ र सर्वज्ञाता, सर्वबुद्धिमान ऐक्यबद्ध गराउने प्रभुको नाममा मानव हृदयहरूलाई प्रेम र एकताको सूत्रमा बाँध्ने प्रयास गर ।"**[१२]

- हामीले समुदायमा हरेकलाई प्रेम गर्नुपर्छ, एक प्रेम जसले ईश्वरको निमित्त हाम्रो प्रेमलाई प्रतिबिम्बित गर्दछ । अब्दुल-बहाले भन्नुहुन्छः

**“पूर्ण एकतामा रहू । एक आपसमा नरिसाऊ...। सृष्ट वस्तुहरूलाई प्रेम तिनीहरूका खातिर होइन ईश्वरका खातिर गर । उनीहरूलाई ईश्वरका खातिर प्रेम गर्‍यौ भने तिमी कदापि रूष्ट वा अधीर हुनेछैनौ । मानवता पूर्ण भएको छैन । हरेक मानिसमा अपूर्णताहरू हुन्छन्, र मानिसहरूतिर हेर्‍यौ भने तिमी सधैं खिन्न हुन्छौं । तर ईश्वरतिर हेर्‍यौ भने तिमीले उनीहरूलाई प्रेम गर्नेछौ र दया गर्नेछौ, कारण ईश्वरको लोक भनेको पूर्णता र पूर्ण करुणाको लोक हो ।”[१३]**

• यदि एक-अर्काप्रति प्रेमपछि, पनि तनाव उत्पन्न भएमा, हामीले तुरुन्तै अब्दुल-बहाको यस सल्लाहलाई सम्झनु पर्दछ:

**“तिमीहरू सबैलाई म आज्ञा दिन्छु कि तिमीहरूमध्ये प्रत्येकले आ-आफ्नो मनको ध्यान प्रेम र एकतामा मग्न राख्नु । जब युद्धको विचार आएमा तब शान्तिको झन् बलियो विचारले त्यसको सामना गर्नु । घृणाको विचारलाई प्रेमको झन् शक्तिशाली विचारले नष्ट गर्नुपर्छ । युद्धका सोचाइहरूले सामञ्जस्य, भलाई, विश्राम र सन्तोषमा विनाश पुर्‍याउँछन् । प्रेमका विचारहरू भने भातृत्व, शान्ति, मैत्री सुखका निम्ति रचनात्मक हुन्छन् ।”[१४]**

• र यदि, हामीले जतिसुकै नियन्त्रण गर्न खोजे पनि हाम्रा आवेगहरूले हामीलाई ओझेलमा पारेको देख्छौं, र हामी झगडा गर्न थाल्यौं भने हामीलाई कमजोरीको अवस्थाबाट बहाउल्लाहले यी शब्दहरूले पार लगाउनुहुन्छ:

**”यदि तिमीहरूको बीचमा मतभेदहरू उत्पन्न भएमा मलाई तिमीहरूको माझमा उभिरहेको हेर र मेरो नामको खातिर साथै मेरो प्रत्यक्ष र देदीप्यमान धर्मप्रतिको तिम्रो प्रेमको चिन्ह स्वरूप एकअर्काका दोषहरूलाई क्षमा गरिदेऊ ।”[१५]**

• अर्काको दोष नदेखिझैं गरेर उनीहरूका प्रशंसनीय गुणहरूमा केन्द्रित हुने र कुराकाट्नबाट पूरै बँच्ने आध्यात्मिक अनुशासन विभाजनका विरुद्ध सबभन्दा प्रभावकारी उपय हो । कुराकाट्ने प्रवृत्तिमा विजय पाउन तब सजिलो हुन्छ जब हामीले एक-अर्कोलाई प्रेम गर्छौं । हामीले के सम्झनुपर्छ भने जसलाई हामी प्रेम गर्छौं उसका दोषहरू नदेखेझैं गर्ने हाम्रो बानी हुन्छ, र उनीहरूलाई दोष-लुकाउने दृष्टिले हेर्न हामीलाई कुनै कठिनाई हुँदैन । अब्दुल-बहाले भन्नुहुन्छ:

**”अपूर्ण आँखाले अपूर्णता नै देख्छ । जुन आँखाले दोषहरूलाई छोप्दछ त्यसले आत्माहरूका रचयितालाई हेर्दछ । तिनीहरूको सृष्टि उनैले गरे, तिनलाई उनैले तालिम गर्छन् र आवश्यक कुरा जुटाइदिन्छन्, उनीहरूलाई क्षमता र जीवन अनि दृष्टि र श्रुतिको वरदान दिन्छन्, तसर्थ तिनीहरू उनै ईश्वरको भव्यताका प्रतीकहरू हुन् । तिमीले सबै जनाप्रति प्रेम**

**र दया गर्नुपर्छ, गरिबको हेरचाह गर्नुपर्छ, कमजोरको रक्षा गर्नुपर्छ, रोगीलाई निको पार्नुपर्छ, अज्ञानीलाई सिकाउने र पढाउने गर्नुपर्छ।"**[१६]

बहाउल्लाहले हामीलाई आग्रह गर्नुहुन्छः

**"हे मेरा सिंहासनका सहगामी हो ! खराब कुरा नसुन, खराब कुरा नहेर, आफूलाई नीच नबनाऊ न थकित होऊ न त रोऊ। अबशब्द नबोल ताकि तिमीप्रति अर्काले अपशब्द बोलेको तिमीलाई सुन्न नपरोस्। अर्काको दोषको बढाई चढाई नगर, जसबाट कि तिम्रा आफ्नै दोष ठूलो देखिन नपाउन्; र कसैको पतनको इच्छा नगर जसले गर्दा तिम्रो पतन प्रकाशमा नआओस्। आफ्नो जीवनका दिनहरू जुन क्षेणिक निमेष जस्ताछन्, तिनमा निष्कलङ्क मनले, रागरहित हृदयले, शुद्ध विचारले र पवित्र स्वभावले बाँच, त्यसपछि, मात्र स्वतन्त्र र सन्तुष्ट भएर यो मरणशील शरीरलाई त्याग गर्न सक्नेछौ र गूढ स्वर्गतिर प्रस्थान गरेर सदा सर्वदा स्थायी साम्राज्यमा रहन सक्नेछौ।"**[१७]

उहाँले हामीलाई बताउनु हुन्छः

**"हे निर्वासितहरू हो ! मैले मेरो नाम उच्चारण गर्नका निमित्त तिमीलाई जिब्रो दिएको छु, अरू थोक बोलेर त्यसलाई अपवित्र नबनाऊ। स्वार्थको आगोले तिमीलाई खाइहाल्यो भने तिमीले त्यो आफ्नै दोष सम्झ, मेरा प्राणीहरूको दोष नसम्झ किनभने तिमीहरू सबैले अरूलाईभन्दा आफैलाई बढी बुझ्न सक्छौ।"**[१८]

• एकता निश्चय नै कलह र मतभेद नहुनु मात्रै होइन, र प्रेमलाई शब्दहरूबाट प्रकट गर्नुहुँदैन। हामीले तब दावी गर्न सक्छौं कि हाम्रो बीच साँचो एकता हुन्छ यदि एक-अर्कोप्रति हाम्रो प्रेम समुदायको सोवामा परिवर्तन गर्ने हो भने र हाम्रा कृयाकलापहरू सहयोग र पारस्परिक सहायताको भावनाले नियन्त्रित भएमा। अब्दुल-बहाले आह्वान गर्नुभएको छः

**"बिश्राम नगर, पलभरको लागि पनि, एक क्षणको लागि भए पनि सुख-चयनको कामना नगर; बरु तन-मनले श्रमगर ता कि आफ्ना मित्रहरूको बीच कुनै एक जनाको भए पनि पूर्ण विनम्रताको साथ सेवागर्न सकियोस् र कम्तिमा पनि त्यस एक प्रकाशमान व्यक्तिलाई आनन्द र खुशी दिन सकियोस्। यो नै साँचो उदारता हो, र यसैबाट नै अब्दुल-बहाको निधार आलोकित हुन्छ। तिमी मेरो सहयोगी बन र त्यसमा सम्बद्ध होऊ।"**[१९]

र उहाँले भन्नुहुन्छः

**"मानवताको सर्वोच्च आवश्यकता हो सहयोग र पारस्परिकता। मानिसहरू बीच वन्धुत्व र ऐक्यबद्धताको सम्बन्ध जति धेरै बलियो हुन्छ, मानविय कृयाकलापका सतहमा रचनात्मकता र उपलब्धिका शक्तिहरू उत्ति नै धेरै हुन्छन्।"**[२०]

• सफल सामुदायिक कार्यको लागि एउटा महत्वपूर्ण उपाय हो सबै कुराहरूमा स्पष्ट र प्रेमपूर्ण चिचार विमर्श। परामर्शको माध्यमबाट कुनै एक विषयलाई हामीले प्रत्येक जुन विविध तरिकाबाट हेर्दछौं र त्यसलाई मिलाएर एक हुनजान्छ, र सामुहिक कार्यमा हामी जुन दिशातिर जानुपरेको छ त्यसलाई हामीले पत्ता लगाउन सक्दछौं। परामर्शको माध्यमबाट, हामीले विचारको एकता प्राप्त गर्नसक्छौं र आफ्ना विचारहरू र दृष्टिकोणहरूमा एक भएपछि, हामी आफ्ना समुदायहरूको विकासको लागि प्रभावकारी योजना निर्माण गर्न सक्छौं। जुन परामर्श गर्छौं त्यसबारे अब्दुल-बहाले भन्नुहुन्छ:

**"उनीहरूको लागि, जसले सँगसँगै मिलेर परामर्श गर्दछन्, त्यसका प्रमुख आवश्यकताहरू हुन्: उद्देश्यको पवित्रता, आत्माको तेजस्विता, ईश्वरको अतिरिक्त सबैबाट अनाशक्ति, उनको दिव्य महकप्रति आकर्षण, उनका प्रियजनहरूको बीच विनम्रता र विनयशीलता, कठिनाईहरूमा धैर्य एवं सहनशीलता तथा उनको उदात्त संघारप्रति दासता। यदि उनीहरूलाई यी गुणहरूको विकासमा कृपापूर्वक सहायता प्राप्त भएमा, तब तिनीहरूलाई बहाको अदृश्य साम्राज्यबाट विजय सुनिश्चित हुनेछ।"**[२१]

• विचारको एकता निरर्थक हुन्छ यदि यो कार्यको एकतामा परिवर्तन नभएसम्म। एकतामा कार्य गर्ने भनेको अर्थ यो होइन कि हामी सबैले एउटै कार्य गर्नुपर्छ। यसको विपरित, एकतामा गरिएका कार्यको दौरानमा एक समुदायका सदस्यहरूका विभिन्न प्रतिभाहरूलाई उपयोग गर्नु हो। हाम्रा शक्तिहरू धेरै गुणा बढेर जान्छन्, र तैपनि जब हाम्रो संख्या अझै सानो भएता पनि, हामीले त्यो प्राप्त गर्न सक्छौं जो विश्वका ठूलाभन्दा ठूला शक्तिशाली संगठनहरू पनि प्राप्त गर्न असमर्थ हुन्छन्। अब्दुल-बहाले भन्नुहुन्छ:

**"जब कहिल्यै, पवित्र आत्माहरू, स्वर्गका शक्तिहरूबाट सहायता प्राप्त गर्दछन्, आत्माका यस्ता गुणहरूकासाथ उठ्छन्, र एकतामा लाम्बद्ध भएर अगाडि बढ्छन्, र तीमध्येबाट प्रत्येक आत्मा एक हजारको बराबर हुनेछ, र त्यस शक्तिशाली महासागरका उर्लंदा छालहरू स्वर्गका निवासीहरू सरह हुनेछन्।"**[२२]

आफ्नो माथिका कुराहरू राम्ररी पढिसकेपछि र आफ्नो समूहका सहभागीहरूसँग विषयवस्तुको बुँदा बुँदामा छलफल गरिसकेपछि तपाईंले अघिल्लो तीनवटा कुराहरू जस्तै

विषयवस्तुलाई प्रस्तुत गर्ने अभ्यास गर्न एक-अर्कोलाई मद्दत गर्न चाहनुहुन्छ । यस प्रयासमा तल दिइएका अभ्यासहरूले केही मद्दत गर्नेछन्:

१. तलका वाक्यहरू पूरा गर्नुहोस्:

क. आजको दिनमा ________________बीच झैंझगडा, संघर्ष, वादविवाद, वैमनश्यता, उदासिनता भयो भने त्यसले जस्तो अरू केहीले पनि यस ________________ पुऱ्याउने छैन ।

ख. आजको दिनमा ईश्वरका प्रियजनहरू बीच _______, _______,वादविवाद, _______, उदासिनता भयो ________________केहीले पनि यस धर्मलाई आघात पुऱ्याउने छैन ।

ग. आजको दिनमा ईश्वरका प्रियजनहरू बीच झैंझगडा, संघर्ष, वादविवाद, वैमनश्यता, __________भने त्यसले जस्तो अरू केहीले पनि यस धर्मलाई आघात पुऱ्याउने छैन ।

घ. आजको दिनमा ईश्वरका प्रियजनहरू बीच झैंझगडा, संघर्ष, वादविवाद, वैमनश्यता, उदासिनता भयो भने _______________केहीले पनि यस धर्मलाई आघात पुऱ्याउने छैन ।

ङ. आजको दिनमा ईश्वरका प्रियजनहरू बीच झैंझगडा, संघर्ष, वादविवाद, वैमनश्यता, उदासिनता भयो भने त्यसले जस्तो अरू केहीले __________आघात पुऱ्याउने छैन ।

च. आजको दिनमा ईश्वरका प्रियजनहरू बीच झैंझगडा, संघर्ष, वादविवाद, वैमनश्यता, उदासिनता भयो भने त्यसले जस्तो अरू केहीले पनि यस धर्मलाई __________पुऱ्याउने छैन ।

छ. _______________________बीच झैंझगडा, संघर्ष, वादविवाद, वैमनश्यता, उदासिनता भयो भने त्यसले जस्तो अरू केहीले पनि यस धर्मलाई आघात पुऱ्याउने छैन ।

२. दोस्रो उद्धरणमा अब्दुल-बहाले हामीलाई भन्नुहुन्छ:

क. हामी ____________एकतामा रहनुपर्छ ।

ख. हामी ____________हुँदैन ।

ग. हामीले सबै मानिसहरूलाई प्रेम _______________ईश्वरको खातिर गर्नुपर्छ ।

घ. हामीले उनीहरूलाई ईश्वरका खातिर ________________________वा ___________ हुनेछैनौं ।

ङ. मानवता _____________छैन ।

च. हरेक मानिसमा __________________, र हामीले मानिसहरूतिर हेर्‍यौ भने _____________हुन्छौं ।

छ. हामीले ईश्वरतिर हेर्‍यौ भने हामीले _____________गर्नेछौ र दया गर्नेछौ, कारण ईश्वरको लोक भनेको ______________करुणाको लोक हो ।

३. तेस्रो उद्धरणमा अब्दुल-बहाले भन्नुहुन्छः

क. हामी प्रत्येकले आ-आफ्नो मनको ध्यान _____र ________ मग्न राख्नु ।

ख. हामीमा जब _________________तब __________________विचारले त्यसको सामना गर्नु ।

ग. हामीले ______________ झन् शक्तिशाली विचारले _____गर्नुपर्छ ।

घ. युद्धका सोचाइहरूले _________, भलाई, _________र सन्तोषमा विनाश पुऱ्याउँछन् ।

ङ. प्रेमका विचारहरू भने _____, ______, मैत्री सुखका निम्ति ________________हुन्छन् ।

४. जब समुदायमा देख्नुहुन्छ कि तपाईं र समुदाय बीच मतभेद उत्पन्न भइरहेको छ भने तब तपाईंले के गर्नुपर्छ ?

_________________________________________
______________________________________________________
______________________________________________________
______________________________________________________

५. आफ्नो समुदायमा एकतालाई कायम राख्न तपाईंको मद्दतको लागि अनुशासनको व्याख्या गर्नुहोस्:

______________________________________________________
______________________________________________________
______________________________________________________

६. निम्नलिखित मध्ये कुन कुनले एकतालाई योगदान दिन्छन् ?

___अरूका कमिहरूलाई देख्नु

___अरूका गल्तिहरूलाई नदेखेजस्तो गर्नु

___एक मित्रले अर्को व्यक्तिका कमिहरूबारे टिप्पणी गर्नु

___कुनै व्यक्तिलाई खराब देखाउनको लागि बढाइ-चढाइ भन्नु वा कुरा फेर्नु

___अरूका गल्तिहरूबारे सोंच्नु

७. हामी किन केही मानिसले गल्तिगरेमा आलोचना गर्छौं, तर अरूले ठ्याक्कै यस्तै गर्दा होइन ?

________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________

८. के यस्तो परिस्थितिमा एकता हुनु सम्भव हुन्छ जब मानिसले एक-अर्कोप्रति कुराकाटी रहेका हुन्छन् ? किन हुँदैन ?

९. कसैको बारेमा भुटो बोल्नु स्पष्ट रूपमा गल्ति हो, के कसैले गरेका वास्तविक कार्यहरूबारे आलोचनात्मक टिप्पणीगर्नु उचित हुन्छ ?

______________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____ ____________________________________________________________

१०. अरूहरूको बारेमा गफगर्नु, कुराकाट्नु, र आलोचना गर्नुमा के के फरक छ ?

____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________

११. गफगर्नाले, अरूको कुरा काट्नुले र लगातार आलोचना गर्नुले के के असर पार्दछ ?

१२. हाम्रो जीवनबाट यी आदतहरूलाई कसरी हटाउन सकिन्छ ?

१३. के हुन्छ यदि हामीले मानिसहरूको बारेमा तिनीहरू उपस्थितभए जस्तैगरि बोल्यौं भने ?

१४. यदि हामीले बच्चाहरूको अगाडि अरूको कुराकाट्ने गर्‍यौं भने उनीहरूमा कस्तो असर पर्ला ?

१५. गफगर्ने र अर्काको कुराकाट्ने प्रवृत्ति कहाँबाट आउँछ ?

१६. बहाउल्लाहले हामीलाई आग्रह गर्नुहुन्छः स्वार्थको ________________खाइहाल्यो भने तिमीले ________________, मेरा प्राणीहरूको दोष नसम्झ किनभने तिमीहरू सबैले ________________बढी बुझ्न सक्छौ ।

१७. प्रेमलाई शब्दहरूमा मात्र व्यक्त गर्न सकिंदैन । यसको लागि अरू के को आवश्यकता पर्दछ ? ______________ ________________________________________________

१८. एकता र प्रेमको सम्बन्धमा हामीलाई अब्दुल-बहाले भन्नुहुन्छः "__________नगर, पलभरको लागि पनि, ______________________-चयनको कामना नगर; बरु तन-मनले श्रमगर ता कि आफ्ना ______________________ जनाको भए पनि पूर्ण विनम्रताको साथ ____________ सकियोस् र कम्तिमा पनि त्यस एक प्रकाशमान ____________________ र खुशी दिन सकियोस्। ______________________हो, र यसैबाट नै अब्दुल-बहाको निधार आलोकित हुन्छ। तिमी मेरो सहयोगी बन र____________________ होऊ।

१९. र उहाँले अझ अगाडि भन्नुहुन्छः _________________ आवश्यकता हो सहयोग र पारस्परिकता। मानिसहरू __________ र ऐक्यबद्धताको सम्बन्ध _________________ हुन्छ, _________________सतहमा रचनात्मकता ____________शक्तिहरू उत्ति नै धेरै हुन्छन्।

२०. सफल सामुदायिक कार्यहरूको महत्वपूर्ण चावी के हो ? __________
__________________________________________________________

२१. अब्दुल-बहले परामर्श गर्नेहरूलाई भन्नुहुन्छः "उनीहरूको लागि, जसले सँगसँगै मिलेर _________________, _________________, __________________, __________________, ______________________,उनको दिव्य महकप्रति आकर्षण, _______________________________________, कठिनाईहरूमा _________________ तथा उनको __________________ दासता। यदि उनीहरूलाई यी _________________मा कृपापूर्वक __________________, तब तिनीहरूलाई बहाको अदृश्य __________________ विजय सुनिश्चित हुनेछ।

२२. एकतामा रहेर कामगर्ने शक्तिको बारेमा, अब्दुल-बहाले हामीलाई भन्नुहुन्छः जबकहिल्यै, _____________, स्वर्गका शक्तिहरूबाट ____________, आत्माका यस्ता गुणहरूकासाथ उठ्छन्, र एकतामा _________________, तीमध्येबाट प्रत्येक आत्मा एक हजारको बराबर हुनेछ, र त्यस __________________ उर्लंदा छालहरू _______निवासीहरू सरह हुनेछन्।

**खण्ड ९**

श्रीमान र श्रीमती सान्चेजको यहाँ उनको चौथो भ्रमणको दौरानमा, एलेजन्ड्रालाई उनीहरूका एक नातिनी बिएट्रिससँग भेट्ने मौका मिल्यो, जो नजिकैको माध्यामिक

विद्यालयमा अध्ययनको लागि उनीहरूसँग बस्न आएकि थिइन् । एकताको विषयमा जान्न बिएट्रिस एकदम उत्सुक छिन् र उत्साहकोसाथ यस चर्चामा भाग लिन्छिन् । जब वार्तालापको अन्त्यहुन थाल्दछ, श्रीमती सान्चेजले कफी र केक सबैलाई ल्याउँछिन् । यसलेगर्दा एलेजन्ड्रालाई बिएट्रिसको बारेमा थोरै जान्ने मौका मिलेको छ, र त्यस छिमेकीमा सामुदायिक निर्माणका प्रयासहरूबारेमा कुरा गर्नको लागि अर्को दिन भेट्ने योजना बनाएकि छिन् । "तिनले सायद पाठचक्रमहरूको मुख्य श्रृङ्खला अध्ययन गर्नमा रुचि देखाउन सक्छिन्," एलेजेन्ड्रले आफै मनमनै सोच्दछिन् । "मैले तिनलाई स्थिर गतिले सुरुका केही पुस्तकहरू अध्ययनगर्न मद्दत गर्न सक्दछु ।" "त्यसपछि सायद उनले बाल कक्षा संचालन गर्न वा छिमेकमा बनिरहेको किशोर समूहमा मलाई मद्दत गर्न सक्छिन् । यदि यस्तो भएमा, जब जब उनी पुस्तक ५ सम्म पुग्छिन्, तब तिनले विस्तारै विस्तारै समूहको धेरै जिम्मेवारी लिन सक्छिन्, किनभने तिनले उनलाई एक अनुप्रेरकको रूपमा सेवा गर्नको लागि तैयार गर्दछिन् ।" एलेजन्ड्राले युवाहरूको लागि आयोजित गरिएका धेरै सम्मेलनहरूमा भाग लिइन्, जुन छलफलका केही विषयहरूमा केन्द्रित थिए, फलस्वरूप धेरै मानिसहरूले संस्थान प्रकृयामा सहभागी हुन पाएका थिए । उनले तय गरिन् कि अर्को दिन बिएट्रिससँग कुराकानीगर्दा विचारहरूको यहीं क्रमलाई पालन गर्नेछिन् । वार्तालाप यसरी सुरुहुन्छ:

> हामी सबैले चाहन्छौं कि यो विश्व एउटा सबैभन्दा राम्रो स्थान बनोस् । हामीले यस्तो भविष्यको आशा गर्दछौं कि जब सार्वभौमिक शान्ति स्थापित भएमा तब मानव परिवार सामञ्जस्यमा रहन्छ । यस प्रकारको भविष्य स्वप्ना होइन, र जब विश्वलाई सुन्दर बनाउनको लागि योगदान दिनको लागि हामीले धेरैभन्दा धेरै मानिसको लागि प्रयास गर्दछौं भने यसको निर्माण हुन्छ । हाम्रा हृदयहरूको गहिराइमा हामीमध्ये प्रत्येकलाई आफ्ना समुदायहरूको सेवागर्ने इच्छा छ । हामीलाई जसको आवश्यकता छ, त्यो हो, साझा हितको लागि सेवाको निस्वार्थ कार्यगर्नको लागि आफ्नो क्षमता विकसित गर्न ।
>
> मानवजातिको लागि हाम्रो सेवाको बारेमा सोच्नको लागि हामीले सेवाको एक मार्गको कल्पना गर्न सकिन्छ जसमा हामी सबै सँगसँगै हिंड्छौं । यो मार्ग सबैको लागि खुला छ । हामी प्रत्येकले यसमा हिंड्नको लागि निर्णय लिन सक्छौं र हामी आफ्नै गतिले यसमा अगाडि बढ्दछौं । हामी यस मार्गमा एक्लै हिंड्दैनौ, सँगसँगै सिक्दै र एकअर्कासँग सँगै हिंडेर, हामीले आफ्ना मित्रहरूकोसाथ सेवा गर्दछौं । हामीले जुनसुकै पाईला चाल्दा आनन्द र आश्वासनकोसाथ, र हामीले जेसुकै प्रयास गर्दछौं त्यसले ईश्वरीय संपुष्टिहरू ल्याउँछ ।

बिएट्रिसले जे सुनिरहेकि छिन् त्यसलाई मन पराइरहेकि छिन्, र यो छोटो प्रस्तुतिपछि एक जीवन्त वार्तालाप हुन्छ। र अगाडि जानुभन्दा पहिले, आउनुस् यहाँ थोरै रोकियौं र यी दुई नयाँ मित्रहरू बीच भएको वार्तालापको स्वरूप चिन्तन गर्दछौं।
बिएट्रिसलाई संस्थान प्रकृयामा भाग लिनको लागि आमन्त्रित गर्नको लागि एलेजन्ड्राले अर्थपूर्ण वार्तालापमा संलग्न हुने निर्णय लिइन्। बिएट्रिसलाई केवल यत्ति बताउन किन पर्याप्त हुँदैन कि संस्थानद्वारा पाठ्यक्रमहरूको एक श्रृङ्खला प्रदान गर्न गइरहेकि छिन् र फेरि उनले यसमा शामिल हुनलाई आमन्त्रित गर्छिन् ?

________________________________________________________
________________________________________________________
________________________________________________________
________________________________________________________
________________________________________________________
________________________________________________________
________________________________________________________

**खण्ड १०**

एलेजन्ड्रा र बिएट्रिस बीच वार्तालाप लगभग दुई घण्टासम्म जारीरहन्छ। तल धेरै अतिरिक्त विचारहरू दिइएकाछन् जो एलेजन्ड्राले आफ्नी नयाँ मित्रसँग साझा गर्दछिन्। हामीले बुझ्दछौं कि निश्चित रूपले तिनले लगातार लामो लामो रूपले प्रस्तुत गर्दिनन्। दुई घण्टामा तिनले धेरैजसो समय यी अनुच्छेदमा उल्लेखित विचारहरूलाई सँगसँगै विचारविमर्श गर्नमा बिताउँछिन्:

> हामी युवा हौं, हामीसँग ऊर्जा छ, र हामीसँग धेरै धेरै उत्साह छ। मानिसले सोच्छन् कि हामी लापरवाही छौं। तर यसको विपरित; हामी मानवताको दुर्दशाको लागि चिंतित छौं र समाजमा वास्तविक परिवर्तन भएको हेर्न चाहन्छौं। र हामीले आफ्नो जीवनको बारेमा पनि सोच्नु पर्दछ-शिक्षा, काम, मित्र, परिवार। प्रत्येक वर्ष जब जब हामी बढ्दै जान्छौं, हामीले पाउँछौं कि हामीले अझ धेरै जिम्मेवारिहरू उठाइरहेका छौं; कि हाम्रा आमा बाबुले हामीबाट धेरै आशा गरेका हुन्छन्। कहिलेकाहीं जब मैले आफ्ना सबै जिम्मेवारीको बारेमा सोंच्नेगर्छु, मैले आफूलाई विचलित भएको महसूस गर्छु। फेरि मैले कण्ठस्त गरेका. बहाई लेखनीहरूको उद्धरणबाट सम्झना आउँछ: "मानिसको जीवनको एक वसन्तकाल हुन्छ र त्यो अद्भूत गौरवले सम्पन्न हुन्छ। युवावस्थाको विशेषता हो उसको शक्ति र ऊर्जा र यो मानव जीवनको सर्वाधिक श्रेष्ठतम समय हो।"

जो मैले तपाईंसँग साझा गर्न चाहन्छु त्यो यो हो कि संसारभरि हाम्रो जस्ता समुदायहरूमा धेरै युवाले यो महसूस गरिरहेका छन् कि उनीहरूका ऊर्जाहरूलाई दोहोरो उद्देश्यद्वारा निर्देशित गर्न सकिन्छः आफू स्वयंको बौद्धिक र आध्यात्मिक विकासको जिम्मेवारी लिनु र समाजको रूपान्तरणमा योगदान पुऱ्याउनु । हाम्रो उद्देश्यका यी पक्ष्यहरू परस्परमा सम्बन्धित छन् । जब हामीले आफ्ना सामर्थ्यहरूको विकास गर्दछौं, हामी अरूहरूको सेवागर्न अझ सक्षम हुन्छौं, जब हामीले एक अर्कालाई मद्दत गर्दछौं हामी व्यक्तिको रूपमा विकसित हुन्छौं र हामीसँग भएका गुणहरू पनि विकसित हुन्छन् ।

यहींनिर सेवाको मार्गको विचार शामिल हुन्छ, जसबारे मैले पहिले नै उल्लेख गरेकि छु । यस मार्गमा हिंड्नु कुनै यस्तो हैन कि; जसमा हामीले केवल हाम्रो आफ्नो जीवनलाई सामिल गर्दछौं, यसले हामीबाट हुने हर कुरालाई अर्थपूर्ण बनाइदिन्छ । समुदायको सेवा हामी आफ्नो शिक्षाको उद्देश्यलाई अझ राम्रो तरिकाले बुझ्नमा, भविष्यको बारेमा आफ्ना विचारहरूलाई स्पष्ट गर्नुमा, हाम्रा परिवारहरूको कल्याणमा योगदान दिनको लागि आवश्यक गुणहरू विकसित गर्नमा मद्दत गर्दछ । यसले हाम्रो मित्रतालाई बलियो बनाउँछ । यसले हामीलाई नगण्य कार्यहरूमा आफ्ना ऊर्जाहरूलाई बर्बाद गर्नबाट रोक्दछ ।

तपाईंले आध्यात्मिक र बौद्धिक विकासको बारेमा सोंच्दैगर्दा, हामी ती धेरै बलहरूको बारेमा सजग रहनुपर्दछ जसले हामीलाई प्रभावित गर्दछ । तीमध्ये केही, जस्तै ज्ञानको, न्यायको, र प्रेमको बलले हामीलाई सही दिशामा लैजान्छ, र हामीले त्यसकोसाथ आफैलाई समायोजन गर्न सिक्नु पर्दछ । अन्य बलहरू जस्तै भौतिकवाद र आत्मकेन्द्रितताको बलले यसको विपरित काम गर्छन्; र हामीले त्यसको प्रतिरोध गर्नुपर्छ । हामीले उत्कृष्टता प्राप्तगर्ने प्रयास गर्नुपर्छ र यस्तो आस्था राख्नुपर्दछ कि हाम्रा प्रयासहरूले दिव्य संपुष्टि आशीश प्राप्तहोओस् ।

र जब हामी समाजको रूपान्तरणमा आफ्नो योगदानबारे सोंच्दछौं-हिंसा, गरिबी र यातनाहरूले भरिएको यो संसार शान्ति, समृद्धि, मेलमिलापको संसारमा रूपान्तरण गर्ने बारेमा-तब हामी भौतिक र आध्यात्मिक दुवैको प्रगतिमा विचार गर्नुपर्दछ । यदि हामीले आध्यात्मिक प्रगति नगरेमा तब सबै मानिसको भौतिक प्रगति पनि हुनेछैन । जब यी दुवै सँगसँगै अगाडि बढ्दछन् तब विश्वको प्रगतिहुन्छ । एक अर्को उद्धरण छ जसलाई मैले कण्ठस्थ गरेकि छुः "भौतिक सभ्यता बत्ति समान हो, जब कि आध्यात्मिक सभ्यता त्यस बत्तिमा प्रकाश हो । यदि भौतिक र आध्यात्मिक सभ्यता

मिलेर एक भएमा, तब प्रकाश र बत्ति सँगसँगै हुनेछ, र यसको परिणाम पूर्ण हुनेछ ।"

जब हामी सेवाको मार्गमा हिंड्छौं, हामीले व्यक्तिहरूका समूहहरूसँग विशेष गरेर बच्चा र किशोरहरूसँग, कामगर्न सिक्छौं, र उनीहरूको मद्दत ज्ञान, कौशल र आध्यात्मिक गुणहरू आर्जित गर्नेमा गर्दछौं । हामीले आफ्ना समुदायहरूको एकतामा ध्यान दिन पनि सिक्दछौं । समुदायको प्रगतिमा जो व्यक्ति, परिवार र समुदायमा योगदान दिनको लागि इच्छुक छन् उनीहरूले अवश्य सँगै मिलेर कार्य गर्नुपर्छ । उनीहरूले एक साझा परिकल्पना र उद्देश्यको निर्माण गर्नुपर्छ र विवादका मार्गहरूलाई पछाडि छोडिदिनु पर्दछ ।

त्यसैले यो महत्वपूर्ण छ कि जब हामी युवा छौं, तब हामीले अरूहरूसँग सामञ्जस्यपूर्ण सम्बन्ध राख्ने आदतको विकास गर्नुपर्छ । हामी मित्रहरू बन्नै पर्ने आवश्यकता छः हामीले जो काम गर्छौं एकअर्कासित सँगसँगै हिंड्दै, एकअर्काका योगदानहरूलाई स्वीकारगर्दै, एकअर्कोलाई प्रोत्साहनगर्दै र समर्थनगर्दै, र एक अर्काका ताकतहरूलाई हेर्दै, एक अर्कासँग उपयोगी सल्लाह माग्दै र दिंदै, र एक अर्काका उपलब्धिहरूबाट आनन्द लिंदै । सेवाको यस मार्गमा हिंड्नको लागि हामीले कार्य गर्नुपर्छ, आफ्ना कार्यहरूको चिन्तन गर्नुपर्छ, परामर्श गर्नुपर्छ, र सँगसँगै अध्ययन पनि गर्नुपर्छ ।

पछिल्ला केही दशकहरूमा विश्वका हरेक देशमा सिकाई प्राप्तगर्ने एक धेरै नै विशेष प्रकारको संस्था स्थापना गर्नेमा बहाई समुदाय सफल रहेको छ । यो, जसलाई हामीले प्रशिक्षण संस्थान भन्दछौं, यसले ती पाठचक्रमहरूलाई प्रदान गर्दछ जसले समुदायको सेवागर्न हाम्रा सामर्थ्यहरूलाई सुदृढ बनाउँछ । यी पठचक्रमहरूको अध्ययन गरेर हामीले आध्यात्मिक अन्तर्दृष्टि र सेवाको मार्गमा सँगसँगै अगाडि बढ्नको लागि आवश्यक व्यवहारिक कौशल प्राप्त गर्दछौं । जब हामी ती पाठचक्रमहरूमा अगाडि बढ्दछौं, सेवाको बढ्दो जटिल गतिविधिहरूलाई पूरागर्न हाम्रो क्षमता बढ्दछ । यस पूरा समयसम्म, हामीसँगै यी मानिसहरू सँगसँगै हिंड्छन् जो हामीभन्दा धेरै अनुभवि छन्, र समय सँगसँगै हामी स्वभाविक रूपबाट कम अनुभव भएका मित्रहरूसित पनि सँगसँगै हिंड्दछौं । सुरुदेखि नै हामी सबै व्यक्तिगत र सामाजिक रूपान्तरणका नायक हौं जो उत्सुकताले भरिएर आफू स्वयंलाई सिकाई र समुदायमा सेवा दिन जिम्मेवारी उठाइरहिएको छ ।

"एक नायक हुनु" को तात्पर्य यो हो विचारपूर्वक कार्य गर्ने इच्छाशक्ति हुनु, आफ्ना प्रयासहरूमा लागिरहन र हर पाइलामा ज्ञान प्राप्त गर्नु र लागूगर्न । एक नायक

केवल लाभहरूको एक निष्कृय प्राप्तकर्ता होइन, तर प्रगतिको लागि कार्यगरिरहेको एक सकृय सहयोगी हो । एक नायक बन्नको लागि हामी रचनात्मक एवं अनुशासित पहलगर्न सिक्नुपर्छ । समुदाय निर्माण प्रकृयाको नायक बन्नको लागि हाम्रो क्षमता बढाउनको लागि संस्थान पाठ्यक्रमहरूले हाम्रो मद्दत गर्दछन् ।

हामीलाई उपरोक्त अनुच्छेदहरूमा दिइएका विचारहरूमा चिंतन गर्नलाई केही समय लिनु आवश्यक छ । जस्तो कि यस खण्डमा शुरुवातमा उल्लेख गरिएको छ कि एलेजन्ड्राले एकपछि अर्को प्रश्तुनि गरेकि छैनिन् तर यो सुनिश्चित गर्दछिन् कि बिएट्रिससँग उनको बारेमा सोच्न र चर्चामा योगदान दिन पर्याप्त अवसर मिल्नुपर्छ । आफ्नो समूहमा हर एक अनुच्छेदमा चर्चागर्न अझ धेरै विचारहरूलाई आफै राम्रोसँग व्यक्तगर्न सिकिसकेपछि तपाईंले यहाँ विचार गर्न सक्नुहुन्छ कि के यो वार्तालाप त्यस बिन्दुसम्म पुगिसकेको छ कि अब एलेजन्ड्राले रुही संस्थानका केही पाठ्यक्रमहरूको बारेमा केही शब्दहरू साझा गर्न र बिएट्रिसलाई पुस्तक अध्ययनमा शामिल हुनको लागि आमंत्रित गर्नुमा आत्मविश्वास महसूस गर्नेछिन् । के तपाईंले तल दिइएका स्थानहरूमा लेख्न सक्नुहुन्छ कि तपाईं उनको स्थानमा भएमा के भन्नुहुन्थ्यो ? तपाईं पुस्तक १ र २ र त्यससँग जोडिएका सेवा कार्यहरूको वर्णन कसरी गर्नुहुन्छ ? अगाडिका पुस्तकहरूमा दिइएका सेवा कार्यहरूमा-विशेष रूपले बच्चाहरूको आध्यात्मिक शिक्षाको लागि शिक्षण कक्षाहरू र एउटा अर्को किशोर समूहको यसको अनुप्रेरकको रूपमा मार्गदर्शन गर्नेको-एक संक्षिप्त संदर्भ निःसन्देह बिएट्रिसको भविष्यमा उनले कुन प्रकारको सेवा गर्न सक्छिन्, यसको परिकल्पना प्राप्त गर्नलाई मद्दत पुग्ने छ । बिएट्रिसले पुस्तक १ अध्ययन गर्नको लागि आमन्त्रित गर्नलाई एलेजन्ड्राले भन्न सक्छिन् कि सेवाका यी दुई कार्यहरूमा यस्तै केही वाक्यहरू लेख्नमा आफ्नो समूहका टयुटरले तपाईंलाई सहायता गर्न सक्दछन् ।

____________________________________________________________

## खण्ड ११

दुई हप्तापछि एलेजन्ड्राको सान्चेज परिवारसँग अर्को भेटघाट हुन्छ। त्यस दौरानमा, बिएट्रिसले एक सघन अभियानमा भाग लिन र पुस्तक १ को पहिलो दुई इकाईहरू पूरागर्नमा सक्षम हुन्छिन्। अब उनले पाँच मित्रहरूको समूहसँग छिमेकीमा हप्ताको दुईपटक मिलेर तेस्रो इकाई अध्ययन गरिरहेका छन्। एलेजन्ड्राले सोंच्छिन् कि सान्चेज परिवारकोसाथ प्रार्थनाको विषयमा वार्तालाप गर्ने यो उचित समय हो र उनले बिएट्रिसलाई सोध्छिन् कि के उनले तिनको सहायता गर्न सक्छिन्। तिमीले स्वयं पुस्तक १ को दोस्रो इकाई अध्ययन गरिसकेकि छौ, त्यसैले यस भ्रमणको समयमा एलेजन्ड्रा र बिएट्रिसले जुन कुरालाई उठाए त्यसलाई संक्षेपमा बताउनु पर्ने आवश्यकता छैन। त्यस इकाईलाई पूनरावलोकन गरेपछि, तपाईं ती मुख्य बुँदाहरूलाई चिन्हित गर्न सक्षम हुनुहुने छ जसमा तपाईं यस विषयमाथि चर्चालाई संबोधनगर्ने प्रयास गर्नुहुने छ। तल आफ्ना विचारहरू लेख्नको लागि स्थान दिइएको छ।

## खण्ड १२

सान्चेज परिवारको यहाँ एलेजन्ड्राले आउने केही हप्ताको लागि गृह भ्रमणलाई जारी राख्छिन्, प्रार्थनाको महत्वबारेमा उनका चर्चाहरूबाट स्वभाविक रूपमा धेरै विषयहरू निक्लिएर आउँछन् जसको बारेमा चर्चागर्न तिनलाई अवसर मिल्दछ-आत्माको जीवन,

आध्यात्मिक गुणहरूको विकास, ईश्वरका नियम कानूनहरू आज्ञाकारिता, र उनको प्रेममा दृढता । एउटा अवसरमा, उनले प्रशासनिक व्यवस्थाका संस्थाहरू, विशेष रूपमा स्थानीय र राष्ट्रिय आध्यात्मिक सभाहरूको बारेमा, थोरै वार्तालाप गरिन् । हामीले यी प्रत्येक गृह भ्रमणको दौरानमा, वार्तालापहरूमा शामिल गरिएका विषय वस्तुमा विचार गर्नुपर्ने आवश्यकता छैन । तर, दुईवटा यस्ता प्रश्नहरू छन् जो सहभागीहरूकासाथ हामीले कल्पना गरिरहेका जस्ता वार्तालापहरूको एक श्रृङ्खलामा धेरैजसो उत्पन्न हुन्छ । पहिलो प्रश्नको सम्बन्ध समुदायद्वारा आयोजित बैठकको प्रवृत्तिसँग र दोस्रो वित्तिय (कोष) संसाधनहरू बारे छ । हामीले यस खण्डमा बैठकको विषयलाई लिन्छौं, विशेष रूपमा १९ दिने सहभोज र अर्कोभागमा कोषको प्रश्नलाई हेर्नेछौं ।

तब फेरि, निम्नलिखित बिन्दुहरूमा उन्नाइसदिने सहभोजको विषयबारे कुराकानीको आधार बन्न सक्दछः

• बहाई समुदायमा विभिन्न उद्देश्यहरूको लागि भेलाहरू हुन्छन्-प्रार्थना गर्नको लागि, अध्ययन गर्नको लागि, विशेष अवसरहरू मनाउनको लागि, सामुदायिक मामिलाहरू र समाजको सेवामा परामर्शगर्नको लागि र कार्यहरूका योजनाहरू बनाउनको लागि । बहाउल्लाहले निम्नलिखित प्रतिज्ञा गर्नुभएको छः

**"मेरो जीवन र मेरो धर्मको सौगंध ! जो कोही पनि निवासमा ईश्वरका मित्रहरू प्रवेश गर्दछन् र स्वामीको स्तुति र महिमाको उनको आवाज जहाँबाट घन्कन्छ, उसको वरिपरि सत्य अनुयायीहरूका आत्माहरू र सबै कृपाप्राप्त देवदूतहरू विद्यमान हुनेछन् ।"**[२३]

• मित्रहरूको बीच बैठकमा ईश्वरका शब्दहरू सुन्नाले हृदयहरूमा आनन्द आउँछ र एकताको बन्धन मजबुत हुन्छ । बहाउल्लाहले हामीलाई आग्रह गर्नुहुन्छः

**"चाहे जुनसुकै भूमिमा मित्रहरू निवास गर्दछन्, उनीहरूको लागि यो उचित हुन्छ कि उनीहरू बैठकहरूमा सम्मिलित होउन् र त्यसमा प्रवाहपूर्ण ढङ्गले बुद्धिमत्तापूर्वक बोलुन् र ईश्वरका श्लोकहरू पाठगरुन्; किनभने यी ईश्वरका शब्दहरू नै हुन्, जसले प्रेमको अग्निलाई जलाउँछ र त्यसलाई प्रज्ज्वलित गराउँछ ।"**[२४]

अब्दुल-बहाले लेख्नुभएको छः

**"भेलाहरूको आयोजना गर र दिव्य शिक्षाहरूको पाठ र गान गर ताकि पावन चेतनाको शक्तिबाट त्यो शहर वास्तविकताको प्रकाशबाट प्रकाशित हुन सकोस् र त्यो देश पवित्र चेतनाको शक्तिद्वारा यथार्थ स्वर्ग बन्न सकोस् किनभने यो युग चक्र महिमावंत स्वामीको**

**युगचक्र हो र मानवजातिको सहभागीता एवं एकताको स्वर माधुर्य पूर्व र पश्चिमसम्म पुग्नैपर्छ ।"[२५]**

• सबै बहाई बैठकहरूमध्ये उन्नाइस दिने सहभोजको विशेष उल्लेख गर्नु उचित हुन्छ । बहाई पात्रोमा उन्नाइस महिना हुन्छ जसमा प्रत्येकमा उन्नाइस दिन हुन्छन्, र प्रत्येक स्थानीय समुदायमा स्वयं बहाउल्लाहका विधानहरू अनुसार बहाईहरू यस बैठकको लागि महिनामा एक पटक सँगै जम्मा हुन्छन्:

**"तिमीहरूलाई वस्तुतः यो आदेश दिएका छौं कि महिनाको एक पटक सहभोज प्रस्ताव गर बरु त्यसमा पानी मात्रै किन नबाडियोस्; किनभने ईश्वरले सांसारिक र स्वर्गलौकिक दुवै उपायहरूले नै भएपनि मनहरूलाई एक सूत्रमा बाँध्ने प्रस्ताव गरेका छन् ।"[२६]**

• उन्निस दिने सहभोजको तीन भाग हुन्छन् । पहिलो हुन्छ भक्तिपरक भाग, जसमा प्रार्थनाहरू हुन्छन् र पवित्र लेखनीहरूबाट लिइएका अंशहरू पढिन्छन् । दोस्रो हो प्रशासनिका भाग, जसमा समुदायमा भएका कृयाकलापहरूबारे परामर्श हुन्छ । तेस्रो हुन्छ सामाजिक भाग ।

• हामीलाई उन्नाइस दिने सहभोजको भक्तपरक भागको महत्वको एक झलक अब्दुल-बहाको निम्नलिखित शब्दहरूमा मिल्दछन्:

**"हे प्राचिन सौन्दर्यका आस्थावान सेवकहरू हो ! प्रत्येक चक्र र प्रकटीकरणमा सहभोजलाई कृपा र प्रेम प्राप्त भएको छ, र ईश्वरका प्रेमीहरूका लागि भोजन खुवाउनुलाई प्रशंसनीय कर्मका रूपमा मानिएको छ । अझ आजको यस अनुपम प्रकटीकरणमा, यो सबभन्दा उदार युगमा त यसको अत्यन्त प्रशंसा गरिएको हुनाले यो कुरा झन् सत्य छ, किनभने यसलाई साँच्चै नै त्यस्तै भेलाको रूपमा मानिएको छ, जसको आयोजना ईश्वरको पूजा र स्तुतिकै निम्ति गरिएको हुन्छ । यसमा पावन श्लोकहरू, स्वर्गलौकिक स्तोत्र र स्तुतिहरूको गायन गरिन्छ, एवं मनलाई स्फूर्ति दिएर त्यसलाई आफैदेखि टाढा पुऱ्याइन्छ ।"[२७]**

• यस सहभोजको प्रशासनिका भागमा, जो मित्र एकत्रित हुन्छन् उनीहरूले नजिक र टाढाका समुदायहरूका गतिविधिहरूको प्रतिवेदन सुन्छन्, आफ्नै समुदायमा प्रभुधर्मका कृयाकलापहरूलाई अझ सामाजिक कल्याण तर्फ आफ्ना योगदानबारे परामर्श गर्दछन्, विश्व न्याय गृहबाट प्राप्त मार्गदर्शनबारे परिचित हुन्छन्, आफ्ना योजनाहरूको प्रगतिमा चिंतन गर्दछन् र प्रभुधर्मका संस्थाहरूलाई सुझाव दिन्छन् । उन्नाइस दिने सहभोजमा परामर्शको सर्वाधिक महत्व हुन्छ, किनभने, यसको माध्यमबाट, प्रत्येक व्यक्ति विश्वव्यापी बहाई समुदायका कृयाकलापहरूमा भाग लिनेमा सक्षम हुन्छन् ।

• जहाँसम्म सामाजिका भागको सम्बन्धमा, यो सहचार्य र आतिथ्य सत्कारको समय हो । यस समयमा संगीत बजाउन सकिन्छ, उत्साहवर्धक वक्तव्य दिन सकिन्छ र बच्चाहरूद्वारा प्रस्तुति गर्न सकिन्छ । संक्षिप्तमा, सहभोजको यस भागलाई जीवन्त बनाउन सावधानीपूर्वक छानिएको सांस्कृतिक अभिव्यक्तिहरू प्रयोग गर्न सकिन्छ, जुन गरिमापूर्ण पनि होस् आनन्दमय पनि ।

• उन्नाइस दिने सहभोज प्रभुर्धको प्रशासनिक व्यवस्थाको एक महत्वपूर्ण व्यवस्था हो । यसले सामुदायिक जीवनको भक्तिपरक, प्रशासनिक एवं सामाजिक पक्षलाई एकैसाथ ल्याउँछ । यी सबै पक्षहरूमा बराबरी किसिमले जोड दिनुपर्दछ किनकि सहभोजको सफलता यी तीनवटै भागहरूको सही संतुलनमा निर्भर गर्दछ ।  अगस्त १९८९ मा लेखिएको पत्रमा, विश्व न्याय गृहले बताउनु हुन्छः

**"बहाउल्लाहको विश्व व्यवस्थाले मानव समाजका सम्पूर्ण इकाईहरूलाई समेट्दछ; जीवनका आध्यात्मिक, प्रशासनिक र सामाजिक प्रकृयाहरूलाई एकीकृत गर्दछ, र विभिन्न प्रकारका मानविय अभिव्यक्तिहरूलाई एउटा नविन सभ्यताको निर्माणतर्फ अभिमुख गर्दछ । उन्नाइस दिने सहभोजले यी सबै पक्षहरूलाई समाजको जगमै समेट्दछ । गाउँ, शहर र नगरमा कार्यरत यो त्यस्तो संस्था हो जसमा बहाका सबै जनताहरू सदस्य हुन्छन् यसको आशय यो हो एकताको प्रवर्द्धन गर्नु, प्रगति सुनिश्चित गर्नु, आनन्दको अभिवृद्धि गर्नु ।"**[२८]

• उन्नाइस दिने सहभोज जस्तो महत्वपूर्ण कार्यक्रमलाई हतारमा तैयार गर्नुहुँदैन । प्रार्थना र चिन्तनको माध्यमबाट प्रत्येक व्यक्तिले स्वयं आफैलाई आध्यात्मिक रूपले तयार गर्नुपर्छ र यस कार्यक्रमको दौरानमा पनि, हर कोहिले पनि पूरै मन लगाएर भागलिनु पर्दछ, चाहे उनी भक्तिपरक भागमा लेखनीहरू पढीरहेको होओस् वा केवल पाठगरिरहेका अंशहरूलाई सुनिरहेको होओस्, चाहे उनले प्रतिवेदन दिइरहेका हुन्, मार्गदर्शन प्राप्त गरिरहेको होस्, वा सुझाव दिइरहेको होस्, चाहे उसले अतिथिको रूपमा भाग लिइरहेको होस्, वा केवल हर्ष र उल्लासकासाथ त्यस अथितिको आतिथ्य स्वीकार गरिरहको होस् । उन्नाइस दिने सहभोजमा लेखिएको त्यसै पत्रमा विश्व न्याय गृहले भन्नुहुन्छः

**"सहभोजको तयारीका महत्वपूर्ण पक्षहरू हुन्-पढ्ने कुराहरूको उपयुक्त छनौट, राम्रा पाठकहरूलाई उनीहरूले पढ्नुपर्ने कुराहरू पहिले नै छुटचाइदिने, र आराधनाको कार्यक्रम प्रस्तुतगर्दा र त्यसलाई ग्रहणगर्दा चाहिने निष्ठताको अनुभूति । घर भित्र वा घर बाहिर जहाँ गरिए पनि सहोज गरिने वातावरणप्रति ध्यान दिनाले त्यसबाट हुने अनुभूतिमा निक्कै असर गर्छ । सरसफाई, व्यवहारिक एवं सज्जात्मक दुवै किसिमले मिल्दोगरी स्थान तयार पार्नु-यी सबैले महत्वपूर्ण भूमिका खेल्दछन् । समयको पालना पनि राम्रो तयारीको द्योतक हो ।**

**"सहभोजको सफलता त्यसका तयारीको स्तर एवं त्यसमा व्यक्तिहरूको सहभागीतमा निक्कै निर्भर गर्छ। प्रिय स्वामीले यस्तो अर्ति दिनुभएको छः 'उन्नाइस दिने भेलालाई तिमी ठूलो महत्व देऊ, ताकि यी अवसरहरूमा प्रभुका प्रियजनहरू र करुणामयका सेविकाहरूले आफ्नो अनुहार अधिराज्यतर्फ फर्काउनु, भजनहरू गाउनु, ईश्वरको सहयोग मागुन्, हरेक व्यक्तिप्रति प्रशन्नतापूर्वक अनुरक्त होउन् र शुद्धता एवं पावनतामा एवं ईश्वरको भयमा, तथा मोह र अहंको प्रतिरोध गर्नमा माथि उठ्दै जाउन्। यसरी नै उनीहरूले आफूलाई यस नीच संसारदेखि छुटचाउने छन् र आत्माको स्फूर्तिमा आफूलाई डुबाउनेछन्।'"**[२९]

सधैंभरि जस्तै, तपाईंले उपरोक्त विचारहरूलाई धेरै पटक पढ्नु पर्दछ र आफ्नो समूहमा ती बारे छलफल गर्नुपर्छ ताकि तपाईंले तिनीहरूलाई आफ्नै शब्दहरूमा बताउनको लागि सिक्नु हुनेछ। निम्नलिखित अभ्यासहरूले उन्नाइस दिने सहभोजको बारेमा अझ धेरै अन्तर्दष्टि प्राप्तगर्न सहायता मिल्ने छः

१. बहाउल्लाहले हामीलाई आश्वस्त गर्नुहुन्छ कि जुनसुकै निवास्थानमा हामीले ईश्वरको स्तुति महिमा गाउनलाई एकत्र हुन्छौं त्यसमा के विशेषता हुन्छ ?____________________

______________________________

_________________________________________________________

२. माथिको दोस्रो उद्धरणमा, बहाउल्लाहले हामीलाई भन्नुहुन्छ कि, उनीहरूको लागि यो उचित हुन्छ कि उनीहरू बैठकहरूमा ____________होउन् र त्यसमा प्रवाहपूर्ण ढङ्गले ____________बोलुन् र ईश्वरका श्लोकहरू पाठगरुन्; किनभने यी ईश्वरका शब्दहरू नै हुन्, जसले प्रेमको ____________र त्यसलाई ____________गराउँछ।

३. माथि उल्लेखित तेस्रो उद्धरणमा, अब्दुल-बहाले हामीलाई सभाहरूको आयोजना गर्न र दिव्य शिक्षाहरूको पाठ गर्न र गाउने सल्लाह दिनुभएको छ ता कि

-जुनसुकै भूमिमा मित्रहरू निवास गर्दछन्,________________________________________

____________________________________________________________________________

__________________________________________________________________________।

४. बहाई पात्रोमा कति महिना हुन्छन् ? ____________________

५. प्रत्येक महिनामा कति दिन हुन्छन् ? ____________________

६. बहाईहरूको बीच महिनाको एक पटक कुन विशेष बैठक हुन्छ ? __________________

७. उन्नाइस दिने सहभोजका तीनवटा भागहरू के के हुन् ? ____________________
____________________________________________________________
____________________________________________________________

८. के उन्नाइस दिने सहभोजमा विभिन्न भागहरूलाई कुनै पनि क्रममा गर्न सकिन्छ ?
___________

९. सहभोजमा भक्तिपरक भागको के उद्देश्य छ ? __________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________

१०. सहभोजमा प्रशासनिक भागको के उद्देश्य छ ? _______________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________

११. सहभोजको सामाजिक भागको के उद्देश्य छ ?_____________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________
____________________________________________________________

१२. निम्नलिखित मध्ये कुन कुन विषयहरूमा सहभोजको प्रशासनिक भागमा छलफल गर्नु उचित हुन्छ ?

____समुदायले गरिरहेका वित्तिय कारोबारहरू

____राष्ट्रिय फुटबल टिमको स्कोर

____समुदायका सदस्यहरू बीचका मतभेदहरूलाई कसरी समाधान गर्ने

____समुदायमा बाल कक्षाहरूको प्रगति

____समुदायका एक सदस्यद्वारा गत हप्तामा पढिएका पवित्र लेखनीहरूको एक अंनुच्छेद

____समुदायमा किशोर कार्यक्रमको जीवन्तता

____नवयुवकहरूलाई स्थानीय स्तरमा खुलेको रोजगारीको अवसर

____ती किशोर समूहहरू जसका सेवा परियोजनाहरू जटिल भएर गएकाछन्, समुदायले के के प्रदान गर्न सक्छ ?

___प्रशिक्षण संस्थानद्वारा बढवा दिइएका शैक्षिक कार्यक्रमहरूमा बच्चा र किशोरहरूका माता-पिताकोमा गृहभ्रमण

___समुदायको प्रार्थना सभालाई मजबुत बनाउनु

___टेलिभिजनबाट प्रसारित हुने कार्यक्रमको समयसारणी

___अध्ययन कक्षाहरूको आनन्द र अनुशासनको वातावरण बढाउने बारेमा जो अन्तर्दृष्टि प्राप्त भएको छ

___आगामी पवित्र दिन मनाउनको लागि

___सामुदायिक निर्माण प्रकृयाबाट उत्पन्न सामाजिक कृयाबारे पहल

१३.आफ्नो समूहमा निम्नलिखित प्रश्नबारे छलफल गर्नुहोस्: सहभोजका तीनवटै भागमा संतुलन हुनु किन यतिधेरै आवश्यक छ ?

१४. अहिले निम्नलिखित दुईवटा प्रश्नहरूबारे छलफल गर्नुहोसः

क. यदि तपाईं सहभोजको आतिथ्य कर्ता भएमा यसको तैयारी कसरी गर्नुहुन्छ ?

ख. यदि तपाईंले सहभोजमा भाग लिनु भएको मात्र भए तपाईंले यसको तयारी कसरी गर्नुहुन्थ्यो ?

**खण्ड १३**

दोस्रो प्रश्न जसलाई प्रायः प्रभुधर्मको बारेमा वार्तालापहुँदा उठ्दछ त्यो हो बहाई समुदायले आफ्नो वित्तीय आवश्यकताहरूलाई कसरी पूरा गर्दछ । यहाँ केही बुँदाहरू दिइएका छन् जसले तपाईंलाई यसरी यो प्रश्नको जवाफ दिनको लागि मद्दत हुन सक्दछः

• बहाई समुदायले आफ्ना भौतिक आवश्यकताहरू पूरागर्नलाई जुन साधनको उपयोग गर्दछ त्यो हो बहाई कोष । यो विभिन्न स्तरहरूमा प्रभुधर्मका संस्थाहरूद्वारा प्रशासित गरिन्छः स्थानीय, राष्ट्रिय, महाद्वीपिय र अन्तर्राष्ट्रिय । बहाईहरूले मान्नुपर्छ कि आफ्नो प्रभुधर्मलाई बढवादिने प्रयासहरूको खर्चको लागि जिम्मेवारी उनीहरूले आफै उठाउनु पर्दछ, र यसको लागि यो कोष केवल समुदायका सदस्यहरूबाट नै योगदानबाट प्राप्त हुन्छ ।

• कोषमा दान दिनु स्वैच्छिक कार्य हो । यो यस अर्थमा गोपनिय रहन्छ कि यो केवल त्यस व्यक्ति र प्रभुधर्मका संस्थाहरू बीचको विषय हो; दाताको नाम र दानको मात्राबारे घोषणा गरिदैंन । योगदान दिनको लागि समुदायका सदस्यहरूमाथि कुनै दबाब दिईंदैन । संस्थाहरूले

समुदायसँग समान्य निवेदन गर्दछ, उनीहरूलाई कोषको महत्वबारे सम्झना गराइन्छ, र यसका आवश्यकताहरूतिर ध्यानाकर्षण गरिन्छ। धेरैजसो एउटा समुदाय आफ्नो लागि कोषमा दानको लक्ष्य निर्धारित गर्दछ तर व्यक्तिगत अनुयायीहरूको लागि कहिल्यै पनि यो राशि निस्चित भने गरिंदैन, न त व्यक्तिगत रूपले उनीहरूसँग पैसा मागिन्छ। यो निर्णय प्रत्येक व्यक्तिलाई नै छोडिन्छ कि, सम्बन्धित सिद्धान्त अनुसार उनीले आफ्नै समझ अनुसार, कत्ति योगदान दिन्छन्।

• हामीले जुन सभ्यताको निर्माण गर्ने प्रयास गरिरहेका छौं त्यो भौतिक तथा आध्यात्मिक दुवै रूपहरूमा समृद्ध हुनेछ। घन तब स्वीकार्य हुन्छ जब केही सर्तहरू पूरा भएमा। हामीले यसलाई इमान्दारीले गरिएको कामद्वारा कमाउनु पर्दछ। हामीले यो मानवजातिको भलाईको लागि खर्च गर्नुपर्छ। र पूरै समुदायको उत्थान हुनुपर्दछ; यो स्वीकार्य हुँदैन कि केही मानिसहरू अत्यधिक धनाडच होउन् जब कि अधिकांश मानिसहरूले आफ्नो जीवनमा नभैनहुने आधारभूत आवश्यकताहरू पनि पूरागर्न नसक्ने होउन्। बहाउल्लाहले हामीलाई भन्नुहुन्छ:

**"सबभन्दा असल मानिस ती हुन् जो आफ्नो व्यवसायद्वारा जीविकोपार्जन् गर्छन् र भगवानको भक्तिसाथ त्यसलाई आफ्नो र आफ्ना बन्धुजनको लागि व्यय गर्छन्।"[३०]**

**"...तिमीहरूले अत्यन्त सुन्दर र स्वादिस्ट फल फलाउनु पर्दछ, जसबाट तिमीहरू स्वयंलाई र अरूलाई पनि लाभ होस्। त्यसकारण सबले आ-आफ्नो कलाकौशल र व्यवसायमा लाग्नु पर्छ किनकि त्यहींमा नै सम्पत्तिको रहस्य लुकेको छ। हे ज्ञानी मानव हो!"[३१]**

**र अब्दुल-बहाले भन्नुहुन्छ:**

**"सम्पत्ति अत्यधिक प्रशंसनीय छ, सबै जनसंख्या धनीभएमा। तैपनि, यदि केही मानिसहरूसँग अपार सम्पत्ति र बाँकी मानिसहरू निर्धन छन् भने, यस्तो धनबाट कुनै फल वा लाभ हुन सक्दैन, तब धन राख्नेहरूको लागि केवल एउटा दायित्व बनेर रहिरहन्छ।"[३२]**

• अन्याय र दुःखिबाट मुक्त समाज निर्माण गर्नको लागि, हामी सबैप्रति उदार र दानी हुनुपर्छ। हाम्रा वित्तिय संसाधनहरूको कमी भएता पनि हामीले तैपनि मानवजातिको प्रगतिको लागि केही न केही योगदान गर्नु नै पर्दछ, किनभने साँचो समृद्धि केही दिनुको माध्यमबाट प्राप्त हुनसक्छ। उदारता मानव आत्माको एक गुण हो, योसँग हाम्रा भौतिक परिस्थितिहरूसँग केही लिनु दिनुसँग सम्बन्ध हुँदैन। गूढ वचनमा बहाउल्लाहले भन्नुहुन्छ:

**"दान गर्नु र दयालु हुनु मेरा गुण हुन्, मेरा यी गुणले जो आफूलाई सुशोभित पार्ला उसको भलो होला ।"[३३]**

• हामीले याद राख्नुपर्छ कि जेसुकै संपदा हामीसँग छ त्यस्को वास्तविक स्रोत सर्वकृपालु ईश्वर नै हुन् । उनले हामीलाई जीवन जिउने साधन प्रदान गर्दछन्; जसले हाम्रो प्रगतिलाई सम्भव बनाउँछ । र जब हामीले कोषमा दान दिन्छौं, तब हामीलाई जो उनले दिएका छन् त्यसैको एक अंश खर्चगरिरहेका हुन्छौं । त्यसैले बहाईहरूको लागि कोषमा दान दिनु केवल उदारताको विषय होइन; यो एक आध्यात्मिक कृपा र एक महान व्यक्तिगत जिम्मेवारी पनि हो । धर्मसंरक्षकज्यूले हामीलाई सल्लाह दिनुहुन्छः

**"हामी अवश्य नै त्यस फोहोरा वा झरना समान बन्नु पर्दछ जसले निरन्तर आफूलाई सम्पूर्ण सत्वदेखि रित्याइरहेको र निरन्तर कुनै अदृश्य स्रोतबाट फेरि भरिदिइरहेको हुन्छ । आफ्ना बन्धुहरूको लागि निरन्तर दिइरहनु र गरिबीको भयबाट अनिश्चित नहुनु, त्यस समस्त सम्पत्ति र कल्याणको स्रोतमाथि निर्भर रहनु-यहीं नै साँचो तरिकाले रहने रहस्य हो ।"[३४]**

यस श्रृङ्खलामा भौतिक साधनहरूको विषयलाई सम्बोधित गरिन्छ र पछिल्लो श्रृङ्खलामा यहाँ दिइएका केही विचारहरूमाथि गहिराइबाट विचार गर्ने तपाईलाई अवसर मिल्ने छ । अहिलेको लागि, सधैजस्तै तपाईंलाई माथिको सामग्रीमा दिइएको प्रत्येक बुँदामा एक एक गरेर छलफल गर्न र निम्नलिखित अभ्यास गर्नलाई प्रोत्साहन गरिन्छ ताकि तपाईंले स्वभाविक रूपबाट अझ सजिलैसँग विचारहरू व्यक्तगर्न सिक्न सक्नुहुनेछः

१. उद्धरणको आधारमा तलका वाक्यहरूको रिक्त स्थानमा भर्नुहोस् ।

क. बहाउल्लाहले हामीलाई भन्नुहुन्छ कि हामीले आफ्नो व्यवसायद्वारा जीविकोपार्जन् ________________र भगवानको भक्तिसाथ त्यसलाई आफ्नो र आफ्ना ________________लागि व्यय गर्छन् ।

ख. हामीले ________र ____________फलाउनु पर्दछ, जसबाट ____________स्वयंलाई र अरूलाई पनि लाभ होस् ।

ग. त्यसकारण सबले ____________________र व्यवसायमा लाग्नु पर्छ किनकि त्यहींमा नै ____________________लुकेको छ । हे ज्ञानी मानव हो !

घ. अब्दुल-बहाले भन्नुहुन्छ कि सम्पत्ति __________________छ, सबै जनसंख्या धनीभएमा ।

ङ. तैपनि, यदि केही मानिसहरूसँग ________________र बाँकी मानिसहरू निर्धन छन् भने, ________________वा लाभ हुन सक्दैन, तब धन राख्नेहरूको लागि केवल एउटा ________________रहिरहन्छ ।

च. दान ___________हुनु मेरा गुण हुन्, मेरा यी गुणले जो ___________ सुशोभित पार्ला उसको भलो होला ।

छ. धर्मसंरक्षकज्यूले भन्नुहुन्छः हामी अवश्य नै त्यस ___________समान बन्नु पर्दछ जसले निरन्तर आफूलाई ___________रित्याइरहेको र निरन्तर कुनै अदृश्य स्रोतबाट फेरि ___________। आफ्ना बन्धुहरूको लागि निरन्तर दिइरहनु र गरिबीको भयबाट अनिश्चित नहुनु, त्यस समस्त _______________स्रोतमाथि निर्भर रहनु-यहीं नै साँचो तरिकाले रहने रहस्य हो ।

२. विचारहरूको त्यस क्रमलाई लेख्नुहोस् जसको पालन उपरोक्त प्रस्तुतिले गर्दछः

_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________
_______________________________________________________________

**खण्ड १४**

धेरै धेरै कृयाकलापहरू संचानल भएको एउटा गाउँ वा छिमेकमा जुन प्रकारको वार्तालाप हुनसक्दछ त्यसको बारेमा अन्तर्दृष्टि प्राप्त गर्नको लागि, हामीले विश्वविद्यालयमा एक युवा छात्रा, एलेजन्ड्राका प्रयासहरूलाई नजिकैबाट हेऱ्यौं । धेरै हप्ताहरूको दौरानमा गरिएका

भ्रमणहरूमा, उनले श्रीमान र श्रीमती सान्चेजसँग धेरै विषयहरूमा चर्चा गरिन् जो उनले उम्मिद गर्छिन् कि प्रभुधर्मको बारेमा उनको ज्ञानलाई गहन गर्नमा मद्दत गर्न र उनीद्वारा अपनाइएका शिक्षाहरूप्रति उनको प्रतिबद्धतालाई मजबुत गरिन्छ । अन्त्यमा सान्चेजको नातिनी, बिएट्रिसको आगमन हामीलाई एक अर्के प्रकारको वार्तालापाको जाँच गर्नुमा सक्षम बनायो जो दुई युवाहरूको बीच हो, र दुवै सिक्नको लागि उत्सुक छन् कि उनीहरूले आफ्नो समुदायको सेवा कसरी गर्न सक्छन् । यस विवरणमा अगाडि बढ्न र अभ्यासहरूलाई पूरागर्ने समयमा हामीले देख्यौं कि जुन वार्तालापमा यहाँ विचार भइरहेको छ त्यसलाई दिगो राख्नलाई प्रासांगिक विषयको बढ्दो ज्ञानको अलवा, केही आध्यात्मिक गुणहरू, अभिवृत्तिहरू र कौशलहरू हुनु आवश्यक छ ।

यो र यस खण्डको अर्को भागमा हामीले एक अलग प्रकारका विषयहरूमा अन्वेषण गर्नेछौं, अर्थात, त्यस्ता चर्चाहरू जुन साधारणतया संस्थानद्वारा बढवा दिइरहिएका शैक्षिक कार्यक्रमहरूमा भागलिने नवयुवाहरूका परिवारहरूमा भ्रमणहरूको दौरान गरिन्छ । जस्तो कि पहिले नै संकेत गरिएको छ कि बच्चाहरूको कक्षामा पढाउनु, र एक किशोर समूहको एक अनुप्रेरकको रूपमा मार्गदर्शन गर्नु यस्तो सेवाको कार्य हो कि जो पछिल्ला पाठ्यक्रमहरूमा पुस्तक ३ र ५ मा सम्बोधित छ । तपाईं सम्बन्धित दुई कार्यक्रमहरूसँग परिचित हुन सक्नुहुन्छ वा नहुन पनि, जो यस कुरामा निर्भर गर्दछ तपाईं साँच्चै सानो उमेरमा यसमा भाग लिनुभएको थियो वा थिएन ।

आउनुहोस् हामीले पहिले त्यस सामग्रीलाई हेरौं, जो प्रायः किशोरहरूका परिवारहरूसँग भइरहेका वार्तालापको आधारमा बनेको छ । हामीले कल्पना गरौं कि केही समय बितिसकेको छ जुन समयलाई आफ्नो कहानी छाडेका थियौं र बिएट्रस अब पुस्तक २ को अध्ययन गरिरहेकि छिन् । एलेजन्ड्राले आफ्नो मित्रसँग सोध्छिन् कि के तिनी उनका केही किशोरहरूका परिवारमा गृह भ्रमणको लागि उनीसित सँगसँगै जान चाहन्छिन्, जोसँग उनले एक समूह स्थापना गर्न गइरहकि छिन् । तिनले उत्सुकताले स्वीकार गर्दछिन् ।

एलेजन्ड्राले बिएट्रिसलाई वर्णन गर्छिन् कि तिनले के कल्पना; गरिरहेकि छिन् "हामीले प्रत्येक गृह भ्रमणमा, हामीले उनीहरूलाई यो सूचित गर्दछौं कि, "माता-पितालाई त्यस कार्यक्रमको बारेमा परिचय दिएर सुरु गर्दछौं जसमा उनका छोरा वा छोरीले यसमा जोडिन रुचि देखाएका छन् र यो पनि उल्लेख गर्दछौं कि यो उनीहरूको छिमेकीमा आगाडि बढिरहेको सामुदायिक निर्माण प्रकृयाको हिस्सा हो । हामीले फेरि उनीहरूसँग कार्यक्रमका मुख्य अवधारणाहरू र विचारहरूबारे अझ अगाडि गएर चर्चा गर्नेछौं । यो गृहभ्रमणको एक श्रृङ्खलामध्ये पहिलो हुनेछ, र हाम्रो आशा यो छ कि, जब जब वार्तालाप अगाडि बढ्दैजान्छ,

परिवारले न केवल विभिन्न तरिकाहरूबाट समूहलाई सकृय रूपले समर्थन गर्नेछ, तर उनीहरू समुदायमा किशोरहरूका आध्यात्मिक सशक्तिकरणको प्रवर्तक पनि बन्नेछन् ।"

एलेजन्ड्र र बिएट्रिस्ले केही बुँदाहरूमा चर्चागर्दछन् जसलाई उनिहरूले प्रत्येक परिवारसँग चर्चागर्ने योजना बनाएका छन् । उनीहरूले ती सबै विचारहरूलाई लेख्ने निर्णय गरेकाछन्, जसलाई उनीहरूले महत्वपूर्ण ठानेकाछन्, यो बुझेका छन् कि पहिलो भ्रमणमा केही र पछिका वार्तालापहरूमा बाँकिलाई सम्बोधन गर्नेछन् । यहाँ ती बुँदाहरू जो उनीहरूले किशोरको क्षमताको बारेमा एक एक गरेर बताउनेछन्:

• एक व्यक्तिको जीवनमा १२ देखि १५ वर्षको उमेरबीचको तीन वर्ष एक महत्वपूर्ण अवधि हो-बचपनबाट परिपक्वता तिरको परिवर्तन कालको एक चरण ।

• हामीले अक्सर यस उमेर अन्तर्गत पर्ने नवयुवकहरूलाई "किशोर" भन्दछौं । उनीहरू बच्चा होइनन्, तर अहिलेसम्म उनीहरू युवाहरूको पूर्णतासम्म पुगेका हुँदैनन् ।

• दुर्भाग्यले, किशोरको बारेमा, गलत तर व्यापक रूपमा प्रचारित छवि छ कि उनीहरू आवेगपूर्ण विद्रोही, आत्म अवशोषित र संकटतिर प्रवृत्त हुन्छन् । तर हामीले, उनीहरूलाई एक अलग दृष्टिकोणबाट हेर्दछौं । यो सत्य हो कि जीवनको यो छोटो अवधिको दौरानमा, हामी सबैमा तीव्ररूपले शारीरिक, भावनात्मक र मानसिक परिवर्तनहरूको अनुभव गर्दछौं । र यो पनि साँचो हो कि परिणामस्वरूप, हामीमा केही बिद्रोहीपन पनि देख्न सकिन्छ । तर, वास्तवमा, यो अधिक क्षमता र विशेष सम्भावनाहरूले भरिएको उमेर हो ।

• हामी पनि केही समय पहिले किशोर थियौं र हामीलाई याद छ कि हामी यी परिवर्तनहरूबाट कसरी प्रभावित भएका थियौं । कहिले हामी साहसी हुन्थ्यौं भने कहिले कातर । कहिलेकाहीं हामी धेरै मिलनसार थियौं भने अन्य समयमा धेरै लज्जालु । हामीले अक्सर गरेर एक्लै छोडिदिएर जाने इच्छा गर्थ्यौं, जबकि हामीले चाहन्थ्यौं कि हामीप्रति ध्यान पनि दिइयोस् । हामीले यो जान्न चाहान्थ्यौं कि हामी कुन कुराहरूमा राम्रो थियौं र हामीसँग के प्रतिभा र योग्यताहरू छन् । र यो हाम्रो लागि धेरै नै महत्वपूर्ण थियो र अरूले हामीलाई कसरी हेर्दथे र उनीहरूले हाम्रा विचारहरूको बारेमा के सोंच्दथे ।

• यो महसुस गर्नु महत्वपूर्ण छ कि यस्तो किसिमको व्यवहार केवल अस्थायी हो । मानिसको जीवनमा यी वर्षहरूमा मन-मस्तिस्कका केही शक्तिहरू तीव्ररूपले विकसित हुन्छन् । हामी अस्तित्वको आधारभूत प्रश्नहरूमा त्यसका जवाफहरूलाई खोज्न थाल्छौं । हाम्रा वरिपरि जे भइरहेको छ हामीले त्यसको विश्लेणण गर्छौं र हामीलाई जे कुरा सिकाइएको छ त्यसबारे प्रश्न उठाउँछौं । र वयस्कहरूले हामीलाई जे गर्न भन्छन् त्यसको आज्ञापालन गर्नको लागि

जसरी हामी पहिले स्वभाविक रूपले तयार थियौं त्यत्ति नै अहिले थिएनौं, विशेषगरी जब हामी उनका शब्दहरू र कार्यहरूको बीच विरोधाभास देख्दछौं ।

• यदि नवयुवकहरूलाई उनीहरूका उदयीमान शक्तिहरूलाई लाभदायक रूपबाट लागू गर्नमा सहायता गर्नुछ, भने उनीहरूलाई बच्चाको जस्तो व्यवहारगर्न छोड्नु पर्दछ । यहाँ अब्दुल-बहाले यस अवधिको वर्णन यसरी गर्नुभएको छः

**"केही समय पश्चात उनी युवावस्थमा प्रवेश गर्छन् जसमा उनको पूरानो अवस्थाहरू एवं आवश्यकताहरूको स्थानले, नयाँ आवश्यकताहरू ग्रहण गर्न लाग्दछन् जो उनको विकसित स्तरको लागि उपयुक्त हुन्छ । अवलोकन गर्ने उनका क्षमताहरू विस्तृत एवं गहन हुन लाग्दछन्, उसका बौद्धिक क्षमताहरू प्रशिक्षित एवं जागृत हुन्छन्, बचपनका सीमाहरू र वातावरण, उसका ऊर्जा र उपलब्धिहरूमा अब धेरै प्रतिवन्धहरू लगाउन पाउँदैन ।"[३५]**

• विश्व न्याय गृहले जुन बहाई धर्मको प्रशासनिक निकाय हो, उहाँले किशोरहरूसँग काम गर्नमा हामीद्वारा अपनाइएको तरिकाको बारेमा यसो भन्नुभएको छः

**"आज पूरै संसारभरि यस उमेरका बच्चाहरू सामान्यतया मुस्किलैले अझ समस्या दिनेहरू, उग्र भौतिक एवं भावनात्मक परिवर्तनको वेदनाले हराएकाछन्, गैर जिम्मेदार र आत्मकेन्द्रित मान्ने प्रचलन छ, त्यहीं बहाई समुदाय किशोरहरूको लागि उपयोग गरिरहिएको भाषा तथा उठाइने पाईलाहरूबाट निश्चय नै विपरित दिशामा गइरहेका छन् । बहाई समुदाय किशोरहरूमा सच्चाइ, निष्ठा, न्यायप्रियता ब्रह्माण्डको विषयमा केही सिक्ने उत्सुकता र एक उन्नत संसारको निर्माणमा सहयोग दिनको लागि उत्कट इच्छा भएको पाइन्छ ।"[३६]**

त्यसपछि, एलेजन्ड्रा र बिएट्रिसले आफ्नो ध्यान आध्यात्मिक सशक्तिकरण कार्यक्रमतिर केन्द्रित गर्दछन् र यसका केही विशेषताहरू पहिचानगर्ने प्रयास गर्दछन्:

• ती १२ र १५ वर्ष आयुबीचका नै हुन्, उनीहरू ती मित्रहरूको समूहमा रहने तीव्र चाहना गर्छन् जोसँग उनीहरूले आफ्ना विचारहरूलाई साझागर्न सकून्, परियोजनाहरूमा कामगर्न सकून्, खेलखेल्न सकून्, र यसै तरिकाले अन्य कार्यहरू गर्न सकून् । यसै कारणले, यस कार्यक्रमको निर्माण एक "किशोर समूहको" अवधारणा वरिपरिबाट गरिएको छ । प्रत्येक समूहलाई एक "अनुप्रेरक" द्वारा निर्देशित गरिन्छ, जो प्रायः अलिधेरै उमेरको युवा हुन्छन्, जो सदस्यको एक सच्चा मित्रको रूपमा उनको क्षमता विकसित गर्नमा सहायता गर्दछन् ।

• समूह नियमित रूपले बस्छ, उनीहरूका बैठकहरूमा किशोरहरूले कसैको निन्दाबिना अथवा उपहासका अवधारणाहरूको अन्वेषण गर्ने वा विचारहरू व्यक्तगर्न सिक्दछन् ।

उनीहरूलाई सुन्ने, बोल्ने, चिंतनगर्ने, विश्लेषणगर्ने, निर्णय लिने र त्यसमा कार्यगर्नको लागि प्रोत्साहित गरिन्छ ।

• हामी एक यस्तो समयमा बाँचिरहेका छौं जब अतिधेरै नकारात्मक शक्तिहरूले किशोरका सोंच्ने र व्यवहारगर्ने तरिकालाई प्रभावित पारिरहेको छ । अनुप्रेरक यी शक्तिहरूसँग मुकावला गर्नमा उनीहरूको मद्दत गर्दछन्-न केवल समाजको नैतिक पतनदेखि स्वयं आफैलाई बचाउनको लागि, तर संसारको उत्थानको लागि कामगर्नको लागि ।

• यो कार्यक्रम मानव आत्मामा निहित शक्तिहरूलाई पोषण गर्ने प्रयास गर्ने छ । यस्ता शक्तिहरू जो प्रारम्भिक किशोरावस्थाको समयमा आफैलाई धेरैभन्दा धेरै मात्रामा प्रकट गर्न सुरु गरिदिन्छ । विचार र अभिव्यक्तिका शक्तिहरूको विशेष महत्व छ । नवयुवकहरूले विश्वको बारेमा गहन विचारहरू व्यक्तगर्ने र उनीहरूले जुन प्रकारको परिवर्तन हेर्न चाहन्छन् त्यसलाई स्पष्ट रूपले व्यक्त गर्नलाई आवश्यक भाषाको अवश्य पनि विकाश गर्नुपर्दछ ।

• किशोर यस्ता अवधारणहरूबारे चिन्तन गर्न उत्सुक हुन्छन् जो एक उद्देश्यपूर्ण जीवनको लागि आधारभूत हुन्छ, खुशी, आशा र उत्कृष्टता यसका केही उदाहरणहरू हुन् । अफसोस, मानिसहरू यी विचारहरूको बारेमा सतहीरूपले कुरागर्छन् । यस्ता अवधारणाहरूमा गहिरो समझ प्राप्त गर्नु, यो पहिचान गर्दै कि उनीहरू हरदिनको जीवनमा कसरी अभिव्यक्त हुन्छ, यो नवयुवकहरूको एक बलियो नैतिक ढाँचाको निर्माण गर्न र समाजका नकारात्मक शक्तिहरूको सामना गर्नमा सहायता गर्न सक्दछन् ।

• बौद्धिक विकासको लागि अवधारणाहरूलाई बुझ्नु आवश्यक छ । किशोररूलाई कहिलेकाँही स्कुलमा कठिनाइको सामान गर्नुपर्ने हुन्छ किनभने अन्तर्निहित अवधारणाहरूलाई बुझ्नलाई पर्याप्त सहायता प्राप्त गरेबिना, विभिन्न विषयहरूमा धेरै धेरै जानकारीहरू सिक्नको लागि उनीहरूबाट आशा गरिन्छ । यो कार्यक्रममा उनीहरूले नैतिक, गणितीय, वैज्ञानिक, अन्य विचारहरूको बारेमा गहिरिएर सोंच्नलाई प्रेरित गर्दछ र यो अवश्य नै स्कुलमा उनका प्रदर्शनलाई सुधार गरिदिन्छ ।

• किशोरहरूमा वस्तुहरूको बारेमा सम्झनको लागि धेरै नै इच्छा हुन्छ । उनीहरूले जो आफ्नो वरिपरि भइरहेको हुन्छ त्यसको कारणबारे बुझ्न चाहन्छन् । यसमा सफल हुनको लागि उनीहरूलाई न केवल आफ्ना शारीरिक आँखाबाट तर आत्माको नजरबाट देख्नुमा सक्षम हुन्छन् । त्यसैले, यस कार्यक्रमको एक महत्वपूर्ण उद्देश्य हो आध्यात्मिक बोधलाई बढाउनु: आध्यात्मिक शक्तिहरूको पहिचानतर्फ अलग अलग परिस्थितिहरूमा आध्यात्मिक सिद्धान्तहरूलाई पहिचान गर्नको लागि योग्यता ।

• कार्यक्रममा आफ्ना विभिन्न उद्देश्यहरूको-नैतिकताको, आध्यात्मिक बोधको, र अभिव्यक्तिका शक्तिहरूको विकासलाई-पाठ्यपुस्तकहरूको एक श्रृङ्खलाको सहायताबाट प्राप्त गर्दछ। यस पाठ्यपुस्तकहरूमा संसारभरिका विभिन्न हिस्साहरूमा नवयुवकहरूका जीवनीबारे सरल कहानीहरू शामिल छन्। यी पाठ्यक्रमहरूलाई एकसाथ अध्ययन गर्नु, उनका सामग्रीबारे चर्चा गर्नु र आवश्यक अभ्यास पूरागर्नुको अलवा किशोरहरूले खेलमा भाग लिन्छन् र शिल्पको बारेमा पनि सिक्छन्।

• अनुप्रेरको सहायताले, समूहले धेरै सेवा परियोजनाहरूको रूपरेखा पनि बनाउँछन् र त्यसलाई पूरा पनि गर्छन्, र यो कार्यक्रमको एक घटक पनि हो। यी परियोजनाहरूको माध्यमबाट किशोर समुदाय र उनीहरूका आवश्यकताहरू बारेमा सोंच्नु, परामर्श गर्नु र आपसमा एवं समुदायमा अन्य मानिसहरूको साथ सहयोग गर्न सिक्दछन्।

• पाठ्यपुस्तकहरूमा विविध विषयहरू दिइएका छन्; प्रत्येक पुस्तक किशोरहरूको आध्यात्मिक सशक्तिकरणको लागि आवश्यक विषयमा केन्द्रित छ। उदाहरणको लागि, पहिलो पाठ्यपुस्तक "संपुष्टि" को बारेमा हो-कि महान लक्ष्यहरू प्राप्त गर्नलाई हामीद्वारा गरिएका प्रयासहरूलाई ईश्वरले संपुष्टि गरिदिन्छन्। एक अर्को पुस्तक "आशा" को बारेमा छ, हामीले कसरी कठिनभन्दा कठिन समयमा भविष्यतिर आशाको साथ हेनुपर्दछ। अझ अर्कोले "उत्कृष्टता" को अवधारणको बारेमा विश्लेषण गर्दछ। "आनन्द" एउटा कहानीको विषय हो, जबकि "शब्दको शक्ति" को बारेमा चिंतन एक अन्य पाठ्यपुस्तकको बारेमा छ। गणितीय अवधारणालाई सम्बोधित गर्ने पाठ्यपुस्तकमा, हामी व्यवस्थित मनका आदतहरूको छानबिन गर्दछौं। विज्ञानको क्षेत्रमा, एक पाठ्यपुस्तक छ जो आफ्नो शारीरिक, मानसिक र आध्यात्मिक स्वास्थ्यको रेखदेख गर्नेबारे ध्यान केन्द्रित गर्दछ। यस्तै एक दर्जन वा त्यसभन्दा धेरै पाठ्यपुस्तकहरू छन् जसलाई तीन वर्षको अन्तरालमा किशोरहरूले अध्ययन गर्दछन्।

एलेजन्ड्रा र बिएट्रिसले आफूसँग केही पुस्तकहरू लैजाने योजना बनाउँदछन्, किनभने माता-पिताले तीलाई हेर्न चाहन सक्छन्। यदि तपाईं पाठ्यक्रमहरूसँग राम्ररी परिचित नभएमा, तब तपाईंले जतिसक्यो धेरैभन्दा धेरै कहानीहरू पढ्नको लागि केही समय लिनु उपयोगी हुनसक्छ-यसबाट तपाईंले समुदायमा भइरहेका विविध वार्तालापहरूलाई राम्ररी बुझ्नको लागि सक्षम हुनुहुनेछ। यसबीच, तपाईंले आफ्नो अध्ययन समूहमा अन्य सहभागीहरूको साथ माथिउल्लेखित ती विचारहरूमाथि पूरै तरह चर्चा गर्नलाई प्रोत्साहित गरिन्छ, जुन पुस्तक ५ मा अधिक गहिराइसँग दिइएको छ। यदि त्यस पुस्तकलाई अध्ययन गरिसकेपछि, तपाईं एक किशोर समूहको अनुप्रेरकको रूपमा कार्यगर्ने निर्णय लिनुहुन्छ, तब तपाईंले प्रणालीबद्ध तरिकाबाट उनका सदस्यहरूको परिवारहरूसँग यहाँ भ्रमण गर्नुहुनेछ र उनीहरूका साथ यी र यसरी नै धेरै विचारहरूको छानविन गर्नुहुनेछ। तर यस समयमा

पनि बिएट्रिस झैं, तपाईं आफ्नो समुदायका किशोरहरूका परिवारहरू कहाँ भ्रमणगर्दा कुनै अनुभवी व्यक्तिसँग जान सक्नुहुन्छ ।

## खण्ड १५

अर्को दिन एलेजेन्ड्रार र बिएट्रिस ती तीन किशोरहरूको घरमा जान्छन् जो छिमेकीमा गठन हुनेवाला नयाँ समूहमा शामिल हुनेछन् । जुन उत्साहले माता-पिता आध्यात्मिक शसक्तिकरण कार्यक्रममा वार्तालापमा संलग्न हुन्छन् त्यसलाई देखेर बिएट्रिस् खुशी छिन् । दोपहरको अन्त्यमा उनले दृढ निश्चय गरिन् कि उनी किशोर समूहको लागि एलेजन्ड्रालाई मद्दत गर्न चाहन्छिन् र आफै पनि एक नयाँ समूहको अनुप्रेरकको रूपमा सेवा गर्दै सिक्न चाहन्छिन्, शायद यस वर्षको दौरानमा नै । निश्चय पनि, तिनलाई यस कुराको महसुस भयो कि यस बीच तिनले संस्थानका केही पुस्तकहरूको अध्ययन पनि पूरा गर्नुछ । तर उनी आफ्नो अध्ययनमा सतत गतिले अगाडि बढ्ने संकल्प गर्छिन् जसले तिनलाइ यहाँसम्म पुग्ने मद्दत गरेको छ ।

र यस्तै नै हुन्छ, एलेजन्ड्राबाट निरन्तर सहायता र प्रोत्साहन प्राप्त गरेर, बिएट्रिस सेवाको मार्गमा अगाडि बढ्दैछिन् । अब हामीले उनको कहानीमा अझ अगाडि बढ्छौं, जब केही महिनापछि, उनले पुस्तक ३ पूरागर्दै छिन् । ग्रेड १ को लागि एक नवगठित कक्षामा बच्चाहरूको माता-पितासँग मिल्न जानको लागि, उनको अध्ययन कक्षाको टचुटरले बच्चाहरूको कक्षाको एक शिक्षिका मारिबेलसँग भनिन् कि ती बिएट्रिस उनको साथी प्रतिभागी मेरिबेललाई आफूसँग जान आमन्त्रित गर्ने । बिएट्रिसलाई लाग्दछ कि तिनले पुस्तक ३ को आफ्नो अध्ययनबाट धेरै सिकेकि छिन् । र उनले एलेजन्ड्राबाट सिकेकि थिइन् कि जसले धेरै धेरै पटक भनेकि थिइन् कि यस पुस्तकबाट जो अन्तर्दृष्टिहरू प्राप्त गरिन् त्यो अनुप्रेरकको रूपमा सेवा गर्नको लागि उनको क्षमतालाई बढाउने छ ।

जब उनीहरू एकसाथ मिल्छन्, तब मारिबेलले बिएट्रिसलाई भन्छिन् कि उनीहरू एमाको मातालाई भेट्न जाँदैछन् । “तिनी धेरै खुशी सानी केटी हुन जसलाई सिक्ने धेरै नै इच्छा छ,” मारिबेलले साझा गर्छिन् । “मैले पहिले नै एक पटक तिनका माता-पितालाई भेटेकि छु, उनीहरूलाई बच्चाहरूको बहाई कक्षाको प्रकृतिबारे मैले बताएकि छु । उनीहरूले एमालाई कक्षमा आउने अनुमति पनि दिइसकेका छन् । तिनकी आमाले कक्षाको बारेमा अझ धेरै सुन्ने रुचि व्यक्त गरेकी थिइन्, मैले उनको घरमा फेरि आउने र जुन सामग्रीहरूलाई हामीले पढाउँछौं, त्यसमा अन्तर्निहित शैक्षिक विचारहरूको बारेमा थोरै कुरागर्ने वचन दिएकि थिएँ । मैले वास्तवम मेरो आफ्नै लागि केही बुँदाहरू टिपेकि छु । यदि तपाईंले

चाहेमा, त्यसलाई हामीले एकैसाथ हेर्न र कुरा गर्न सक्छौं ।" बिएट्रिस सहमति भइन् । यहाँ ती बुँदाहरू छन् जसमा उनीहरूले चर्चा गर्दछन्:

• सबभन्दा पहिले, मैले श्रीमती मोर्टिनेजलाई बताउँदछु कि कक्षामा एमा आउनुले म कत्ति खुशी छु र तिनका अद्‌भुत गुणहरूको उल्लेख गर्नेछु ।

• बहाउल्लाहका पवित्र लेखनीहरूबाट यस उद्धरणलाई उनीसँग पढेर छलफल सुरुगर्नु सर्वोत्तम हुनेछ ।

**"मानिसहरूलाई एक बहुमूल्य रत्नहरूले भरिएको खानी समान सम्झनुहोस् । केवल शिक्षाले मात्र यसका कोषहरूलाई उजागर गर्न सक्दछ र मानवतालाई यसबाट लाभ उठाउन योग्य बनाउन सक्दछ ।"**[३७]

• फेरि शायद मैले ती रत्नहरूका केही उदाहरणहरू दिनु पर्दछ जसले प्रत्येक बच्चामा प्रकट गर्ने प्रयासको लागि शिक्षाको आवश्यकता पर्दछ । मैले मनका केही शक्तिहरूको उल्लेख गर्न सक्छु, उदाहरणको लागि, प्रकृतिका नियमहरूलाई खोजी गर्नको लागि, कलालाई सुन्दर प्रकृति बनाउनको लागि र कुलीन विचारहरू व्यक्त गर्नको लागि । मैले सम्झाउने छु कि बच्चाले यी सबै शक्तिहरूलाई विकासित गर्न शुरु गर्न सक्दछन्, जब उनीहरूलाई उचित शिक्षा प्राप्त भएमा । तर, यसको लागि, उनीहरूले स्यानो उमेरदेखि नै केही गुणहरू आर्जन गर्नुपर्दछ । उदाहरणको लागि, उनीहरूले ध्यान दिनु, आवश्यक परेमा कडा मिहेनत गर्नु, र जो उनीहरूले गरिरहेका छन् त्यसमा ध्यान केन्द्रितगर्न सिक्नुपर्दछ । उनीहरू यस्ता व्यक्तिहरू जस्तो बन्नु पर्दछ जसले अरूको भलाईको बारेमा चिन्तित छन् र जसले समुदायको सेवा गर्न चाहन्छन् । यही कारण हो कि सानो उमेरमा नै उनको चरित्र विकासको बारेमा ध्यानदिनु महत्वपूर्ण हुन्छ ।

• तब यो एउटा राम्रो समय हुनेछ कि हामीले श्रीमती मार्टिनेजसँग सोध्यौं कि उनकि छोरी कुन प्रकारकि व्यक्ति बनुन्, यस बारेमा उनको केही विचारहरू के के छन् । उनको विचारमा ती केही चारित्रिक लक्षण के के हुन् जुन एमामा हुनु महत्वपूर्ण हुन्छ ?

• जुन गुणहरूको उनले उल्लेख गर्छिन्, ती मध्ये केही निश्चित रूपले, आध्यात्मिक गुणहरूको श्रेणीमा आउनेछन्, जो कि अर्को विषय हो जसलाई मैले प्रश्तुत गर्नेछु । केही गुणहरू यस्ता छन् जो व्यक्तिसँग हुनैपर्दछ, जसलाई मैले भन्छु कि ती मानव अस्तित्वको लागि आधारभूत हुन् । ती मानिसहरूका आत्मासँग सम्बन्धित छन् । जसरी हामीले आफ्नो हृदयको दर्पण चम्काउँछौं, हामीले त्यसलाई विकसित गर्दछौं ताकि यसले ईश्वरका गुणहरूलाई प्रतिबिम्बित गर्नसकोस् । यसलाई हामीले आध्यात्मिक गुणहरूको रूपमा

संदर्भित गर्दछौं र ग्रेड १ को लागि हामीले आफ्नो कक्षाहरूमा जो पाठ पढाउँछौ, ती धेरैजसो यी गुणहरूमा केन्द्रित हुन्छन् ।

• मलाई लाग्दछ कि मैले तुरुन्तै त्यसपछि पुस्तक ३ को ग्रेड १ का पाठहरूमा सम्बोधन गरिएका केही आध्यात्मिक गुणहरूको बारेमा बताउने छु र उनीसँग सम्बन्धित उद्धरण उनकोसाथ साझा गर्ने छु । मैले सम्झाउने छु कि एमाले यी उद्धरणहरूलाई कण्ठस्थ गर्नेछिन् र प्रार्थनाहरूलाई, जसलाई तिनले सिक्नेछिन्, उनले सुनाउनको लागि भन्न सक्नेछिन् ।

-प्रेम

**"हे मित्र ! तिम्रो हृदयको बगैचामा अरू केही होइन प्रेमको गुलाब मात्र रोप...।"**[३८]

-न्याय

**"न्यायको मार्गको अनुसरण गर, किनकि यहीं नै सिधा बाटो हो ।"**[३९]

**-सत्यवादिता**

**"सत्यता नै सबै मानविय गुणहरूको आधार हो ।"**[४०]

**-अनन्द**

**"हे मानवका पुत्र ! आफ्नो हृदयको प्रफुल्लतामा खुशी होऊ ताकि तिमी मलाई भेट्न र मेरो सुन्दरता प्रतिबिम्बित गर्न योग्य बन्न सक्ने छौ ।"**[४१]

मारिबेल र बिएट्रिसले निर्णय लिन्छन् कि उपरोक्त विचार एक भ्रमणको लागि पर्याप्त छ । तपाईंले छिट्टै नै स्वयं पुस्तको ३ को अध्ययनको लागि अगाडि बढ्न र बच्चाहरूको आध्यात्मिक शिक्षाको लागि रुही संस्थाको ६ वर्षको कार्यक्रमलाई आकार दिने केही सिद्धान्तहरूमा चिन्तन गर्ने अवसर मिल्ने छ । यदि, त्यसभन्दा पहिले, बच्चाहरूको कक्षाका शिक्षकको साथ केही माता-पिताहरूसँग मिल्ने अवसर हुन्छ, तब यहाँ दिइएका विचार मद्दतगर्न योग्य हुनेछन्, तपाईंले आफ्नो अध्ययन समूहमा एक एक गरेर प्रत्येक बुँदामा चर्चा गर्नुपर्छ ।

**खण्ड १६**

केही समय पहिले हामीले अब्दुल-बहाका निम्नलिखित शब्दहरू पढेका थियौं: **"मानवको सर्वोच्च आवश्यकता सहयोग र विचारहरूको परस्परमा आदान-प्रदान हो । मानिसहरू मध्ये सहभागीता र एकताको बन्धन जत्ति शक्तिशाली हुन्छ, सबै मानविय कृयाकलापहरूमा**

**रचनात्मक र उपलब्धि उत्ति नै धेरै हुन्छ।"** विश्व न्याय गृहले बताउनु भएको छ कि जब हामीले गृह भ्रमण गर्दछौं अरूहरूलाई आफ्नै घरमा आमन्त्रित गर्दछौं, हामी **"आध्यात्मिक सम्बन्धका बन्धनहरूलाई मजबुत बनाउँछौं जो समुदायको बोधलाई पोषित गर्दछ।"** तब फेरि, हामीले आफ्नौ बढ्दै गइरहेको समुदायको संस्कृतिमा यस चलनको प्रभावलाई कम सम्झनु भने हुँदैन ।

पहिलेका खण्डहरूमा धेरै फरक फरक प्रकारका वार्तालापहरूलाई देखेका छौं, हामीले एक-अर्काको घरमा भ्रमणको क्रममा गर्न सक्छौं । हामी सबै जब जब सेवाको मार्गमा प्रवेश गर्छौं आफ्नो व्यक्तिगत र सामूहिक जीवनमा बहाउल्लाहका शिक्षाहरूलाई अनुप्रयोगको बारेमा आफ्नो गाउँ, शहर वा छिमेकीमा एक विस्तृत वार्तालापमा भाग लिनेछौं । कहिलेकाहीं यी शिक्षाहरूको बारेमा आफ्नो ज्ञानलाई गहिरो बनाउनको लागि बढ्दो संख्यामा मानिसहरू सक्षम बनाउनको लागि आयोजित औपचारिक गृहभ्रमणहरूको एक श्रृङ्खलाको रूपमा अगाडि बढ्ने छ । अन्य धेरै यस्ता अवसरहरूमा प्रशिक्षण प्रतिष्ठानको शैक्षिक कार्यक्रम, त्यसका उद्देश्यहरू र सामग्र, चर्चाको विषय हुन सक्छ । सामुदायिक निर्माण प्रकृयामा संलग्न हुनको लागि निमंत्रणा धेरैभन्दा धेरै छिमेकीहरू र मित्रहरूसम्म पुग्नुपर्दछ । तब फेरि, जब तपाईं भविष्य र तपाईंको अगाडि खुलेको सेवाको मार्गतिर हेरेमा, तपाईं यस इकाईमा प्रश्तुत सामग्रीलाई राम्रोसँग सिक्नलाई हर सम्भव प्रयास गर्नुपर्दछ, प्रत्येक विषयमा वार्तालापको अनुभव प्राप्त गर्नुपर्दछ र निश्चित रूपले बहाउल्लहका शिक्षाहरूलाई आफ्नो ज्ञानलाई गहिराउने कार्यलाई जारी राख्नुपर्छ । यसरी ईश्वरका शब्दहरूलाई अरूहरूसँग साझा गर्नाले कहिले पनि समाप्त नहुने आनन्दा तपाईंले प्राप्त गर्नुहुन्छ ।

## REFERENCES


1. Bahá'u'lláh, *The Hidden Words* (Wilmette: Bahá'í Publishing Trust, 2003, 2012 printing), Arabic no. 4, p. 4.

2. Bahá'u'lláh, in *Bahá'í Prayers*: *A Selection of Prayers Revealed by Bahá'u'lláh, the Báb, and 'Abdu'l-Bahá* (Wilmette: Bahá'í Publishing Trust, 2002, 2017 printing), p. 4.

3. *Gleanings from the Writings of Bahá'u'lláh* (Wilmette: Bahá'í Publishing Trust, 1983, 2017 printing), IV, par. 1, p. 5.

4. Ibid., V, par. 2, pp. 6–7.

5. 'Abdu'l-Bahá, in *Bahá'í Prayers*, p. 81.

6. Ibid., p. 111.

7. Ibid.

8. From a talk given on 16 August 1912, published in *The Promulgation of Universal Peace: Talks Delivered by 'Abdu'l-Bahá during His Visit to the United States and Canada in 1912* (Wilmette: Bahá'í Publishing, 2012), par. 23, p. 364.

9. 'Abdu'l-Bahá, in *Bahá'í Prayers*, p. 130.

10. *Gleanings from the Writings of Bahá'u'lláh*, XLV, par. 1, pp. 111–12.

11. 'Abdu'l-Bahá, cited by Shoghi Effendi, *The World Order of Bahá'u'lláh: Selected Letters* (Wilmette: Bahá'í Publishing Trust, 1991, 2012 printing), p. 139.

12. *Gleanings from the Writings of Bahá'u'lláh*, V, par. 5, p. 8.

13. From a talk given by 'Abdu'l-Bahá on 5 May 1912, published in *The Promulgation of Universal Peace*, par. 4, p. 128.

14. From a talk given on 21 October 1911, published in *Paris Talks: Addresses Given by 'Abdu'l-Bahá in 1911* (Wilmette: Bahá'í Publishing, 2006, 2016 printing), no. 6.7–8, p. 22.

15. *Gleanings from the Writings of Bahá'u'lláh*, CXLVI, par. 1, p. 357.

16. From a talk given by 'Abdu'l-Bahá on 5 May 1912, published in *The Promulgation of Universal Peace*, par. 4, p. 128.

17. *The Hidden Words*, Persian no. 44, p. 37.

18. Ibid., Persian no. 66, p. 45.

19. From a Tablet of 'Abdu'l-Bahá. (authorized translation)

20. From a talk given by ‘Abdu’l-Bahá on 25 September 1912, published in *The Promulgation of Universal Peace*, par. 2, pp. 478–79.

21. *Selections from the Writings of ‘Abdu’l-Bahá* (Wilmette: Bahá’í Publishing, 2010, 2015 printing), no. 43.1, p. 125.

22. Ibid., no. 207.3, p. 360.

23. Bahá’u’lláh, in *Bahá’í Meetings: Extracts from the Writings of Bahá’u’lláh, ‘Abdu’l-Bahá, and Shoghi Effendi*, compiled by the Research Department of the Universal House of Justice (Wilmette: Bahá’í Publishing Trust, 1976, 1980 printing), p. 3.

24. Ibid.

25. *Tablets of Abdul-Baha Abbas* (New York: Bahá’í Publishing Committee, 1916, 1930 printing), vol. 3, p. 631. (authorized translation)

26. Bahá’u’lláh, in *The Kitáb-i-Aqdas: The Most Holy Book* (Wilmette: Bahá’í Publishing Trust, 1993, 2013 printing), par. 57, p. 41.

27. *Selections from the Writings of ‘Abdu’l-Bahá*, no. 48.1, p. 130.

28. From a letter dated 27 August 1989, published in *Messages from the Universal House of Justice, 1986–2001: The Fourth Epoch of the Formative Age* (Wilmette: Bahá’í Publishing Trust, 2010), no. 69.2, pp. 132–33.

29. Ibid., no. 69.9–10, p. 135.

30. *The Hidden Words*, Persian no. 82, p. 51.

31. Ibid., Persian no. 80, p. 51.

32. ‘Abdu’l-Bahá, *The Secret of Divine Civilization* (Wilmette: Bahá’í Publishing, 2007, 2016 printing), par. 46, p. 33.

33. *The Hidden Words*, Persian no. 49, p. 39.

34. Shoghi Effendi, cited in *Bahá’í News*, no. 13 (September 1926), p. 1.

35. From a talk given by ‘Abdu’l-Bahá on 17 November 1912, published in *The Promulgation of Universal Peace*, par. 3, p. 617.

36. From a message dated 21 April 2010, published in *Framework for Action: Selected Messages of the Universal House of Justice and Supplementary Material, 2006–2016* (West Palm Beach: Palabra Publications, 2017), no. 14.16, p. 82.

37. *Gleanings from the Writings of Bahá’u’lláh*, CXXII, par. 1, p. 294.

38. *The Hidden Words*, Persian no. 3, p. 23.

39. *Gleanings from the Writings of Bahá'u'lláh*, CXVIII, par. 1, p. 283.

40. 'Abdu'l-Bahá, cited by Shoghi Effendi, *The Advent of Divine Justice* (Wilmette: Bahá'í Publishing Trust, 2006, 2018 printing), par. 40, p. 39.

41. *The Hidden Words*, Arabic no. 36, p. 12.